नगरसभाको १७ औं अधिवेशनबाट स्वीकृत
आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका


घुस्टे लेक


गलकोट दरबार


गलकोत दरबार

## गलकोट नगरपालिका

गलकोट, बागलुङ, गण्डकी प्रदेश, नेपाल

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

### गण्डकी प्रदेश, नेपाल

## प्रकाशकीय

"कृषि, पर्यटन, जलस्रोत, स्थानीय सीप र पूर्वाधार समृद्ध गलकोट निर्माणको मुल आधार" दीर्घकालीन सोच राखी अघि बढेको गलकोट नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम १७ औ नगरसभाबाट पारित गरेको सर्वविदितै छ।आम नगरबासीलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह मार्फत खुसीको अनुभूति दिलाउनु स्थानीय सरकारको पहिलो काम भएकोले नगरपालिकाको नीति तथा कार्यक्रम पनि सोही दिशातर्फ परिलक्षित गरी तर्जुमा गरिएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा गलकोट नगरपालिकाले उत्पादन वृद्धि एवम् रोजगारी सिर्जनालाई पहिलो प्राथमिकता दिएको छ। दिगो तथा गुणस्तरीय एवम् वातावरणमैत्री पूर्वाधार, गुणस्तरीय शिक्षामा सबैको पहुँच स्थापित, गुणस्तरीय तथा भरपर्दो स्वास्थ्य सेवामा आम नागरिकको पहुँच, कृषि तथा पशुपन्छी एवम् मत्स्य विकास, वातावरण, सरसफाई एवम् हरियाली तथा विपद् व्यवस्थापन, नियमित मर्मत-सम्भार, सहकारी तथा रोजगार प्रवर्द्धन, युवा तथा खेलकुद क्षेत्रमा विकास, सूचना, प्रविधि तथा डिजिटल प्रविधिको प्रयोग, लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरण, करदाता मैत्री राजश्व प्रशासन एवम् नैतिकवान तथा कामप्रति लगनशील कर्मचारी प्रशासन तथा उद्यमशीलता प्रवर्धनजस्ता क्षेत्रहरूलाई नगरपालिकाले उत्तिकै महत्त्वमा राखी आफनो नीति कार्यक्रम तथा बजेट तर्जुमा गरेको छ। यस आ.व.बाट क्षेत्रगत विकासका आयामहरूलाई सन्तुलित गर्दै जाने अभिप्रायले नगरपालिकाले सबै वडाहरूलाई सुत्रमा आधार मानेर बजेट सिलिंगसहित बजेट विनियोजन गरेको छ जसबाट हरेक वडाहरू सन्तुलित हिसाबले क्षेत्रगत विकास हुने र संघीयताको व्यवहारिक कार्यान्वयन हुने समेत अपेक्षा राखिएको छ।

विगत वर्षहरूबाट सुरू भई कार्यान्वयन हुँदै आएका नगर गौरवका आयोजनाहरूलाई संघ, प्रदेश एवम् स्थानीयस्तरबाट समेत स्रोतको व्यवस्थापन तथा साझेदारी गरी यस वर्ष पनि निरन्तरता दिइएको छ। सबै क्षेत्रगत कार्यक्रमहरु समावेश गरी **वार्षिक बजेट नीति तथा कार्यक्रम पुस्तिका आर्थिक वर्ष २०८२/०८३** तयार गरिएको छ। यस पुस्तिकामा समावेश भएका नीति तथा योजनाको व्यवहारिक कार्यान्वयनबाट मात्र नगरपालिकाले सोचेको दीर्घकालिन विकासको लक्ष्यले सार्थकता पाउने हुँदा नीति तथा कार्यक्रम कार्यान्वयनमा आम नगरबासीहरूको सकारात्मक, रचनात्मक तथा सिर्जनशील सुझाव तथा सहयोग एवम् सक्रिय सहभागिताको समेत अपेक्षा राखिएको छ।

अन्त्यमा, समग्र योजना तथा कार्यक्रम एवम् यो पुस्तिका तयार गर्न नगरपालिकालाई महत्त्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक नेतृत्त्व, नगरसभा सदस्य, क्षेत्रगत विज्ञ, कर्मचारी, सञ्चार जगत, आम नगरवासी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार प्रकट गर्दछौं।



नेपालको संवैधानिक व्यवस्था बमोजिम संघीयता कार्यान्वयन पछिको स्थानीय सरकार गठन भई आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्दै आईरहेको छ । स्थानीय तहको दोस्रो निर्वाचन पछि गलकोट नगरपालिकाको नगरसभाको १७ औ अधिवेशन मार्फत आ.व.०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ । गलकोट नगरपालिकाले पारित गरेका नीति, योजना, कार्यक्रम र बजेटको कार्यान्वयनमा सम्पुर्ण नगरवासीको सहभागीता र सहकार्यको अपेक्षा नगरपालिकाले गरेको छ । नगरपालिकाको स्वीकृत कार्यक्रम र बजेट तथा अन्य विषयको वारेमा जानकारी गराउने उद्धेश्यको साथ आगामी आर्थिक वर्ष ०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरिएको छ ।

आर्थिक वर्ष ०८२/०८३ को कार्यक्रम तथा बजेटले गलकोट नगरपलिकालाइ आधारभूत शिक्षा र स्वास्थ्य सेवाको प्रभावकारीता बृद्धि, कृषि क्षेत्रको रुपान्तरण , पुर्वाधार क्षेत्रमा सुधार, सामाजिक संरक्षण र समावेशीकरणमा तथा समग्र पक्षमा सुधार गर्ने कुरामा जोड दिएको छ ।यस नीति तथा कार्यक्रमले सरकारको दिगो विकासको लक्ष्य प्राप्त गर्नमा समेत सहयोग पुग्ने कुरामा मैले विस्वास लिएको छु । प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम समावेशी, समतामुलक, सर्वमान्य सिद्धान्तलाइ आत्मसात गर्दै सहमति र सहकार्यमा तय गरिएको छ ।यस नीति कार्यक्रम र बजेट तयार गर्ने क्रममा सरोकारवालाहरु वीचको अन्तरक्रिया र छलफलबाट प्राप्त सुझावहरु लाइ समेत आधार बनाइएको छ ।

नीति तथा कार्यक्रमको आधारमा विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा स्थानीय नागरिकहरुको उत्साहजनक सहभागिता, स्थानीय स्रोत साधनको परिचालन मार्फत अधिकतम लाभ प्राप्त हुने कुरामा मैले विस्वास लिएको छु । नीति कार्यक्रम र बजेट बनाउन सहयोग गर्ने सबैलाइ धन्यबाद सहित यो पुस्तक तयार गर्न महत्वपुर्ण योगदान दिनुहुने सबैप्रति हार्दिक धन्यबाद दिदै कार्यक्रम कार्यान्वनको पुर्ण सफलताको शुभकामना समेत व्यक्त गर्दछु

**भरत शर्मा**
**नगर प्रमुख**

## मन्तव्य



वर्तमान नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका सरकार गठन भई आ आफ्ना अधिकार क्षेत्रभित्रका कार्य गरिरहेका छन । स्थानीय तहको दोस्रो निर्वाचन पश्चात नगरसभाको १७ औं अधिवेशनमा दोस्रो नीति, कार्यक्रम स्वीकृत भई त्यसको आधारमा नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को बजेट समेत स्वीकृत भएको छ । स्वीकृत नीति तथा कार्यक्रम र बजेट आम नगरबासीको माझमा पुर्‍याई जानकारी गराउने तथा सूचनाको हकको प्रत्याभुति गराउने उद्धेश्यका साथ नगरपलिकाले ०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका प्रकाशन गरेको छ । प्रस्तुत पुस्तकले आम नगरबासीहरुमा नगरपालिकाको बारेमा जानकारी गराउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

गलकोट नगरपालिका ऐतिहासिक दृष्टिले महत्वपुर्ण र सामाजिक सांस्कृतिक रुपले विविधतापुर्ण रुपमा रहेको नगरपालिका हो । यहांको कृषि क्षेत्रको विकास ,पर्यटन प्रवर्द्धन, सामाजिक सांस्कृतिक रुपान्तरण र पुर्वाधार विकासमा नगरपालिका अगाडी बढीरहेको छ । प्रस्तुत नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा सहभागितामुलक तरिकाबाट सम्बन्धित सरोकारवालाहरु वीचको छलफलबाट आएका सुझावहरुलाई नीति तथा कार्यक्रममा समेत्ने प्रयास गरिएको छ । यस नीति तथा कार्यक्रम र बजेटले आम नागरिकका विकासको अधिकतम चाहना पुरा गर्न नसके पनि सामाजिक न्याय, समानता र समावेशीकरण जस्ता मान्यतालाई आत्मसात गर्दै विकासको समग्र उद्धेश्य परिपुर्ति गर्ने प्रयत्न गरिएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनमा व्यापक जनसहभागिता सहित स्थानीय स्रोत र साधनको प्रयोगमा बृद्धि गर्ने उद्धेश्य राखेको छ ।नीति तथा कार्यक्रममा कारणबस छुट हुन गएका नागरिकका चाहनाहरुलाई क्रमश सम्बोधन गर्दै जाने कुरा जानकारी गराउदै सकारात्मक सुझाव तथा सहयोगको अपेक्षा नगरपालिकाले गरेको छ ।अन्त्यमा पुस्तक तयार गरी प्रकाशन गर्न सघाउ पुर्याउनुहुने नगरपालिकाका कर्माचारीहरु, विषयगत शाखाका विज्ञ लगायत सबैलाइ धन्यबाद दिदै बजेटको पुर्ण रुपमा कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**फमलाल निउरे**
**नगर उप प्रमुख**

# विषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | गलकोट नगरपालिकाको संक्षिप्त चिनारी | १ |
| २ | वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष ०८२/०८३ | ७ |
| ३ | आर्थिक वर्ष ०८२/०८३ को बजेट वक्तव्य | १८ |
| ४ | राजस्व तथा अनुदान प्राप्तिको अनुमान | २९ |
| ५ | कार्यक्रम तथा परियोजना अनुसारको बजेट विवरण | ३२ |
| ६ | राजस्व परामर्श समितिको प्रतिवेदन–२०८२ | ७४ |
| ७ | न्यायिक समितिको प्रतिवेदन-२०८२ | ८० |
| ८ | लेखा समितिको प्रतिवेदन-२०८२ | ८३ |
| ९ | सुशासन समितिको प्रतिवेदन–२०८२ | ८६ |
| १० | विद्यालय समितिको प्रतिवेदन–२०८२ | ९१ |
| ११ | नगरपालिकाद्धारा आर्थिक वर्ष २०८२/०८३ को लागि निर्धारणा गरेको करका दरहरू | ९४ |
| १२ | गलकोट नगरपिलकाका जनप्रतिनिधिहरूको विवरण | १२८ |
| १३ | गलकोट नगरपिलकामा कार्यरत कर्मचारीहरूको विवरणा | १३१ |
| १४ | गलकोट नगरपालिका अन्तर्गत कार्यरत वडा सचिव र कर्मचारीहरूको विवरणा | १३२ |
| १५ | गलकोट नगरपालिकामा रहेका स्वास्थ्य संस्था र संस्था प्रमुखहरूको विवरण | १३३ |
| १६ | | |

# गलकोट नगरपालिकाको संक्षिप्त चिनारी

गलकोट नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, धरातलीय अवस्था, प्राकृतिक सम्पदा, साँस्कृतिक उत्कृष्टता, विकासका सम्भावनाहरु र मानव विकास सूचकाङ्कजस्ता विषय समावेश गरी संक्षिप्त परिचयलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

## भौगोलिक अवस्थिति

भौगोगिक अवस्थितिका हिसाबले गलकोट नगरपालिका २८ डिग्री ९ मिनेट ४६ सेकेण्ड देखि २८ डिग्री २० मिनेट १९ सेकेण्ड उत्तरी अक्षांश र ८३ डिग्री १७ मिनेट २ सेकेण्ड देखि ८३ डिग्री ३० मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । नगरपालिकाको पूर्वमा काठेखोला गाउँपालिका तथा जैमनी नगरपालिका, पश्चिममा वडीगाड गाउँपालिका, उत्तरमा ताराखोला गाउँपालिका र दक्षिणमा बरेङ्ग गाउँपालिकासहित गुल्मी जिल्लाको मुसिकोट नगरपालिका तथा चन्द्रकोट गाउँपालिका अवस्थित रहेको छ । नगरपालिकाको हालको केन्द्रदेखि जिल्ला सदरमुकाम बाग्लुङ्क बजारसम्म ५१ किमि, गण्डकी प्रदेशका राजधानी पोखरासम्म १२३ किमि र पाँच नम्बर प्रदेशको अस्थाई राजधानी बुटवल सम्म १४१.८ किमि सडक दुरीरहेको यस क्षेत्र मध्य पहाडी लोकमार्गसँग आवद्ध रहेको छ । यस नगरपालिकाले सामुन्द्रिक सतह देखि ७६१ मिटर उचाईको वडा नं. ११ को दरमखोला तटिय क्षेत्र देखि ३१६७.७८ मिटरको बाग्लुङ्क जिल्लाकै अग्लो पहाड घुम्टे धुरीसम्मको उचाईलाई समेटेको छ ।

## ऐतिहासिक चिनारी तथा नामाकरण

नेपालको इतिहासमा चौविसे राज्यअन्तरगत रहेको गलकोट राज्य भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक विशिष्टता बोकेको क्षेत्र हो । पन्धौं शताब्दीसम्म हालको गलकोट क्षेत्र समेत रहेको निसेल भुजेल भनिने ४००० पर्वत इलाकामा निसी भुजी क्षेत्रका आदिवासी निसेल भुजेलको शासन रहेको मानिन्छ । (योगी नरहरिनाथको पुस्तक ूइतिहास प्रकाशुमा उल्लेख भएअनुसार पर्वतका अन्तिम राजा किर्तिबम मल्लको समयको एउटा दस्तवेजमा "भुज्यालको सिता" भन्ने शब्दले उहिले भुजेल राजालाई दिने उपहार भन्ने जनाउँछ)। इतिहासकारहरुले यस क्षेत्रलाई सोह्रौं शताब्दी पूर्व मगर शासन रहेको मगराँत क्षेत्रका रुपमा पनि उल्लेख गरेको देखिन्छ । वि.सं. १४२९ मा जुम्लामा मलेबम राजा भए र उनका जेठा छोरा मदिनीले कर्णाली पूर्वको रुकुम क्षेत्र आफ्ना माइला भाई पिताम्बरलाई प्रदान गरी रुकुम राज्यका राजा बनाएका थिए । पिताम्बरका जेठा छोरा जैतुबमले रुकुममा राम्रो बन्दोवस्त मिलाई शासन गरेका कारण रुकुम पूर्वका जनताको पनि त्यसप्रकारको शासन शैलीप्रति मोह बढेर गएकोले निसेल भुजेलका अगुवाहरुले रुकुमको राजधानी गोथामबाट जैतुबमका माइला राजकुमार आनन्बलाई ल्याई ४००० पर्वतको राजा बनाएको कुरा इतिहासकारहरुले उल्लेख गरेका छन् । आनम्बका नाति डिम्ब बमले वि.सं. १५४५ मा ४००० पर्वतको राज्यलाई विस्तार गरी १४००० पर्वत बनाएका थिए । पर्वत राज्यका पाँचौं राजा प्रतापी नारायण मल्लले वि.सं. १६३१ मा आफ्ना जेठा छोरा जितारी मल्ललाई अंश स्वरुप गलकोट राज्य दिए पछि गलकोट राज्यको स्थापना भएको थियो । राज्य स्थापनाको शुरुवातमा हालको पुरानो कोट रहेको स्थलमा राजधानी वा प्रशासनिक केन्द्रका रुपमा स्थापना गरिएता पनि सामरिक रुपले बढी सुरक्षित रहेको चारै तिर भिरालो रहेको गोलो डाँडामा सोही वर्ष नै किल्ला

(कोट) र दरवार बनाई शासन सञ्चालनको शुरुवात गरेका थिए । गोलो डाँडामाथीको कोटलाई गोलोकोट भन्न थालियो । यहि गोलोकोट शब्दबाट गोलकोट हुँदै गलकोट हुन गएको भनाई यस क्षेत्रको अध्ययन गरेका अध्येताहरुको रहेको छ । चौविसे राज्यअन्तरगतको गलकोट राज्यको सीमा पूर्वमा काठेखोला र भिमपोखरा, पश्चिममा खर्वाङ्गको साउने खोला उत्तरमा रुम र दक्षिणमा सुखौरा सल्यान सहित थप्लुङ्गफाँट र विनामारे ठेउले खोला रहेको थियो । इतिहासकार कर्नेल कर्कपेट्रिकले सन् १७९३ मा स्थलगत अध्ययनका आधारमा तयार गरेको *An Account of the Kingdom of Nepaul* नामको पुस्तकमा गलकोट राज्यमा स्मरणयोग्य किल्ला तथा शहरका साथै तामाखानी रहेको कुरालाई उल्लेख गरेका छन् । अर्का विदेशी अध्येता हेमिल्टनले सन् १८०२ मा आफ्नो अध्ययनका आधारमा लेखेको पुस्तक *An Account of the Kingdom of Nepal* मा गलकोट क्षेत्रको तत्कालिन आर्थिक, सामाजिक र प्राकृतिक अवस्थाको चित्रण गरेको देखिन्छ । गलकोट सानो राज्य भएता पनि अत्यधिक उत्पादनशिल तीन वटा तामाखानी र एउटा फलामखानी रहेको क्षेत्रका रुपमा उनले प्रस्तुत गरेका छन् । उपत्यका भन्दा ठण्डा हावापानी भएको यो क्षेत्र आर्थिक रुपमा सबल र अत्यन्त उर्वरशिल भूमि रहनुका साथै वार्षिक रु. ३५०० राजश्व उठने गरेको उल्लेख छ । यस पुस्तकमा गलकोट राज्यमा कुल ३००० घरधुरी मध्ये आधा घरधुरी खेतीपाती तथा व्यापार गर्ने तत्कालिन कथित तल्लो जाति (ियध त्चष्दभक) (दलित तथा जनजातिलाई इंगित गरिएको), एक चौथाइ घरधुरी क्षेत्री र बाँकी एक चौथाइ ठकुरी तथा ब्राम्हणको घरधुरी संख्या रहेको उल्लेख छ । हेमिल्टनको यस पुस्तकमा तत्कालिन अवस्थामा करिब ५०० घर खरको छानो भएका थिए भन्ने कुरा समेत उल्लेख गरिएको छ । सरदार भीम बहादुर पाँडेको पुस्तक "त्यस बखतको नेपाल भाग १ र २" मा यस्ता खानी वि.सं. १९७७ साल सम्म सञ्चालनमा रहको र यस क्षेत्र (वाग्लुङ्ग जिल्ला) मा उत्खनन गरिएको तामाबाट राणाकालमा तामाका सिक्का तथा बन्दुकको केप तयार हुने गरेको उल्लेख छ । यो क्षेत्र झोलुङ्गे पुल तथा बुट्टे नलीका लागि समेत प्रसिद्ध मानिएको छ ।

नेपाल एकिकरणका क्रममा बहादुर शाह नेतृत्वको गोर्खाली सेनाको फौजले वि.सं. १७४४ जेठको अन्तिम साता विना रक्तपात तत्कालिन राजा जगत बम मल्ललाई पराजित गरी गलकोट राज्यलाई हालको नेपाल राज्यमा समाहित गरिएको थियो । राजा जगत बम मल्लकै सन्तानलेवडा नं. ५ को हरिचौरमा वि.सं. १९८० को दशकमा निर्माण गरेको गलकोट दरवार हालसम्म यथावत रहेको छ ।

## राजनितिक अवस्थिती

गलकोट नगरपालिका गण्डकी प्रदेश अन्तरगत बाग्लुङ्ग जिल्लाका कूल १० स्थानीय तह मध्ये एक हो । वि.सं. २०७३ साल फागुन २३ गते स्थानीय तह पुनर्संरचनाका क्रममा साविक दुधिलाभाटी, नरेठाँटी, हटिया, हरिचौर, मल्म, काँडेवास, पाण्डवखानी र रिघा गाविस समावेश गरी गलकोट नगरपाकिाको स्थापना गरिएको हो । प्रतिनिधि सभा सदस्यका लागि तय गरिएका बाग्लुङ्ग जिल्लाका २ वटा निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा सदस्यका लागि निर्वाचन क्षेत्र २ (क) अन्तरगत रहेको छ । कूल ११ वटा वडा रहेको यस नगरपालिकामा साविक गाविसका वडाअनुसार हाल कायम रहेका वडाको वडागत क्षेत्रफलसम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका १: नगरपालिकाको वडा तथा क्षेत्रफल

| वडा नं. | साविक गाविसको वडा न | क्षेत्रफल (वकिमि) | प्रतिशत |
|---|---|---|---|
| १ | दुदिलाभाटी गाविस वडा नं. १ देखि ९ सम्म | २२.८८ | ११.७७ |
| २ | नरेठाँटी गाविस वडा नं. १ देखि ९ सम्म | ८.४९ | ४.३७ |
| ३ | हटिया गाविस वडा नं. १ देखि ५ सम्म | १३.५१ | ६.९५ |
| ४ | हटिया गाविस वडा नं. ६ देखि ९ सम्म | १२.७ | ६.५३ |
| ५ | हरिचौर गाविस वडा नं. २, ४, ५, ६ र ७ | १७.८८ | ९.२० |
| ६ | हरिचौर गाविस वडा नं. १, ३, ८ र ९ | ९.१९ | ४.७३ |
| ७ | मल्म गाविस वडा नं. ६ देखि ९ सम्म | ९.२२ | ४.७४ |
| ८ | काँडेवास गाविस वडा नं. १ देखि ९ सम्म | १४.१७ | ७.२९ |
| ९ | मल्म गाविस वडा नं. १ देखि ५ सम्म | १०.४७ | ५.३९ |
| १० | पाण्डवखानी गाविस वडा नं. १ देखि ९ सम्म | ५७.५८ | २९.६२ |
| ११ | रिघा गाविस वडा नं. १ देखि ९ सम्म | १८.३ | ९.४१ |
| जम्मा | | १९४.३९ | १०० |

श्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६

### धरातलीय अवस्था

समुन्द्री सतहदेखि ७६१ मिटरको वडा नं. ११ को दरम खोलाको तटिय क्षेत्र देखि ३१६७.७८ मिटरकोउचाईमा रहेको जिल्लाकै अग्लो पहाड घुम्टे धुरी सम्मको क्षेत्रलाई समेटेको छ । यस क्षेत्रको करिव ५५ प्रतिशत भूभाग समुद्री सतहको १५०० मिटर देखि २५०० मिटरको उचाईमा, करिव ३५ प्रतिशत भूभाग १००० मिटर देखि १५०० मिटरको उचाईमा, करिव ७ प्रतिशत २५०० मिटर देखि ३५०० मिटरको उचाईमा र करिव ३ प्रतिशत ७६१ मिटर देखि १००० मिटरको उचाईमा रहेको देखिन्छ । वेसी तथा नदि तटिय क्षेत्रमा समथर फाँट तथा माथिल्लो क्षेत्रमा अत्याधिक रुपमा आंशिक भिरालो र केहि स्थानमा उपयोग बिहिन भिरालो जमिन तथा चट्टान रहेको छ ।

### प्राकृतिक सम्पदा तथा हावापानी

गलकोट क्षेत्र प्राकृतिक सम्पदाका रुपमावनजंगल, बाह्रै महिना बहने नदिनाला, खानी तथा खनिज र नदि तटिय क्षेत्रमा समथर तथा उर्वर जमिनको व्यापकता रहेको क्षेत्रका रुपमा परिचित छ । दरम खोला, गौंदी खोला, दाग्दी खोला र साउने खोला गरी कूल ५० वटा बाह्रै महिना बहने खोला, ११ वटा झरना तथा २०५ वटा पोखरी रहेका छन् । नगरपालिका क्षेत्र भित्र तामा, फलाम, स्लेट ढुङ्गा तथा शिसा खानी गरी कूल १७ वटा खानी रहेका छन् । तथापि, धातुजन्य खानीको उत्खनन विगत देखि नै बन्द रहेको छ । कूल क्षेत्रफलको करिब ६८ प्रतिशतवनजंगल

रहेको यस क्षेत्रमा २७.७ प्रतिशत क्षेत्रमा खेती गरिएको देखिन्छ । यस क्षेत्रको भूउपयोगको अवस्था सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका २ : भूउपयोगको अवस्था

| क्र.सं | भूउपयोगको प्रकार | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ७०.३२ | ३६.११ |
| २ | आवासीय तथा व्यवसायिक क्षेत्र | ५.८४ | ३.०२ |
| ३ | वन क्षेत्र | ९३.८१ | ४८.२६ |
| ४ | सार्वजनिक उपयोगको क्षेत्र | २.६४ | १.४१ |
| ५ | अन्य क्षेत्र | २१.७८ | ११.२ |
| | | १९४.३९ | १००.० |

श्रोत : भू-श्रोत नक्शांकन परियोजना, नापी विभाग, १९९६

उष्ण, समशितोष्ण, ठण्डा शितोष्ण र लेकाली ठण्डा हावापानी रहेको यस क्षेत्रमा बार्षिक रुपमा सरदर २२०० मिलि लिटर वर्षा हुने गर्दछ । गर्मी याममा होचो क्षेत्रमा ३२ डिग्रीसम्म पुग्ने तापक्रम जाडोमा उच्च स्थलहरुमा ऋृणात्मक समेत हुने गर्दछ । गर्मी समयमा खडेरी, माहामारी, असिना, आगलागी, हावाहुरी र बाढी तथा पहिरो जस्ता प्रकोपबाट धनजनको क्षती हुने गर्दछ भने जाडो याममा हिमपात, तुसारो तथा चिसो हावाको प्रवाहले जनजीवनलाई प्रभावित गर्ने गरेको देखिन्छ ।

## सांस्कृतिक उत्कृष्टता

हिन्दु धर्मालम्बीको वाहुल्यता तथा बौद्ध धर्मालम्बीसहितको मिश्रित बसोवास रहेको यस क्षेत्रमा हिन्दु तथा जनजाति संस्कृति बीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ । चाडपर्वका सन्दर्भमा मुख्यतया दशैं, तिहार, माघे सक्रान्ती, शिवरात्री, श्री कृष्ण जन्माष्टमी, बैशाखे पुर्णिमा, हरेलो र होली मनाउने गरिन्छ । भाषिक रुपमा नेपाली भाषा नै बोलिचालीको भाषाका रुपमा प्रचलनमा रहेको छ ।परम्परागत रुपमा खस आर्य तथा दलित समुदायका पुरुषहरुमा दौरा सुरवाल, कोट र टोपी तथा महिलामा सारी वा गुन्यु, चोलो र पटुका लगाउने प्रचालन रहेको छ । मगर, गुरुङ्ग तथा थकाली समुदायमा आआफ्नै मौलिक भेषभुषा, खानपान र चालचलन रहेको छ । तथापि, आधुनिक भेषभुषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको देखिन्छ ।

## वस्तीको विवरण

गलकोट नगरपालिका भित्र कूल १५२ वटा वस्ती रहेका छन् । वडागत रुपमा हेर्दा वडा नं. २ मा सबैभन्दा उच्च संख्यामा १५ वटा वस्तीको वर्गिकरण गरिएको छ । सबैभन्दा न्यून संख्यामा वडा नं. ६ मा ४ वटा वस्तीमा मात्र वर्गिकण गरिएको छ । वडागतरुपमा वस्तीको नाम र संख्यासम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ३: वस्तीको वडागत विवरण

| वडा नं. | बस्ती संख्या | बस्तीको नाम |
|---|---|---|
| १ | १६ | दुदिलाभाटी, थलिङ्ग, गौदी, भण्डारवन, भैसे, टोड्के, ज्यामिरे, चौराहा, झाँक्रिस्थान, काफलठुटा, शिरबारे, पातले खोला, कटौजे, मैटेदास, चाउके, भडखानी |
| २ | २५ | पैयुडाँडा, मेलकोट, चिनामाली, नरेठाँटी, जसपुर, बाख्रे, ठान, कैराबारी, बजिनी, भुङखानी, थुम्का, आरुखर्क, देविथान, घामपानी, मसार, बयली, राम्चे, घसघसा, छबिसे, रगेनी, तोरीखोला, डाँडागाउँ, छाप, फापरखेत, लामखोरिया |
| ३ | ६ | लमाई, बोहोराफाँट, हटिया, खसगाउँ, स्याहाँला, धुस्तुङ्ग/पिडाल्न |
| ४ | ७ | चमुवा, भरीखर्क, खरुवा, पाखापानी, नुवाकोट, ओखरबोट, डाँडाखेत |
| ५ | १४ | सर्दाखेत, कौलेनी, जामुनबोट, ईनचौर, टेउवा, थापाटोल, सिमलबोट, हिस्लाङ, हरिचौर, भैसे, गिठीचौर, दाङसिङडाँडा, बउनाचौर, लामपाटा |
| ६ | ४ | जामुने–मझुवा नेपाने–कायस, भुजुङ्गे, ठूलाथर |
| ७ | १६ | बामिया, आँगाखेत, सिरवारे, उपल्लो सिरवारे, मल्म डाँडा, साहानी डाँडा, खोलापारी, म्याले, गैराखर्क, कोलफलाटे, भल्साह, खाली अर्वेदी, टोकरी, झिर्का, आरनटोल, दलित वस्ती |
| ८ | १२ | काँडेबास, चालिसेटोला, पचुवा, कुडार, ज्यामिरे, चौबासे, थालेपोखरा, बिरकोट, काँडेबास बजार, बतासे फुलबारी, उचका, दाङसिङ |
| ९ | १८ | छिस गाउँ, छिस बदमपाटा, छिस दरवार, नौले, रिसमी गाउँ, बाटुले, फाँट, बाँङ्गे सल्ला, बढा गाउँ, गल्याङ्ग, टिमुरबोट, बर्खेनी, गोढखाला फापरखेत, तारका, उपल्लो बाँसखोला, बाँसखोला कालिका टोल, बाँसखोला बजार, मसुरवारी बाँसखोला |
| १० | १४ | पाण्डवखानी, सोरमने, फुर्से, सुनपानी, गैराभाटी, बगर, बाईगाउँ, काप्रे, ज्याथर, ढुङ्गिल, रमुवा, उपल्लो फुर्से, लेङगुर, न्यापाटा |
| ११ | २० | ठूलाचौर, पञ्चौली, राङखानी, छिचिम्रा, गब्देघार, सानो रिघा, मनेवा पाटा, किम्ले, खेराडी, फँडी, अमर्छा, काउछे, झारसाँधी, छिस, मजुवा, साउने खोला, किटेनी, चित्रेगुफा, गोठलाङ, किम्ले फलाँटे |
| जम्मा | १५२ | |

श्रोत: सहभागितमुलक छलफल, २०७६

## जनसंख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल घरधुरी संख्या ७७१५ रहेको छ भने जनसंख्या ३०५८८ रहेको छ । त्यसैगरी औषत परिवारको आकार र लैङ्गिक अनुपात राष्ट्रिय जनगणनाअनुसार क्रमशः ३.९७ र ८८.८५ रहेको छ । घरपरिवार सर्भेक्षण २०७६ अनुसार कूल घरपरिवार संख्या ६८६३ र जनसंख्या ३९२७७ रहेको छ । नगरपालिकाको सबै भन्दा अधिक जनसंख्या वडा नं. ३ मा ४३७५ रहेको छ भने सबैभन्दा न्यून वडा नं. ९ मा १९८५ रहेको देखिन्छ । त्यसैगरी, औषत घरपरिवार आकार र लैगिक अनुपात क्रमशः ३.९७ र ८८.८५ रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४ : जनसंख्या वितरणको अवस्था**

| वडा न | जनगणना २०७८ अनुसार | | | | | | घरपरिवार सर्भेक्षण २०७६ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | औसत घर परिवारको आकार | लैंगिक अनुपात | घरपरिवार | जनसंख्या | | | औसत घरपरिवारको आकार | लैगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | | |
| १ | ८९९ | ३५८० | १६६६ | १९१४ | ३.९८ | ८७.०४ | ८५३ | ४५५४ | २२८० | २२७४ | ५.३४ | १००.२६ |
| २ | ७०१ | २८२३ | १३०१ | १५२२ | ४.०३ | ८५.४८ | ६३७ | ३५७४ | १८१० | १७६४ | ५.६१ | १०२.६१ |
| ३ | ११३८ | ४३७५ | २०८१ | २२९४ | ३.८४ | ९०.७१ | ८७३ | ५०२५ | २५६० | २४६५ | ५.७४ | १०३.८५ |
| ४ | ५८३ | २३४९ | १०७४ | १२७५ | ४.०३ | ८४.२३ | ५३५ | ३२८७ | १७०० | १५८७ | ६.१४ | १०७.१२ |
| ५ | ७१७ | २८१९ | १३२२ | १४९७ | ३.९३ | ८८.३१ | ६५४ | ३५२७ | १७८७ | १७४० | ५.३९ | १०२.७० |
| ६ | ६६६ | २६४७ | १२६५ | १३८२ | ३.९७ | ९१.५३ | ५४८ | २९९९ | १५४१ | १४५८ | ५.४७ | १०५.६९ |
| ७ | ५२७ | २०८७ | १०१४ | १०७३ | ३.९६ | ९४.५० | ४५९ | २६८३ | १३८२ | १३०१ | ५.८५ | १०६.२३ |
| ८ | ५११ | २०३९ | ९९० | १०४९ | ३.९९ | ९४.३७ | ४४३ | २७५६ | १४४१ | १३१५ | ६.२२ | १०९.५८ |
| ९ | ५०२ | १९८५ | ९३९ | १०४६ | ३.९५ | ८९.७७ | ४३२ | २४३१ | १२७७ | ११५४ | ५.६३ | ११०.६६ |
| १० | ६०५ | २३५२ | १०७६ | १२७६ | ३.८९ | ८४.३३ | ५६२ | ३४९३ | १७२४ | १७६९ | ६.२२ | ९७.४६ |
| ११ | ८६६ | ३५३२ | १६४४ | १८८८ | ४.०८ | ८७.०८ | ८६४ | ४९४८ | २४९५ | २४५३ | ५.७३ | १०१.७१ |
| जम्मा | ७७१५ | ३०५८८ | १३३७२ | १८८२४ | ३.९७ | ८८.८५ | ६८६३ | ३९२७७ | १९९९७ | १९२८० | ५.७६ | १०४.३५ |

**श्रोतः राष्ट्रिय जनगणना, २०७८ तथा घरपरिवार सर्भेक्षण, २०७६**

# गलकोट नगरपालिका
# नगर प्रमुख भरत शर्माद्वारा नगरसभाको १७ औं अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम
## आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम

**यस गरिमामय नगर सभामा उपस्थित नगर उप प्रमुख ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू ,**
**नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित राष्ट्रसेवक कर्मचारीहरु र सञ्चारकर्मीज्यूहरु**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानुन बमोजिम गर्ने संवैधानिक व्यवस्था अनुरूप स्थानीय सरकारको रूपमा यस गलकोट नगरपालिकाको नगरसभाको गरिमामय यस १७ औँ अधिवेशनमा आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवान्वित र उत्साहित छु ।

२. यस अवसरमा म सर्वप्रथम, देश र जनताको हितलाई सर्वोपरि मानी विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन, राजनीतिक क्रान्ति र सशस्त्र संघर्षमा आफ्नो अमूल्य जीवन बलिदान गर्ने सबै ज्ञात अज्ञात श्रद्धेय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते, बेपत्ता र द्वन्द पीडित नागरिकलाई उच्च सम्मान व्यक्त गर्दछु ।

३. स्थानीय सरकारको लगानीलाई उत्पादनमूलक कार्यमा लगाई रोजगारी सिर्जना गर्नु र बढ्दो बसाइसराइलाई नियन्त्रण गर्नु हाम्रो लागि चुनौतीको विषय छ । यसलाई केन्द्रमा राखी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा, हाम्रो दीर्घकालीन सोच, नेपाल सरकारको १६ औँ पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य समेतलाई दृष्टिगत गरी आगामी आ.व. २०८२/८३ को नीति र कार्यक्रम तय गरिएको छ ।

४. उत्पादन, उत्पादकत्व वृद्धि, मानव पूँजी निर्माण, उद्यमशीलता विकास, दिगो विकास, विपद् व्यवस्थापन, सुशासन जस्ता विषयहरूमा हाम्रा कार्यक्रमहरू केन्द्रित हुनेछन् । यसका निम्ती राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य र हाम्रो प्रथम आवधिक योजनाले मार्गदर्शनका रूपमा रहेका छन् ।

५. आगामी आ.व. २०८२/०८३ को नीति, कार्यक्रम र बजेट तर्जुमाको शिलशिलामा औपचारिक रूपमा विभिन्न पक्षहरूसँग सघन रूपमा प्रत्यक्ष अन्तरक्रिया गरी राय सुझाव लिइनुका साथै सामाजिक सञ्जाल, फोन सम्पर्क, इमेल आदि माध्यमबाट विभिन्न पेशा व्यवसायमा संलग्न स्वदेश एवम् विदेशमा रहनु हुने विकासप्रेमी सम्पूर्ण गलकोटवासी महानुभावहरुबाट राय सुझाव माग गरेका थियौँ, यसरी राय सुझाव दिनुहुने सम्पूर्ण महानुभाव प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । सो अनुरूप प्राप्त राय सुझावहरूलाई यथाशक्य समेट्ने प्रयास गरेका छौं ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**आर्थिक विकास**

**कृषि तथा बागवानी**

६. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनहरूको तुलनात्मक लाभका क्षेत्रमा समुचित उपयोग गर्दै स्थानीय स्तरमा रोजगारी वृद्धि गर्न स्थानीय अर्थतन्त्रलाई सबल, गतिशील र समृद्ध बनाउनु स्थानीय सरकारको दायित्व हो । गलकोट नगरपालिकाको स्थानीय अर्थतन्त्रको प्रमुख श्रोतहरूमध्ये मुख्यतः कृषि रहेकोमा उक्त क्षेत्रमा आधुनिकीकरण गर्दै लघु उद्योग, घरेलु उद्योग, पर्यटन तथा व्यापार क्षेत्रलाई प्रवर्द्धन गर्दै नगरलाई कृषिमा आत्मनिर्भर बनाइनेछ ।

७. कृषि सँग सम्बन्धित समस्या र गुनासो समाधानको लागि "कृषक सँग कृषि प्राविधिक" कार्यक्रम वडा स्तरमा सञ्चालन गरिनेछ ।

८. आवधिक योजनाले परिलक्षित गरेको सोच "कृषिमा आधुनिकीकरण सहितको व्यावसायीकरण, खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति" सहितको उद्देश्यमा दिगो र व्यावसायिक विस्तार द्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जन उन्मुख गराउने हाम्रो लक्ष्य रहेको छ । कृषिमा विविधीकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रूपमा विकास गरिनेछ र सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

९. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न माटो परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । माटोको अम्लीय तथा क्षारियपन पहिचान तथा उपचार गरी सोही अनुरूपका बाली उत्पादनमा जोड दिइनेछ । कृषिजन्य माटोको अवस्था सुधार गर्नका लागी प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गरिनेछ ।

१०. "उत्पादन कृषकको, प्रोत्साहन नगरको" कार्यक्रम अन्तर्गत व्यावसायिक कृषि, मौरीपालन व्यवसाय, उद्योग सञ्चालन गरेका व्यवसायी , उत्पादन दायरा, परिमाण, क्षेत्रफल लगायतमा आधारित मापदण्ड बमोजिम मूल्याङ्कन गरी उत्पादनमा आधारित प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

११. भौगोलिक अवस्था र सिँचाइको उपलब्धता समेतको आधारमा फलफूल तथा मसलाबाली जस्ता तुलनात्मक लाभका वस्तुहरू उत्पादनहरुको लागि पकेट क्षेत्रको अवधारणालाई निरन्तरता दिँदै थप बजेटको व्यवस्था गरिनेछ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई संघीय र प्रदेश सरकारको नीति अनुरूप व्यवहारिक रूप दिइनेछ ।

१२. दैनिक उपभोग्य कृषिजन्य वस्तुहरूमा नगरपालिकालाई आत्मनिर्भर बनाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न नगरपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरूको पहिचान गरि व्यावसायिक तरकारी खेती, फलफूल खेती, अन्नबाली, मसलाबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ । फलफूल क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न नयाँ बगैँचा स्थापना र पुराना बगैँचाको सुदृढीकरण गरिनेछ । लसुन जस्ता तुलनात्मक रूपमा कम लगानीमा उच्च मूल्य प्रदान गर्ने र उत्पादनउपरान्त कम क्षति हुने कृषि वस्तुको उत्पादनलाई प्रवर्द्धन गरिनेछ ।

१३. साना तथा सीमान्त किसानहरुलाई लक्षित साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सहकारी क्षेत्र**

१४. नगर क्षेत्रभित्र क्रियाशिल सहकारी संस्थाको सघन अनुगमन गरी सबै संस्थालाई कोपोमिस प्रणालीमा आबद्ध अनिवार्य गरिनेछ ।

१५. सहकारीको व्यवस्थापनलाई विधि र प्रक्रियामा आधारित बनाई सहभागिता, पारदर्शिता र जवाफदेहितालाई

व्यवहारमा सुनिश्चत गर्ने व्यवस्था मिलाइनेछ ।

१६. सहकारीका पदाधिकारी व्यवस्थापक र कर्मचारीहरूको गुणस्तर र क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ ।

**पशुपक्षी विकास कार्यक्रम**

१७. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी बेरोजगारी कम गर्दै लगिने छ । पशुपक्षीको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

१८. नश्ल सुधार गरि उत्पादनमा वृद्धि ल्याउने नीति अनुरूप उन्नत जातका राँगा तथा भैंसीहरू वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. साना तथा मझौला कृषकहरूलाई व्यावसायिक बन्न प्रोत्साहन स्वरूप बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, लगायतका लक्षित कार्यक्रमहरु समावेश गरिनेछ ।

२०. गलकोट नगरपालिकालाई दूध र अण्डामा आत्मनिर्भर बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वास्थ्य सुरक्षा तथा सुधार गर्ने गरी मासुपसल सुधार गर्न व्यवसायीलाई उत्प्रेरित गरिनेछ । बाख्रामा खोर सुधार, गाई भैंसीमा गोठ सुधारलाई निरन्तरता दिइनेछ । आधुनिक उन्नत जातका गाई, भैंसी, बाख्रापालन तथा माछा पालनमा जोड दिइनेछ ।

२२. पशु सेवा शाखा तथा सेवा केन्द्रबाट ४० प्रकारका निःशुल्क औषधी उपलब्ध गराइनेछ । सेवाको पहुँचबाट टाढा रहेका स्थानमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२३. नेपालको प्रसिद्ध दरमखोलाको असला माछा संरक्षण गर्न माछाले फुल पार्ने समय भदौ देखि कार्तिक महिनासम्म माछा मार्ने कार्यलाई रोक लगाइनेछ साथै अन्य समयमा समेत व्यवस्थित गरिनेछ ।

**उद्यम विकास तथा रोजगार तथा प्रर्यटन प्रवर्द्धन कार्यक्रम**

२४. स्थानीय तहमा सञ्चालित व्यापार / व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यावसायिकता र उद्यमशिलतामा जोड दिइनेछ ।

२५. नगरपालिका क्षेत्र भित्रका महिला, दलित, आदिवासी, जनजाति, विपन्न वर्ग वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई स्वरोजगारको माध्यमबाट लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका बमोजिम सामाजिक परिचालन उद्यमशीलता विकास सीप विकास तालिम लगायत उद्यम विकास सम्बन्धी सेवालाई एकीकृत रूपमा प्रदान गरिनेछ ।

२६. गलकोटको पहिचान कायम राखी नगर क्षेत्रमा उत्पादित वस्तुलाई बजारीकरण तथा प्रवद्धन गर्दै उपहार एवम् चिनोको रूपमा एकै स्थानबाट विक्री वितरणको लागि उपयुक्त स्थानमा कोसेलीघर स्थापना र सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

२७. विभिन्न संघ सस्था र सहकारीहरूसँग समन्वय गरी सीपमूलक तथा उद्यमशीलता विकासका तालिमहरू सञ्चालन गरिनेछ । महिला सशक्तिकरणका लागि आर्थिक सशक्तिकरणमा जोड दिई आवश्यकताका आधारमा सीपमूलक तालिमको सञ्चालन गर्ने जोड दिइनेछ ।

२८. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारीमा जान लागेका युवाहरूलाई सीपमुलक तालिम र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । पुन: वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूको लागि श्रम स्वीकृति प्रदान गर्ने प्रक्रियालाई अझै सरलीकृत गर्दै प्रभावकारी

र सेवाग्राहीमैत्री बनाइनेछ ।

२९. वैदेशिक रोजगारीमा गएका व्यक्ति र उनीहरूको परिवारमा देखा पर्ने स्वास्थ्य र मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण गर्न मनोसामाजिक परामर्शको कार्यक्रमलाई निरन्तरता दिइनेछ । विप्रेषणबाट प्राप्त आयलाई औपचारिक माध्यमबाट स्वदेशमा भित्र्याउन र कमाइको सदुपयोग गर्ने सीप अभिवृद्धि गर्न नियमित रूपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. गलकोट नगरपालिकाको ऐतिहासिक धरोहर कोत घरलाई संरक्षण गरी पर्यटनसँग जोडिनेछ । टेउवा अन्तर्राष्ट्रिय मूर्तिकला संग्राहलयको संरक्षण र विकासको लागि आवश्यक पहल गरिनेछ । गलकोट नगरपालिका भित्र रहेका पर्यटकीय धरोहरहरु जस्तै गलकोट दरबार, घुम्टेको लेक, सिद्धथान, सहस्रधारा झरना, रमुवा, निलुवा, थालेपोखरा, कालीलेक, राम्चे ढुङ्गा, उदय वुद्धविहार, चमेरे गुफा, शिवधुरी, गाजाधुरी आदिको विकास र प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

३१. गलकोटको पहिचानको रूपमा रहेको असला माछाको प्रतिमा उपयुक्त स्थानमा निर्माण गरिनुको साथै रमुवा, पाण्डवखानी, निलुवा लगायत विभिन्न स्थानमा आयोजना हुने मह संकलन (सिकार) तथा व्यवस्थापन कार्यक्रमलाई पर्यटनसँग जोड्ने गरि प्रचार प्रसार तथा सञ्चालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

**सामाजिक विकास क्षेत्र**

**शिक्षा यूवा तथा खेलकुद**

३२. "मानव क्षमताको आधारः शिक्षा" भन्ने शिक्षाको राष्ट्रिय नीति अनुरुप गलकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ । विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइनेछ ।

३३. गुणस्तरीय प्रारम्भिक बालशिक्षामा समतामूलक पहुँच स्थापित गर्न प्रारम्भिक बालशिक्षा कार्यक्रमको विस्तार गर्दै बालशिक्षक तथा विद्यालय कर्मचारीहरूको मनोबललाइ उच्च राख्न विगतदेखि प्रदान गरिदैं आएको प्रोत्साहन अनुदानलाइ निरन्तरता दिइनेछ ।

३४. «स्वस्थ बालबालिका स्वस्थ आनीबानी, सबै विद्यालयहरूमा शुद्ध पिउने पानी» भन्ने मूल ध्येय सहित सबै सामुदायिक विद्यालयहरूमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।

३५. प्रारम्भिक बालविकासमा कार्यरत बालविकास सहजकर्तालाई तालिम प्रदान गरिनेछ, बालविकास केन्द्रहरुलाई उचित सिकाई सामाग्री व्यवस्थापन गरी थप बालमैत्री बनाइँदै लगिनेछ ।

३६. गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाउन "विद्यालय दिवा खाजा" कार्यक्रम (बालविकास देखि कक्षा-६) लाई निरन्तरता दिइँदै अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

३७. निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

३८. परीक्षा प्रणालीमा सुधारका लागि नगरस्तरीय आधारभूत शिक्षा परीक्षा कक्षा ८ को वार्षिक तथा अर्धवार्षिक तथा कक्षा ४ देखि १० कक्षाका प्रश्नपत्र तथा उत्तरपुस्तिका परीक्षण लगायतका कार्य सम्पन्न गरी प्राप्त नतिजाका आधारमा शिक्षक तथा विद्यालयलाई प्रोत्साहन गर्नुका साथै गुणस्तर अभिवृद्धिका कार्यक्रमहरूको तर्जुमा गरिनेछ।

३९. विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गरी «आजको आवश्यकता र रोजाई प्रविधिमैत्री शिक्षण सिकाई» कार्यक्रम अन्तर्गत विद्यालयहरूमा स्मार्ट इन्टररेक्टिभ डिजिटल बोर्ड सहितको शिक्षण

सिकाई कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्दै लगिनेछ ।

४१. शैक्षिक क्यालेण्डर अनुसार शिक्षण सिकाइ क्रियाकलापलाई थप व्यवस्थित तथा नतिजाउन्मुख बनाउन शिक्षक डायरी तथा विद्यार्थीको आन्तरिक मूल्याङ्कन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४२. विद्यालय तथा उच्च शिक्षामा जेहनदार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीहरूका लागि नगर प्रमुख शैक्षिक छात्रवृत्ति कोष मार्फत छात्रवृत्ति वितरण गरिनेछ ।

४३. विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा नगरप्रमुख रनिङ सिल्ड कप प्रतियोगितालाई थप व्यवस्थित गर्दै सम्पूर्ण नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालय बीच मैत्रिपूर्ण शैक्षिक तथा खेलकुद प्रतियोगिता गरिनेछ ।

४४. गलकोट नगरपालिकाका सम्पूर्ण वडाहरूमा बालविवाह, बालश्रम, बाल बेचबिखन तथा लागू औषध सेवन विरुद्धको कानुनी सचेतना फैलाउने उद्देश्यले सामुदायिक प्रहरी साझेदारी कार्यक्रम निरन्तरता दिइनेछ ।

४५. जनसंख्याको बनोट र भौगोलिक अवस्थालाई ध्यानमा राखी विद्यालयहरूको उचित नक्साङ्कन गरिनेछ । नजिक रहेका न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूको समायोजन, एकीकरण तथा शिक्षक दरबन्दी मिलान गरिनेछ । टाढा क्षेत्रका विद्यार्थीका लागि नगरस्तरीय आवासीय छात्रावास स्थापनाको कार्य प्रारम्भ गरी क्रमागत रुपमा विकास गरिनेछ साथै यातायात खर्च वापतको सहयोग निरन्तर दिइनेछ ।

४६. बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न बालमैत्री बसाई सहितको फर्निचर , खानेपानी तथा शौचालय कार्यक्रमलाई जोड दिँदै बालमैत्री स्थानीय शासन दिगोपनालाई निरन्तरता दिइनेछ ।

४७. सघन विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिइ समितिको प्रतिवेदनका आधारमा विद्यालय र शिक्षक समायोजन गर्ने कार्यलाई निरन्तरता दिँदै प्रधानाध्यापक व्यवस्थापन कार्यको सुरुवात गरिनेछ ।

४८. अल्पसंख्यक / अति सीमान्तकृत समुदायका छात्रा र अपाङ्गता भएका छात्र / छात्राहरुलाई अध्ययनमा प्रोत्साहित गर्नको लागि तह अनुसार वार्षिक छात्रवृति उपलब्ध गराइनेछ ।

४९. संघीय सरकारको नीति अनुरूप "शिक्षालाई सीप सँग, सीप लाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग जोड्नको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. शैक्षिक क्यालेण्डर निर्माण, नगरस्तरीय बाल प्रतिभा पहिचान, युवा लक्षित खेलकुद कार्यक्रम, अनाथ बालबालिका सहयोग, बाल विकास मात्र सञ्चालित विद्यालयहरूको लागि मसलन्द खर्च, विद्यालय अनुगमन जस्ता क्रियाकलापहरू लाई प्राथमिकीकरण गरी थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

**स्वास्थ्य**

५१. गलकोट नगर अस्पतालको स्तरोन्नती गर्ने क्रममा विस्तारित सेवाहरू दन्त सेवा , रक्त सञ्चार केन्द्र र फिजियोथेरापी सेवालाई थप प्रभावकारी रूपमा र समयसापेक्ष सञ्चालन गरिनेछ साथै हेमोडाइलाइसिस सेवा विस्तारका लागि अध्ययन सुरु गरिनेछ । १५ बेडको आधारभूत अस्पतालको भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

५२. गलकोट नगर अस्पतालमा विपन्न नागरिकहरुलाई उपचारमा सहुलियत दिन नगर स्तरीय विपन्न नागरिक उपचार कोष स्थापना तथा सञ्चालन गरिनेछ ।

५३. २ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित रूपमा खोप सेवा प्रदान गरि पूर्ण खोप सुनिश्चित नगर कायम राखिनेछ

।

५४. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराई रहेका बिरामी, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च बापत मासिक रु. ५ हजारका दरले चौमासिक रूपमा भुक्तानीको व्यवस्था मिलाइनेछ ।

५५. उप-प्रमुख सँग थ्राम्बोलाइसिस (हृदयघात रोकथाम) कार्यक्रम मार्फत हृदयघातको प्राथमिक उपचारका लागि आवश्यक औषधी नगर अस्पतालमा उपलब्ध गराइनेछ । घरघरमा जेष्ठ नागरिक कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

५६. बाह्रै महिना ९८ प्रकारका नि:शुल्क औषधी सबै संस्थाबाट उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेर आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकको सेवा सुविधाका निम्ती आवधिक रूपमा चिकित्सक सहितको स्वास्थ्य शिविर कार्यक्रम व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

५७. स्वास्थ्य क्षेत्रमा पूर्णतया डिजिटलाइजेशनको कार्य सम्पन्न भइसकेकोले पेपरलेस प्रणालीबाट सेवा सुचारु गरिनेछ । फेमिलि हेल्थ प्रोफाइल मार्फत स्वास्थ्य कार्ड छपाइ र वितरणको कार्य अगाडी बढाइनेछ ।

५८. मुख स्वास्थ्य प्रवर्धनको कार्यक्रमको निरन्तरताका साथै थप विद्यालयमा लागू गरिनेछ । सबै विद्यालयका कम्तीमा एक जना शिक्षकहलाई प्राथमिक उपचार सम्बन्धी तालिम प्रदान गरी विद्यालयमा १ थान प्राथमिक उपचार किट बक्स उपलब्ध गराइनेछ ।

५९. नगर प्रमुख मातृ तथा शिशु पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । घरमा हुने प्रसूति दरलाइ शून्यमा यथावत् राख्न थप २ बर्थिङ सेन्टरमा सुत्केरी प्रतिक्षा घरको निर्माण गरिनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक रेफर गर्नुपरेमा नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

६०. क्षयरोग मुक्त अभियान गलकोट कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । खकार नमुना परीक्षण र ए.आई. एक्स- रे को माध्यमबाट क्षयरोगको स्क्रिनिङ कार्यक्रम सशक्त रूपमा सञ्चालन गरिनेछ ।

६१. सबै नागरबासीलाई शुद्ध पिउने पानी उपलब्ध गराउनका लागि सबै मुहानको खानेपानीको गुणस्तर कम्तीमा ३ महिनामा १ पटक परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।

६२. अति विपन्न र ग वर्गका अपांगलाई स्वास्थ्य बीमा मार्फत विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँचमा ल्याइनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिदैं आएको सञ्चार खर्च, बिमा सुविधा र सम्मानजनक बिदाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३. सबै स्वास्थ्य संस्थाको पूर्वाधार मापदण्ड बमोजिम हुने व्यवस्था मिलाइनेछ । चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्र, गलकोट - ०६ को भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ । सबै स्वास्थ्य संस्थाहरुलाई समयानुकूल स्तरोन्नती गर्दै लगिनेछ । स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नुका साथै स्वास्थ्यकर्मीको मनोबल बढाउनका लागि उत्कृष्ट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ

६४. गलकोट नगरपालिकामा आयुर्वेद सेवालाई विस्तार गर्नका लागि नागरिक आरोग्य उपचार केन्द्र स्थापना गरी आयुर्वेदिक उपचार पद्धति, योग र ध्यानलाई विशेष प्राथमिकता दिइनेछ ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा बालमैत्री**

६५. दलित, आदिवासी, जनजाति, मुस्लिम, एकल महिला, पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक र अति विपन्न वर्गलाई सीप विकास र स्वरोजगारका कार्यक्रम मार्फत आय आर्जनसँग जोडेर

सशक्तिकरण गरिनेछ । नगर भित्रका कुमाल र गन्धर्व समुदायको उत्थानको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. सामाजिक न्यायमा आधारित समतामूलक र सभ्य समाज निर्माण गर्ने महिलामाथि हुने लैंङ्गिक तथा यौनिक हिंसा, सामाजिक विभेद, छुवाछूत, अन्धविश्वास, सामाजिक कुप्रथा र कुरीति जस्ता विकृतिहरूलाई न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. अपाङ्गता भएका व्यक्तिको आवश्यकता पहिचान गरी आवश्यक सहयोगी सामाग्रीहरू प्रदान गरिनेछ ।

६८. घरेलु हिंसा, छुवाछूत लगायतका सामाजिक हिंसा र विभेद रहित लैंगिक समतायुक्त नगरपालिका बनाउन अभियानहरु चलाइनेछ । बालमैत्री, वातावरणमैत्री एवम् अपाङ्गतामैत्री समाज तथा पूर्वाधार निर्माणको लक्ष्य सहितको कार्यक्रम अगाडि बढाइनेछ ।

६९. परम्परागत पेशा अपनाई रहेका फलामका औजार बनाउने / मर्मत गर्ने आरन सञ्चालक, छालाका जुत्ता चप्पल- झोला बनाउने मर्मत गर्ने र सारङ्गी वादन- गायन पेशामा कार्यरत विभिन्न समुदायका शिल्प व्यावसायीलाई सम्मान र निजहरूको क्षमता विकासको प्रबन्ध मिलाइनेछ ।

७०. नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आय आर्जनमा वृद्धि गर्न, लैंगिक हिंसा, घरेलु हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी हिंसा विरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिन, महिलाहरूको क्षमता अभिवृद्धिका लागि सीपमूलक, चेतनामूलक कार्यक्रम सञ्चालन गर्न, विकास अभियानलाई माग र आवश्यकता अनुरूप गराउन सबै वडाहरूमा टोल विकास समितिलाई सक्रिय बनाइनेछ ।

७१. गलकोट नगरपालिका भित्र रहनु भएका जेष्ठ नागरिकहरू हाम्रो समाजको पूरातात्विक, सामाजिक, सांस्कृतिक महत्वका विषयहरू बारेमा ज्ञान भएका जीवित संग्रालयको रूपमा रहनु भएको हुनाले यस्ता व्यक्तिहरूको सम्मान तथा प्रोत्साहन गरिनेछ । बैंक सम्म नै आएर सामाजिक सुरक्षा भत्ता लीन असहज हुने असहाय, अपाङ्ग, दूरीको हिसाबले टाढा रहेका वस्तिमा रहेका जेष्ठ नागरिकलाई सम्बन्धित वित्तीय संस्था र वडा कार्यालयको समन्वयमा टोल वस्तिमा पुगि भत्ता वितरण कार्यमा सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७२. बालमैत्री नगर दिगोपनाको लागि सबै समिति र सञ्जालहरुलाई सक्रिय रूपमा परिचालन गरिनेछ । बाल वस्तुगत प्रोफाइलका आधारमा लगानी योजना निर्माण गरी सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । बाल विवाह न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

**कला संस्कृति र साहित्य**

७३. गलकोट नगर क्षेत्र भित्र रहेका धार्मिक ऐतिहासिक सांस्कृतिक जात्रा पर्व कला साहित्य संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

७४. गलकोट नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिहरुको संस्कृतिको संरक्षण गरी सांस्कृतिक पहिचानलाई जीवन्त बनाइनेछ । यस क्षेत्रका गीत, नाच, कला, जात्रा, मेला र पर्वलाई जगेर्ना गरी पर्यटनसँग जोड्न प्रोत्साहन गरिनेछ । स्थानीय स्रोत, साधन र वास्तुकलाको प्रयोग गरी निजी घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

७५. गलकोट नगरको परम्परागत कला संस्कृतिलाई संरक्षण गर्न हाल हरिचौर बजार लगायतका अन्य स्थानमा नयाँ घर निर्माण गर्दा कला संस्कृति झल्कने गरी निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

७६. गलकोटमा रहेको सोरठी नाँच, सोरठी ख्याली, घांटु नाच, लाखे नाच, सराएं नाच, पञ्चेबाजा भजन कृतन लोकभजन ,यानीमाया, सुनीमाया जस्ता विभिन्न कला संस्कृति र जात्राको संरक्षण गरिनेछ ।

७७. आम नागरिकलाई समाचार र सूचनाको माध्यमबाट सुसूचित गर्ने राज्यको चौथो अंगको रूपमा स्थापित सञ्चार जगतलाई प्रोत्साहन गर्न स्थगन भएको गलकोट घुम्टे पत्रकारिता पुरस्कारलाई निरन्तरता दिइनेछ ।

७८. शहीद , बेपत्ता परिवार र द्वन्द पीडितहरूको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. सहिद थिर बम मल्लको शालिक निर्माण गरी उपयुक्त स्थानमा यसै आर्थिक वर्षमा स्थापना गरिनेछ ।

## पूर्वाधार विकास

८०. नगर क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहने हुँदा पूर्वाधारको विकासबाट नागरिकहरूमा अन्तर आबद्धता विस्तार भई आवागमन, बजार, सेवा सुविधामा सहज पहुँच विस्तार गरिनेछ ।

८१. दिगो विकासको लक्ष्य अनुरूप विकास र वातावरणलाई तादम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाइनेछ । नगरपालिका क्षेत्र भित्र सडक सञ्जाल व्यापक विस्तार भइसकेको सन्दर्भमा सो को स्तरोन्नति गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै नगरपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिइनेछ। "हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक हाम्रो प्रतिबद्धता" को नीति अनुरूप नगरपालिका भित्र सडक निर्माण गर्दा सडकको स्तर अनुरूपका संरचना तथा नाली निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८२. ११ वटै वडामा ढलान/ कालोपत्रेबाटो निर्माण गरि सुरक्षित यात्रा गर्ने वातावरण मिलाउने कार्यलाई तीव्रता दिइनेछ । नगरपालिका भित्रका सडक सञ्जाललाई बाह्रै महिना सवारी चल्ने गरि नियमित र व्यवस्थित गरिनेछ ।

८३. पुष्पलाल मध्यपहाडी लोकमार्ग भई आउने आन्तरिक एवम् बाह्य पर्यटकलाई लक्षित गरि नगरपालिका भित्र रहेका प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरुलाई समेटेर पर्यटन सर्किट बनाई विभिन्न स्थानमा जानकारीमूलक बोर्ड राखिनेछ ।

८४. निर्मित सार्वजनिक सम्पत्तिको सुरक्षा र मर्मत संभार तथा व्यवस्थापनको लागि स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ ।

८५. नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ । विकास आयोजना सञ्चालन गर्दा समय, लागत र गुणस्तरको ख्याल गरि अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

८६. नगरपालिका भित्रका भवनहरुको गुगल प्लस कोड भएको घर नम्बर सहित अभिलेखीकरण गरिनेछ । नगर भित्र नयाँ घर निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गरेर मात्र निर्माण कार्य अगाडी बढाउने गरी व्यवस्था मिलाइने छ । नक्सा पास बिना घर निर्माण गर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याउन आवश्यक पहल थालिनेछ । नगरपालिका क्षेत्रभित्र नक्सा पास बिना निर्माण भएका घरहरूलाई अभिलेखीकरण गर्ने गरी आवश्यक प्रबन्ध मिलाइनेछ ।

८७. नगरबासीहरुको सुविधालाई मध्यनजर गरी कित्ता नापी नक्सालाई नगरपालिकाबाट वितरण गर्ने प्रयोजनका लागि «मेरो कित्ता» प्रणालीलाई निरन्तरता दिइनेछ ।

८८. आयोजनाहरुको प्रभावकारिता र दिगो विकासलाई मध्यनजर गर्दै नगरपालिका तथा संघ एवम् प्रादेशिक कार्यालयहरूबाट समेत कार्यान्वयन हुने योजनाहरूको सघन अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८९. संघीय समपुरक, प्रदेश समपुरक, लागत साझेदारी, विपद् व्यवस्थापन कोषको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । गुणस्तर चेक जाँचका लागि आवश्यक प्राविधिक उपकरण तथा ल्याव सामग्रीको व्यवस्था मिलाइनेछ

९०. हटिया बजार क्षेत्रमा पर्ने पुष्पलाल मध्यपहाडी लोकमार्गलाई सौन्दर्यकरण तथा थप व्यवस्थित गर्न आयोजना कार्यान्वयन इकाईसँग समन्वय गरी आवश्यक पहल गरिनेछ । हटिया बजार क्षेत्रमा निर्माण गरिएको जीपपार्कलाई थप व्यवस्थित गरि सञ्चालन गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

९१. विपद्को समयमा तत्काल उद्धार, राहत, पुनर्स्थापना लगायतका कार्य गर्नका लागि स्वयंसेवक परिचालन गर्नुका साथै आवश्यक औजार, उपकरण तथा राहत सामग्री तयारी अवस्थामा राखिनेछ । मनसूनपूर्व तथा मनसूनजन्य विपद्को पूर्वानुमान गरी रोकथामको लागि आवश्यक कार्य गरिनेछ । आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

९२. भू-क्षयबाट अति प्रभावित क्षेत्रको पहिचान सहित सो नियन्त्रणको लागि नगरपालिकाको आफ्नै पहल एवम् संघ र प्रदेश सरकारसँगको सहकार्यमा कार्यक्रम अगाडि बढाइने छ । यसको लागि आवश्यक तार / जाली, ह्यूमपाइप तथा पोलीपाइपको आवश्यक व्यवस्था मिलाइनेछ । जोखिम क्षेत्रहरूको पहिचान गरी बायो इन्जिनियरिङ प्रविधि मार्फत भू-क्षय रोक्ने कार्यमा विशेष पहल गरिनेछ ।

९३. हरेक वर्ष आगलागी जन्य घटनाबाट वातावरणीय र मानवीय क्षति बढ्दै गइरहेको अवस्थामा सोको न्यूनीकरण गर्न नेपाल प्रहरी तथा वन कार्यालयको समन्वयमा आगलागीको उच्च जोखिममा रहेका क्षेत्रहरूको पहिचान गर्ने, अग्निरेखा निर्माण गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने एवम् वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरी उच्च अग्नि संवेदनशील बोटविरुवाहरुको प्रतिस्थापन गरिनेछ ।

९४. विपद् व्यवस्थापनको लागि नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोष मार्फत उद्धार, राहत सामाग्री तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ । नगरपालिकास्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

९५. गलकोट नगर क्षेत्रमा रहेका विभिन्न खोलानाला तथा निजी जग्गाबाट निकाल्ने ढुङ्गा, गिटी, बालुवा लगायतका निर्माणजन्य सामाग्रीको उचित व्यवस्थापनको लागि प्रचलित कानुन बमोजिम आवश्यक कार्यविधि बनाई नियमन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

९६. "सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा" भन्ने मर्मलाई आत्मसाथ गर्दै नगरबाट प्रवाह हुने सेवालाई एकीकृत गरी घुम्ती सेवा सञ्चालन गरिनेछ ।

९७. गलकोटवासीको यातायातमा सहज पहुँच पुऱ्याउने अभिप्रायले यातायात व्यवसायी लगायत सरोकारवालाको समन्वयमा गलकोट नगर यातायात सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

९८. नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरू जस्तै जनहितका लागि सन्देश, प्रगति विवरण, बुलेटिन, नीति तथा कार्यक्रम, नगरकार्यपालिका तथा नगरसभाको बैठकबाट गरिने निर्णय, नगरपालिकाद्वारा प्रशारित कार्यक्रमहरू, स्थानीय सामुदायिक रेडियो तथा आम सञ्चारकर्मीहरुसँग समन्वय गर्दै सूचना प्रवाह छिटोछरितो र पारदर्शी रूपमा

गरिनेछ । स्थानीयस्तरमा सञ्चालित सूचना तथा सञ्चारका माध्यम रेडियो, पत्रिका, अनलाइन पत्रिकालाई सूचीकृत गर्ने र प्रोत्साहन गर्ने नीति लिइने छ ।

९९. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाई सुशासनको प्रत्यक्ष अनुभूति दिलाईने छ । सेवाग्राहीका गुनासो तथा सुझावहरू सम्बन्धित नजिकको पदाधिकारी समक्ष सोझै पठाउन/पुग्न सक्ने व्यवस्था मिलाइनेछ ।

१००. नगरपालिकाको वस्तुगत विवरण अद्यावधिक गरी विद्युतीय वस्तुगत विवरण (Digital profile) निर्माण गरिनेछ ।

१०१. गलकोट नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सरल, छरितो र अनुमानयोग्य बनाउनुका साथै सूचना प्रविधिको प्रयोगलाई जोड दिँदै मानव संसाधन विकासको निमित्त कर्मचारीको क्षमता विकास गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

१०२. सेवा प्रवाहको जग मानिने वडा कार्यालयको भौतिक एवम् प्रशासकीय सुदृढीकरणका लागि फर्निचर, मेशीनरी, औजार लगायत आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनेछ । वडा कार्यालय र स्वास्थ्य संस्थामा ई-हाजिरीलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनुका साथै सबै सामुदायिक विद्यालयहरूमा पनि क्रमशः ई-हाजिरी प्रणाली जडान गरिनेछ ।

१०३. नगरभित्रका खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी लगायतका नगरमा दर्ता भएका सबै सामाजिक संघ संस्थाहरुले साधारण सभामार्फत पास भएको आय व्ययको वार्षिक विवरण नगरपालिकामा पेश गर्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ साथै संस्थाहरुको अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ ।

१०४. बजार अनुगमन कार्यलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ, उपभोक्ताको हितलाई मध्यनजर गर्दै खाद्य गुणस्तर सम्बन्धमा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न स्थानीय संघ / संस्था, उद्योग वाणिज्य संघ, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी आवधिक योजनाले परिलक्षित गरे बमोजिम प्राथमिकताको आधारमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

१०५. आर्थिक संकट झेलिरहेको वर्तमान परिस्थितिमा अनुत्पादक चालू खर्चलाई कम गर्न प्रयास गरिनेछ साथै बेरुजू न्युनीकरणका लागि आवश्यक पहल गरिनेछ ।

१०६. सार्वजनिक स्थान तथा सडक सुरक्षा व्यवस्थालाई मध्येनजर गर्दै सार्वजनिक स्थान तथा मुख्य सडक र बजार क्षेत्रमा सि. सि.टि.भी. क्यामेरा जडान तथा मर्मत सम्भार गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१०७. स्थानीय सरकारको कामकारबाहीको सम्बन्धमा नागरिकले सूचना माग्ने र पाउने मौलिक हकलाई संरक्षण गर्न चौमासिक रूपमा सार्वजनिक सुनुवाई गरिनेछ साथै अनिवार्य प्रकाशन गर्नु पर्ने सूचनालाई वेवसाईट मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ । कार्यालयमा प्राप्त गुनासो र उजुरीलाई समयमै समाधान गर्न पहल गरिनेछ ।

न्याय सम्पादन

१०८. स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यलाई थप न्यायोचित एवम् प्रभावकारी बनाइनेछ ।

१०९. सूचीकृत मेलमिलापकर्ताहरुको लागि अभिमुखीकरण र क्षमता विकास कार्यक्रम सञ्चालन गरी समुदाय स्तरमा उत्पन्न हुने विवादलाई समुदायमै मेलमिलापको माध्यमबाट दिगो समाधान गरिनेछ ।

११०. न्यायिक समिति तथा वडास्तरीय मेलमिलापकर्ताहरुका लागि समयानुकूल प्रविधिमैत्री तथा पूर्वाधारयुक्त बनाउँदै लगिनेछ ।

**अन्तमा**

१११. गत आर्थिक वर्षहरूमा कार्यान्वयन भएका योजना र कार्यक्रमसँगै चालू आर्थिक वर्षको समाप्तिसँगै हाम्रो गलकोट नगरपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरू तयार भएका छन् । संघ एवम् प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानुन एवम् नगरपालिकाबाट निर्मित कानुन बमोजिम स्थानीय सरकार सञ्चालनका महत्वपूर्ण आधारहरू तयार भएका छन् । नीति, कार्यक्रम, बजेट एवम् योजना तर्जुमा र कार्यान्वयनका हाल सम्मका हाम्रा अभ्यासहरू र निर्मित कानुनहरूको आधारमा समेत आगामी दिनहरू अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ । समुदाय परिचालन, विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास प्रक्रियामा गैर सरकारी संघ संस्था तथा सहकारीको सहभागिता, क्रियाशीलता तथा योगदानमा वृद्धि हुनेछ ।

११२. संघीय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई कामयाबी बनाउनको लागि भएका हाम्रा हालसम्मको प्रयासहरू हेर्दा भोलिको दिनको लागि सुखद लक्षण देखिन्छन् । हाल सामाजिक, आर्थिक विकास तथा रूपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । स्थानीय सरकारको स्थापना सँगै पारदर्शी संस्कृति अवलम्बन भएको पाएका छौं । स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै राष्ट्रसेवक कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु ।

११३. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गलकोटको विकासमा सकारात्मक प्रभाव पर्ने र उच्च भौतिक एवम् वित्तीय प्रगति हासिल गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न सहयोग पुग्नेछ भन्ने आशा लिएको छु ।

११४. समुन्नत र समृद्ध हाम्रो गलकोट नगर निर्माणमा सहयोग पुऱ्याउने संघीय सरकार एवम् प्रदेश सरकारका विभिन्न निकायहरू, संघ तथा प्रदेशका माननीयज्यू, जिल्ला समन्वय समिति, रचनात्मक तथा सहयोगी भूमिका निभाउँदै आउनु भएका राजनीतिक दल, स्थानीय प्रशासन, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, समाजसेवी, सहकारी क्षेत्र, निजी क्षेत्र, आमसञ्चार माध्यम र सञ्चारकर्मीहरू एवम् जन्मभूमिका लागि चिन्तनशील र सहयोगी सबै महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । स्थानीय सरकारको रूपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा सम्पूर्ण गलकोटवासी आमाबुबा, दाजुभाई, दिदीबहिनी एवम् अमूल्य राय सुझाव प्रदान गर्नु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नगरसभा सदस्य लगायत सम्पूर्ण महानुभावहरुबाट प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहयोग तथा सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**नमस्कार ! धन्यवाद ।**

**भरत शर्मा गैरे**
**नगर प्रमुख**
**सम्बत् २०८२ असार ५ गते बिहिबार**
**११४५ तछलाथ्वः ८, बिहिबार**

# गलकोट नगरपालिका
# नगर उप प्रमुख फमलाल निउरेद्वारा नगरसभाको १७ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्य

**नगर सभाका श्रद्धेय अध्यक्षज्यू,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू,**
**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी र सभामा उपस्थित अन्य महानुभावहरू,**

१. गलकोट नगरपालिकाको नगर उप प्रमुखको हैसियतले आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न सम्मानित नगर सभाको १७ औ अधिवेशनमा उपस्थित भएको छु ।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका सबै आन्दोलन तथा संघर्षमा अमूल्य जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । लोकतान्त्रिक अधिकार प्राप्तिको आन्दोलनको क्रममा घाइते, बेपत्ता, अपाङ्गता एवं पीडित भएका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. गलकोटका नागरिकको वृहत्तर हितलाई ध्यानमा राखी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य, नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, नेपाल सरकारको बजेट वक्तव्य २०८२, गण्डकी प्रदेश सरकारको बजेट वक्तव्य २०८२ र गलकोट नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमलाई आधार मानी बजेट तर्जुमा गरेको छु ।

४. गलकोट नगरपालिकाको आवश्यकता, यहाँका नागरिकको विकास प्रतिको चाहना, स्थानीय निर्वाचनमा राजनीतिक दलहरूले गरेको प्रतिबद्धता, विभिन्न क्षेत्रबाट प्राप्त रचनात्मक सुझाव, संघ र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजस्व परिचालनको सीमित दायरा जस्ता विषयलाई दृष्टिगत गरी स्रोत साधनको मितव्ययी र न्यायोचित परिचालनमा जोड दिएको छु ।

५. गलकोटका नागरिकको सुख र समृद्धिको चाहना, कृषि क्षेत्रको प्रवर्द्धन, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, मौलिक हकको रूपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धि र सो को दिगोपना, रोजगारी सिर्जना, समावेशीय, सामाजिक परिचालन र ऐक्यवद्धता, पारदर्शिता, सुशासन र गुणस्तरीय सेवा प्रवाह जस्ता विषयहरूलाई जोड दिएर बजेट तर्जुमा गरेको छु ।

**सम्मानित नगरसभाका अध्यक्ष महोदय,**
अब म गत आर्थिक वर्ष २०८०/८१ को यथार्थ आय-व्यय एवं चालुँ आर्थिक वर्ष २०८१/८२ को संशोधित आय-व्यय सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

**गत आर्थिक वर्ष २०८०/८१ मा यथार्थ आय**

६. गत वर्षको मौज्दात सहित आन्तरिक आय तर्फ रु. ३ करोड ८४ लाख ८४ हजार ३ सय ६७ रुपैयाँ र पैसा ३ मात्र, संघीय सरकार राजस्व बाँडफाँटबाट प्राप्त रु. ९ करोड २८ लाख ५२ हजार ९ सय ६३ रुपैयाँ र पैसा ५७

मात्र, प्रदेश सरकार राजस्व बाँडफाँटबाट प्राप्त रु. १ करोड ५ लाख ३२ हजार ९ सय ३१ रुपैयाँ र घर जग्गा रजिष्ट्रेशन दस्तुर रु. ३५ लाख १० हजार २ सय ८० रुपैयाँ र पैसा २८ मात्र आम्दानी प्राप्त भएको छ । आन्तरिक श्रोत,राजस्व बाडँफाँड र घर जग्गा रजिष्ट्रेशन गरी जम्मा रु. १४ करोड ५३ लाख ८० हजार ५ सय ४२ र पैसा ५२ मात्र आम्दानी जनाइएको छ।

७. संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.१० करोड ५८ लाख ३४ हजार, सशर्त अनुदान चालु तर्फ रु. ३३ करोड ५८ लाख ९५ हजार ८ सय ६९ रुपैयाँ ५६ पैसा मात्र , विशेष अनुदान पुँजीगत रु. ९३ लाख ७३ हजार, समपूरक अनुदान पुँजीगत रु.६० लाख मात्र, विशेष अनुदान चालु २८ लाख ८७ हजार ६ सय ७० गरी जम्मा रु. ४६ करोड ३४ लाख ०६ हजार ८ सय ५९ रुपैयाँ र पैसा ५६ गरी संघीय सरकार बाट वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.४६ करोड,३४ लाख, ६ हजार ८ सय उनान्साठी रुपैयाँ र पैसा ५६ मात्र आम्दानी भएको छ ।

८. प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. १ करोड १३ लाख ३८ हजार ५ सय मात्र, सशर्त अनुदान रु. ४६ लाख ५७ हजार ५ सय ९ रुपैयाँ गरी प्रदेश सरकार वित्तीय हस्तान्तरण तर्फ जम्मा रु.१ करोड ५९ लाख ९६ हजार ९ रुपैयाँ यथार्थ आय भएको छ। गत आ.ब को कुल जम्मा यथार्थ आय ६२ करोड ४७ लाख ८३ हजार ४ सय ११ र पैसा ८ मात्र प्राप्त हुन आएको छ ।

**आर्थिक वर्ष २०८०/८१ को यथार्थ व्यय**

९. क्षेत्रगत विनियोजनका आधारमा चालु खर्च रु. ४७ करोड ५७ लाख १८ हजार ९ सय ७० रुपैयाँ र पैसा ८० तथा पूँजीगत खर्च रु. १२ करोड ९० लाख १२ हजार १ सय ६९ रुपैयाँ गरी कुल जम्मा रु. ६० करोड ४७ लाख ३१ हजार १ सय ३९ रुपैयाँ र पैसा ८ खर्च भई रु. २ करोड ५१ हजार ९ सय ३६ रुपैयाँ चालु आर्थिक वर्ष २०८१/८२ मा जिम्मेवारी सरेको छ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्ष २०८१/८२ को संशोधित आय व्यय विवरण संक्षेपमा प्रस्तुत गर्दछु ।**

१०. गत वर्षको मौज्दात समेत गरी आन्तरिक आय तर्फ रु. ३ करोड,८८ लाख ८२ हजार २५ मात्र,घर जग्गा रजिस्ट्रेसन दस्तुर रु.३५ लाख संघीय सरकारबाट राजस्व बाँडफाँट रु. ८ करोड ६ लाख, समानीकरण अनुदान रु. १० करोड ५२ लाख ४८ हजार ७ सय २०, सशर्त अनुदान रु. ३५ करोड ९३ लाख, विशेष अनुदान रु.८५ लाख ७४ हजार गरी जम्मा रु.५९ करोड ६१ लाख ४ हजार ७ सय २० मात्र ।

११. गण्डकी प्रदेश सरकारबाट राजस्व बाँडफाँट रु. १ करोड १५ लाख ५२ हजार समानीकरण अनुदान रु. १ करोड ५० लाख २९ हजार विशेष अनुदान रु. ३० लाख र समपुरक अनुदान रु. ४४ लाख ७१ हजार गरि जम्मा ३ करोड ३६ लाख ५९ हजार हुने संशोधित अनुमान छ र यसरी कुल संशोधित आय जम्मा रु.६३ करोड १४ लाख ९५ हजार २ सय ९६ हुन आउँछ ।

१२. चालु आर्थिक वर्ष २०८१/८२ संशोधित आयको ८८ प्रतिशत खर्च हुने अनुमान गर्दा रु .रु. ५५ करोड ५७ लाख खर्च हुने र ५ करोड ९२ लाख फिर्ता हुने संशोधित अनुमानमा आगामि आ.बमा रु.१ करोड ६५ लाख ९२ हजार ६३६ जिम्मेवारी सारीएको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८२/८३ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

बजेटका उद्देश्यहरु देहायबमोजिम रहेका छन्।

(क) कृषि पेशामा युवाहरुको आकर्षण बढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

(ख) लक्षित समुदायका नागरिकको रोजगारी र आयमा बृद्धि गर्दै आर्थिक असमानता कम गर्नु,

(ग) आम सर्बसाधारण नागरिकमा शिक्षा र स्वास्थ्यको पहूँच स्थापित गर्नु,

(घ) दिगो र भरपर्दो भौतिक पूर्वाधार निर्माण गर्नु,

(ङ) सहभागितामूलक विकास र प्राप्त लाभको समन्यायिक वितरणमा जोड दिनु,

(च) सुशासन प्रवर्द्धन मार्फत सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु।

**बजेटका प्राथमिकता देहाय बमोजिम तय गरेको छु।**

(क) सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा,

(ख) दिगो र उत्थानशील पूर्वाधार निर्माण,

(ग) स्थानीय उत्पादन प्रवर्द्धन र कृषिको व्यवसायीकरण,

(घ) सीप विकास र रोजगारी सिर्जना,

(ङ) सामाजिक सूरक्षा र समतामूलक समाजको स्थापना,

(च) समावेशी, समानुपातिक र सन्तुलित विकास,

(छ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन।

**श्रद्धेय अध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष २०८१/८२ मा संघ र प्रदेश सरकारको राजश्व परिचालनको लक्ष्यमा गिरावट आउँदा संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकम घटेर प्राप्त भएको छ।नगरपालिकाको राजश्वको दायरा फराकिलो बनाउन नसक्दा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा भर पर्नुपर्ने अवस्था विद्यमान छ।नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको जिम्मेवारी र उपलब्ध सीमित स्रोतको बीचमा तालमेल मिलाई नगरबासी नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नगरपालिका सामु अहम् चुनौति थपिएको छ।यद्दपी, सीमित स्रोतको अधिकतम परिचालन गर्न नगरपालिका प्रतिबद्ध छ।अब म आगामी आर्थिक वर्ष २०८२/८३ को लागि क्षेत्रगत बजेट तथा कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु।

**आर्थिक विकास**

**कृषि तथा बागवानी**

१३. कृषि क्षेत्रको व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउन युवाहरुलाई कृर्षि पेशामा आकर्षित गरिने छ। कृषिमा आवद्द कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारीत अनुदानको लागि नगरपालिका तर्फ रु.१२ लाख विनियोजन गरेको छु ।

१४. क्षेत्रगत विशिष्टीकरणको माध्यमबाट मात्रै कृषिमा आत्मनिर्भर हुन सकिने विश्वासका साथ कृषिको उत्पादन र

उत्पादकत्व बढाई व्यावसायीकरण गर्न भैरहेका पकेटलाई प्रवर्द्धन गरिने छ । गलकोट नगरपालिकामा हुन सक्ने अन्य कृषि उपजको लागि सम्भाव्यता अध्ययन गरिने छ । अदुवा, बेसार, कागती र सुन्तला जस्ता बालीको पकेट विकास कार्यक्रमलाई निरन्तरता दिएको छु। सुन्तला, लिची र कागती जस्ता फलफूल वाली प्रवर्द्धन गर्न रु. ५ लाख विनियोजन गरेको छ ।

१५. कृषि उद्योगमा निजी क्षेत्रको लगानी आकर्षण गरी उत्पादनको बजार सुनिश्चित गर्नु: उर्वर भूमि बाँझो राख्ने प्रवृतिलाई रोक्नु: स्थानीय उत्पादनलाई प्रसय दिई आयातित वस्तु माथिको निर्भरता घटाउन गलकोट क्षेत्रको प्रतिस्प्रधात्मक लाभको क्षेत्र रहेको मकै खेतीलाई प्रवर्द्धन गर्न मध्य पहाडी लोकमार्ग लक्षित मकै खेतीका लागि रु. ७ लाख बजेट विनियोजन गरिएको छ ।

१६. गलकोट क्षेत्रको हावापानी, भौगोलिक बनावट, माटोको आधारमा लसुन र अकबरे खुर्सानी सम्भावित कृषि उपज हुन। अत यसको प्रवर्द्धनको लागि रु.८ लाख बजेट विनियोजन गरेको छु ।

१७. श्रमको न्यून उत्पादकत्व बढाउन, मर्यादित श्रम विकास गर्न,कृषिमा व्यवसायिकरण र विविधीकरण बढाउन,स्रोतको समुचित प्रयोग गरि उत्पादन र उत्पादकत्व बढाउन साथै कृषि संग आवश्यकता अनुसार समय समयमा मागमा आधारित तालिम दिइने छ ।

१८. स्थानीय उपजको समयमा नै बजार पाउन, उत्पादन र बजार बीच मध्यस्थकर्ता तथा बचौलियाको उपस्थितिको कारण उत्पादनको कृषि लाभ प्राप्त गर्न अवरोध सृजना भएको वर्तमान अवस्थालाई दृष्टिगत गरी हाट बजार व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१९. गलकोट क्षेत्रको कृषक र कृषिको अवस्था चित्रण हुने गरी, कृषि उपजको आयात, निर्यात र आत्मनिर्भारता जानकारी दिने हेतुले तथ्याङ्क संकलनको लागि रु.२ लाख बजेट विनियोजन गरिएको छ ।

२०. नवप्रवर्तन साझेदारी कोष कार्यक्रमबाट नगरपालिकाको वडा नं. १, ४ र १० मा सञ्चालित व्यवसायिक ओखरखेती परियोजना कार्यक्रमको प्रवर्द्धन र बिरुवा उपचारको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

२१. पानीको स्रोतको पहुँच भएका खेती योग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराई उत्पादन बढाउन साना सिँचाई मर्मत तथा संभार गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

२२. कृषि तथा बागवानी क्षेत्रको समग्र कार्यक्रम सञ्चालन गर्नको लागि संघीय सशर्त अनुदानबाट रु. २३ लाख र नगरपालिकाबाट विनियोजित रु. ४७ लाख ६० हजार गरी रु. ७० लाख ६० हजार र वडा तर्फ विनियोजित रु ६ लाख सहित ७६ लाख ६० हजार बजेट विनियोजन गरेको छु।

**पशुपंक्षी विकास**

२३. पशुजन्य रोग एवं महामारी नियन्त्रणको लागि खोप अभियान सञ्चालन गर्न तथा आवश्यक औषधी र खोप खरिद गर्न रु. १२ लाख बजेट विनियोजन गरेको छु । कृत्रिम गर्भाधानबाट पशुमा नश्ल सुधार गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको छु।

२४. दुध र दुग्धजन्य पदार्थमा गलकोट नगरपालिकालाई आत्मनिर्भर बनाउने दिशामा चिस्यान केन्द्रहरूको सुदृढीकरण र नयाँ चिस्यान केन्द्रको व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।नयाँ गाई भैँसी पकेट विकास कार्यक्रम सञ्चालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा रु.१३ लाख बजेट विनियोजन

गरेको छु। दुधमा दिइदैं आएको उत्पादनमा आधारित अनुदान कार्यक्रमको निरन्तरताको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

२५. घर पालुवा कुकुर व्यवस्थित गर्न सूचीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु।

२६. पशुपक्षी विकास क्षेत्रको लागि संघीय सशर्त अनुदानबाट रु. १९ लाख १० हजार र नगरपालिकाबाट रु. ३६ लाख गरी जम्मा रु. ५५ लाख बजेट विनियोजन गरेको छु।

**सहकारी**

२७. नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने सहकारीलाई नियमनको दायरामा ल्याइने छ। स्थापित सिद्धान्त र कानुन बमोजिम सञ्चालन भएका र आर्थिक वृद्धिमा उल्लेख्य योगदान पुर्याएका सहकारीलाई उचित प्रोत्साहन गरिने छ।सहकारी संस्थाको लागत साझेदारीमा सहकारी संस्थाका पदाधिकारी र कर्मचारीलाई क्षमता विकास तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।सबै सहकारीलाई आफ्नो विवरण कोपोमिस प्रणालीमा दर्ता गर्न अनिवार्य गरिने छ।सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि रु. ४ लाख रुपैयाँ विनियोजन गरेको छु।

**उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धन**

२८. सुरक्षित आप्रवासन कार्यक्रम(सामी परियोजना) लाई निरन्तरता दिँदै वैदेशिक रोजगारीमा गएका परिवारका सदस्य एवं रोजगारीबाट फर्केका युवाहरुलाई वित्तीय साक्षरता तथा मनोसामजिक परामर्श सेवा उपलब्ध गराइने छ जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. उद्यम गर्न चाहने व्यक्तिको रुचिको आधारमा नयाँ लघु उद्यमी सिर्जना तथा पुराना लघु उद्यमीहरुको सीपलाई स्तरोन्नति गरिने छ। लघु उद्यमीद्वारा सञ्चालित उत्पादनको लेवलिङ र बजारीकरणमा सहयोग गरिने छ।लघु उद्यमीको २० प्रतिशत लागत साझेदारीमा उपयुक्त प्रविधि हस्तान्तरण गरिने छ।

३०. संघ सरकारको सहयोगमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिने छ। आन्तरिक रोजगारी सृजनाको लागि संघीय शसर्तबाट रु ५लाख २४ हजार र नगरपालिका तर्फबाट रु.५ लाख २४ हजार गरी जम्मा रु.१० लाख ४८ हजार बजेट विनियोजन गरिएको छ र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उद्यमशिलता प्रवर्द्धनको लागि रु.१ लाख बजेट विनियोजन गरेको छु।

३१. स्थानीय उत्पादन प्रवर्द्धन तथा 'गलकोटको मौलिक चिनो'को ब्रान्ड स्थापना गर्न कोसेली घर निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३२. लघु उद्यम तथा उद्यमशीलता विकास तर्फ संघीय सशर्त अनुदानबाट रु. ६ लाख ४२ हजार तथा नगरपालिकाबाट रु. १६ लाख गरी जम्मा रु. २२ लाख ४२ हजार विनियोजन गरेको छु।

३३. समग्र उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनको क्षेत्रमा संघीय सशर्त अनुदान रु. ३७ लाख र नगरपालिकाबाट रु. २२ लाख १४ हजार गरी जम्मा रु. ५९ लाख १ ४ हजार विनियोजन गरेको छु।

**पर्यटन**

३४. गलकोट नगरको पर्यटन प्रवर्द्धन गर्न मध्यपहाडी लोकमार्गका प्रवेश विन्दु र नगरका मुख्य स्थानहरुमा पर्यटकीय स्थलहरुको जानकारी सहितको सूचनामूलक होडिङ्गबोर्ड राख्ने व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरेको छु।

३५. नगरपालिका स्थित विभिन्न वडामा आयोजना हुने मह शिकार महोत्सवको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

३६. समग्रमा पर्यटन क्षेत्रसँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि रु.१२ लाख विनियोजन गरेको छु।

**सामाजिक विकास**

**खानेपानी, सरसफाई तथा फोहोर व्यवस्थापन**

३७. नगर क्षेत्रका खानेपानीको समय समयमा गुणस्तर परीक्षण गरिने छ। खानेपानी योजनाहरुको मर्मत संभार गरी सञ्चालन गरिने छ।खानेपानीका मुहानको संरक्षण र सरसफाइमा स्थानीय उपभोक्ता समूहलाई जिम्मेवार बनाइने छ।

३८. नगरका सार्वजनिक स्थल र पानीका स्रोतमा फोहोर फाल्न नदिन समुदायको सक्रियता बढाउँदै विद्यमान कानुनको कडाइका साथ कार्यान्वयन गरिने छ।

३९. नगरपालिकाको फोहोर व्यवस्थापन गरी स्वच्छ नगर निर्माण गर्न रु. २० लाख विनियोजन गरेको छु।

४०. फोहोर मैला बापतको शुल्क स्थानीय टोल विकास संस्था मार्फत उठाउने र उठेको रकमको 20 प्रतिशत रकम प्रोत्साहन स्वरूप सम्बन्धित टोल विकास संस्थालाई उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिएको छु।

४१. खानेपानी तथा सरसफाई योजना मर्मत तथा व्यवस्थापनका लागि नगरपालिकाको रु ८ लाख संघीय सशर्त २ लाख प्रदेश सशर्त अनुदान रु.२ लाख गरी जम्मा रु रु १२ लाख विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

४२. नगर स्तरीय भलिबल तथा खेलको विकास, मैत्रीपूर्ण खेलकुद, युव लक्षित कार्यक्रम र खेल प्रोत्साहनको लागि रु.१८ लाख विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा तथा संरक्षण, लैंङ्गिक समानता र सामाजिक समावेशीकरण**

४३. महिला हिंसा, लैंगिक विभेद, कुरीति, कु-संस्कार न्यूनीकरणका लागि ११ वटै वडामा सञ्चालन हुने गरी उप-प्रमुख महिला विकास कार्यक्रम र नगरबाट सञ्चालन गर्ने गरी महिला लक्षित कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४४. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्र वितरण, क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायता सामग्रीको उपलब्धता जस्ता कार्यक्रमलाई स्थान दिएको छु। ग वर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु। अपाङ्गता भएका व्यक्तिको लागि स्मार्ट परिचय पत्र वितरण गर्ने कार्यको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४५. जेष्ठ नागरिक सम्बन्धी विशेष कार्यक्रमको अतिरिक्त स्वास्थ्यसँग जोडेर कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

४६. बालमैत्री स्थानीय शासनयुक्त नगरको दिगोपनाको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न रु.१७ लाख विनियोजन गरेको छु। नगरस्तरीय बाल उद्यान स्तरोनन्तिको लागि आवश्यक रकम विनियोजन गरेको छु।

४७. जातीय विभेद तथा छुवाछुत उन्मुलनका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको

छ।

४८. लोपोन्मुख कुमाल तथा गन्धर्व जातिको उत्थान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४९. जनजातिहरूको स्थानीय कला संस्कृति संरक्षण, स्थानीय न्यायिक कार्यसम्बन्धी विद्यार्थीलाई सचेतना कार्यक्रम, बालबालिकासँग उप-प्रमुख कार्यक्रम, महिला, बालबालिका र अपाङ्ग लक्षित रेडियो कार्यक्रम , सहिद र बेपत्ता परिवारसँग नगर उप-प्रमुख कार्यक्रम, लागूऔषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५०. सामाजिक सुरक्षा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको लागि रु. ५९ लाख बजेट विनियोजन गरेको छु।

**शिक्षा**

५१. नगरपालिकाको उच्च शिक्षाको शैक्षिक धरोहर गलकोट बहुमुखी क्याम्पसको लागि नगरपालिकाले रु. १ करोड दिने प्रतिबद्धता गरेकोमा आगामी आर्थिक वर्ष २०८२/८३ मा रु. २५ लाख बजेट विनियोजन गरेको छु।

५२. विद्यालयस्तर बाटै खेल क्षेत्रको विकास गर्न एवं शैक्षिक क्रियाकलापमा सुधार ल्याउन नगरप्रमुख र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा बृहत् शैक्षिक प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५३. विपन्न, जेहेन्दार, दलित बालबालिकाको लागि नगरप्रमुख शैक्षिक छात्रवृत्ति कोषलाई निरन्तरता दिएको छु।

५४. बाल विकास कक्षाको उचित व्यवस्थापन गरी बाल विकास सहजकर्तालाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम प्रस्ताव गरेको छु।

५५. आधारभूत तहको कक्षा ८ तथा एस. इ. इ परीक्षा लक्षित अंग्रजी, गणित र विज्ञान विषयको नतिजा सुधारको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।शिक्षकहरुको लागि आधारभूत तहको सूचना प्रविधि तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु

५६. एफ.एम.रेडियोबाट मासिक रूपमा विषयगत हाजिरी जबाफ प्रतियोगिता तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५७. गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानी मा.वि. मा छात्रवास भवन निर्माणको लागि संघीय सशर्त अनुदान तर्फ रु .७० लाख विनियोजन गरिएको छ ।प्रसूति बिदामा रहेका शिक्षकको सट्टामा बिदा अवधिभर वैकल्पिक शिक्षक राखी पठनपाठन गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु।

५८. कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थीलाई दिइँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिएको छु।विद्यालय समायोजन तथा मर्ज भएको कारणले टाढाको विद्यालयमा जानुपर्ने बाध्यता भएका विद्यार्थीको छात्रावास तथा यातायात खर्च व्यवस्थापनको लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु।

५९. विद्यालयहरूमा रिक्त हुने शिक्षकको पदमा विज्ञापन गरी करारमा पदपूर्ति गर्न लाग्ने खर्च नगरपालिकाबाटै व्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

६०. समग्र शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनको लागि नगरपालिका तर्फ रु. २ करोड २८ लाख, सशर्त अनुदान रु. ३० करोड ११ लाख, संघीय विशेष अनुदान तर्फ रु.१ करोड ३६ लाख र प्रदेश विशेष अनुदानमा ४० लाख गरी जम्मा रु. ३४ करोड ५६ लाख बजेट विनियोजन गरेको छु जुन कुल बजेटको ४८ प्रतिशत हुन आउँछ ।

**स्वास्थ्य**

६१. गलकोट नगर अस्पतालको सेवा सुदृढीकरणमा जोड दिएको छु। हालै सञ्चालनमा आएका फिजियोथेरापी, ब्लड बैंक र सुत्केरीको आकस्मिक शल्यक्रिया सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । अस्पतालमा निर्माणाधीन आवास भवनलाई पूर्णता दिने प्रबन्ध मिलाएको छु । गलकोट नगर अस्पताल सञ्चालनका लागि थप चिकित्सक लगायतका जनशक्ति आवश्यक पर्ने हुनाले अस्पताल तथा सहरी स्वास्थ्य केन्द्रमा जनशक्ति व्यवस्थापनका लागि नगरबाट रु १ करोड बजेट विनियोजन गरेको छु ।

६२. आत्महत्याको रोकथाम तथा न्यूनीकरणका लागि मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न रु ३ लाख बजेटको विनियोजन गरेको छु ।

६३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि निःशुल्क स्वास्थ्य बिमा, सम्मानजनक बिदाइ, मासिक सञ्चार खर्चको निरन्तरता साथै प्राथमिक उपचार किट बक्सको व्यवस्थापन गरेको छु ।

६४. सबै स्वास्थ्य संस्थाहरुमा कागजविहिन (Paperless) अभिलेख र प्रतिवेदन प्रणाली लागू गर्न, घर घरमा जेष्ठ नागरिक कार्यक्रम, नगरप्रमुख मातृ तथा शिशु पोषण कार्यक्रम, विपन्न स्वास्थ्य बिमा कार्यक्रम, गर्भवती प्रोत्साहन कार्यक्रम, खानेपानीको गुणस्तर परीक्षण तथा सर्भिलेन्स, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, मुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, क्षयरोग मुक्त अभियान गलकोट कार्यक्रम, विभिन्न स्वास्थ्य शिविर सञ्चालन जस्ता कार्यक्रमलाई निरन्तरता दिन, स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्डको सुदृढिकरण गर्न तथा स्वास्थ्य सम्बन्धी विभिन्न दिवस र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६५. नगरका विभिन्न वडाहरुमा ३० वर्ष देखि ६० वर्ष उमेर समूहका नागरिकहरुमा नसर्ने रोगको स्क्रिनिङ शिविर सञ्चालन गर्नका लागि ५ लाख बजेट विनियोजन गरिएको छ ।

६६. संघीय सरकारको साझेदारीमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा संचालन गर्ने प्रबन्ध मिलाएको छु ।

६७. स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्न नगरपालिका तर्फ तबल सहित २ करोड ३७ लाख र सशर्त अनुदान सहित एकमुष्ठ रु. ५ करोड ५६ लाख गरी जम्मा रु.७ करोड ९३ लाख विनियोजन गरिएको छ जुन कुल बजेटको ११.०५ प्रतिशत हुन जान्छ ।

**कला, संस्कृति र साहित्य**

६८. स्थानीय स्तरका कला, संस्कृति, साहित्य, पर्व, मेला, जात्रा, नाच आदिको संरक्षण र प्रवर्द्धन गरी पर्यटनसँग जोड्न आवश्यक व्यवस्था गरेको छु।

६९. समग्र कला, संस्कृति र साहित्य तर्फका कार्यक्रमको लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

**पूर्वाधार विकास**

७०. गलकोट नगरपालिका २ को वडा कार्यालय नरेठाँटी देखि- रामकृष्ण आ.वि. -तोरीखोला -नवयुवक आ.वि- पार्वती मा.वि हुदै वडा नं ६ को वडाकार्यालय जोड्ने सडक स्तरउन्नतीको लागि संघीय समपुरकबाट रु.१ करोड ५० लाख र नगरपालिकाको समपुरक बाट रु.१ करोड ५० लाख गरी जम्मा रु.३ करोड बजेट विनियोजन गरिएको छ।

७१. दुदिलाभाटी बजार देखि थालिङ जोड्ने झो.पु, १.चिप्लेटी घाट झोलुङ्गे पुलको लागि रु.६ लाख विनियोजन गरिएको छ ।

७२. गत आ.व.मा नगर गौरवको योजना नपरेका वडाहरू क्रमश: वडा नं.१,२,४,६ र ९ लाई ३० /३० लाखको नगर स्तरीय योजनाको काफलठुटा देखी सानी स्वारा पक्की ढलान मोटर बाटो निर्माण वडा नं.१ , नरेठाँटी बजार ढलान, प्रतिक्षालय, विद्यालय पर्खाल पेन्टिङ्ग , गेट निर्माण र नरेठाँटी - चिनामाली - पैँयुडाँडा सडक स्तरोन्नती वडा नं. २, बौर स्वास्थ्य चौकी नुवाकोट/चमुवा, खरुवा मोटर बाटो स्तरोन्नती, वडा नं ६ नं. वडा कार्यालय जाने/ चरौदी भुजुङ्गे जाने बाटो ढलान वडा नं. ६, लोप - बरेखानी मोटर बाटो स्तरोन्नती ग.न.पा.९, लागि रु. १ करोड ५० लाख र ३, ५, ७, ८, ९, १० र ११ मा रु. ५/५ लाख लागतका एक-एक वटा नगरस्तरीय योजना कार्यान्वयनको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु।

७३. नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्यको लागि रु. २ करोड विनियोजन गरेको छु ।

७४. वडा भित्रका सडकहरुको सरसफाई तथा मर्मत गरी नियमित सञ्चालन गर्न एकमुष्ठ रु. २० लाख नियोजन गरेको छु।

७५. संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक योजना कार्यान्वयनको लागि समपुरक कोषमा रु. २ करोड ३ लाख विनियोजन गरेको छु।

७६. बजेट तर्जुमाको समयमा पूर्वानुमान गर्न नसकिने तर वर्षभरी आत्यावश्यक देखिने योजना कार्यान्वयन र मर्मत संभार गर्न विशेष विकास कार्यक्रममा रु. ९० लाख विनियोजन गरेको छु।

७७. आगामी आर्थिक वर्ष देखि पूर्वाधार निर्माण कार्यको गुणस्तर जाँच गर्ने व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरेको छु।रिस्मी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ट्रस निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेकोछु । मध्यपहाडी लोकमार्ग(वडा नं ९ वडागाँउ ) देखि छिस हुँदै वडा नं ११ वडा कार्यालय जाने सडक स्तरउन्नतीको प्रदेश समपुरक अनुदान बाट रु.६० लाख र नगरपालिका बाट आवश्यक रकम विनियोजन गरिएको छ ।

७८. ताराखोला गाउँपालिकाको माझखर्क कर्ले गलकोट दर्म काफलडाँडा हरिचौँर सडक स्तरोन्नतीको लागि संघीय सशर्त अनुदान तर्फ रु.१ करोड २० लाख विनियोजन गरिएको छ ।गलकोट पूर्वाधारतर्फका योजना कार्यान्वयन गर्न समपुरक सहित नगरपालिका तर्फ रु. ८ करोड १३ लाख र संघीय र प्रदेश अनुदान अन्तर्गत ३ करोड ५२ लाख गरी जम्मा रु.११ करोड ६५ लाख विनियोजन गरेको छु।

**सुशासन तथा अन्तरसम्बन्धित विषय**

७९. उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमनको कार्यलाई व्यवस्थित बनाउन तथा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

८०. सरकारी काम कारबाहीमा पारदर्शिता कायम गरी सूचनाको हकको प्रवर्द्धन गरिने छ ।यसका लागि सार्वजनिक सुनुवाई तथा जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८१. स्थानीय सरकारले गर्ने सेवा प्रवाहमा नागरिकको विश्वास र अपनत्व अभिवृद्धि गरिने छ ।भौतिक सेवा प्रवाहलाई क्रमशः अनलाईन माध्यममा रुपान्तरण गर्दै लगिने छ ।कर्मचारीमा क्षमता विकास तालिमको माध्यमबाट दक्षता अभिवृद्धि गरिने छ।

८२. कर्मचारी र जनप्रतिनिधिमा सदाचार संस्कृतिको विकास गरिने छ ।यसका लागि सरकारी चालु खर्चमा मितव्ययिता

कायम गर्ने उपायहरुको अवलम्बन गरिने छ।नागरिकको गुनासो सम्बोधन गर्न गुनासो व्यवस्थापन कार्यलाई व्यवस्थित बनाइने छ।

८३. न्यायिक समितिको सक्रियता बढाइ मेलमिलापको कार्यलाई थप व्यवस्थित गरिने छ।

८४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको लागि रु. ३८ लाख विनियोजन गरेको छु।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

८५. सामुदायिक वन उपभोक्ता समिति परिचालन गरी वनजन्य उत्पादनको उपयोग गरिने छ।

८६. आपत्कालिन कार्यसञ्चालन केन्द्रलाई थप व्यवस्थित गरिने छ। केन्द्रको लागि आवश्यक सामग्री खरिद गरी भण्डारण गरिने छ। विपद् व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्थापन गरिने छ।

८७. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लागि जम्मा रु. ५० लाख विनियोजन गरेको छु।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

**अब म माथि उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट र स्रोतको अनुमान प्रस्तुत गर्दछु।**

८८. आगामी आर्थिक वर्ष २०८२/८३ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७१ करोड ७४ लाख ५ हजार ६ सय विनियोजन गरेको छु।जसमध्ये चालु तर्फ रु. ५३ करोड २८ लाख ५५ हजार ६ सय अर्थात कुल विनियोजन बजेटको ७४.२७ प्रतिशत र पुँजीगत तर्फ रु. १८ करोड ४५ लाख ५० हजार अर्थात कुल विनियोजन बजेटको २५.७३ प्रतिशत रकम विनियोजन गरेको छु।

८९. आगामी आर्थिक वर्ष २०८२/८३ को लागि खर्च वेहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ५१ लाख, संघीय राजस्व बाँडफाँटबाट रु.१० करोड ४८ लाख ७५ हजार ९ सय ६४ रुपैयाँ, संघीय सशर्त अनुदानबाट ३६ करोड ५३ लाख, संघीय विशेष अनुदानबाट १ करोड ३६ लाख प्राप्त, सघीय समपुरक अनुदान तर्फ रु. १ करोड ५० लाख हुने अनुमान गरेको छु। गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४८ लाख २१ हजार, राजस्व बाँडफाँटबाट रु. १ करोड २० लाख १ हजार, विशेष अनुदानबाट रु. ४० लाख, समपुरक अनुदानबाट रु. ६० लाख प्राप्त हुने अनुमान गरेको छु।स्थानीय राजश्व परिचालनबाट आन्तरिक राजश्व रु. १ करोड ९३ लाख प्राप्त हुने अनुमान गरेको छु।साथै, चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन पश्चात् रु. १ करोड ६५ लाख ९२ हजार ६ सय बचत हुने अनुमान गरेको छु।यसको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरेको छु।

**श्रद्धेय नगरसभाका अध्यक्ष महोदय,**

९०. वर्तमान राजश्व परिचालनको अवस्थालाई दृष्टिगत गर्दा राजश्वको लक्ष्य प्राप्ति गर्न केही चुनौतिपूर्ण अवस्था देखिन्छ।राजश्व शाखाको सुदृढिकरण गर्दै नागरिकलाई कर तथा शुल्क तिर्न प्रोत्साहन गर्ने नीति लिएको छु। कार्यविधि तर्जुमा गरी नगरपालिका भित्रका घरहरुको अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित बनाई अभिलेखीकरण शुल्क र घर बहाल कर असुलीमा उल्लेख्य प्रगति हुने अनुमान गरेको छु।

९१. गलकोट नगरपालकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजश्व संकलन र राजश्व

प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न प्रस्ताव गरिएको आर्थिक विधयेक, २०८२ र नगरपालिकाको सेवा तथा कार्यका लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विनियोजन विधयेक, २०८२ यसै साथ प्रस्तुत गरेको छु।

९२. प्रस्तुत बजेटको कार्यान्वयनबाट उत्पादन र उत्पादकत्व वृद्धि भई स्थानीय अत्यावश्यक पूर्वाधारको निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु। स्थानीय सेवा प्रवाहमा नागरिकको पहूँच अभिवृद्धि भई सुशासनको माध्यमबाट समृद्धि तर्फको यात्रामा समानुपातिक समावेशी विकासको जग बस्ने विश्वास लिएको छु।

**अन्त्यमा,**

बजेट निर्माणको लागि मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगर प्रमुख, नगर कार्यपालिकाका सदस्यहरु, विषयगत समितिका सदस्यहरु, नगरसभाका सदस्यहरु, राजश्व परामर्श समिति, राजनीतिक दलका नेतागण, कर्मचारी, शिक्षक, पत्रकार, निजी क्षेत्र, नागरिक समाज, स्थानीय आम नागरिक सबैप्रति हार्दिक आभार प्रकट गर्दछु।यो बजेट कार्यान्वयन गर्नको लागि सबै पक्षको इमान्दार प्रयास र पर्याप्त सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद !**

**फमलाल निउरे**
**(नगर उप-प्रमुख)**
**विक्रम संवत् २०८२ साल**
**आषाढ ७ गते, शनिवार**
**नेपाल संवत्  १४४५**
**तछलागा:१०, शनिवार**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

कार्यालयको कोड : ८०४४५४०१३००

| गलकोट नगरपालिका बागलुङ । | | | | |
|---|---|---|---|---|
| आ.व.०८०/८१ को यथार्थ २०८१/८२ को संशोधित र आ.व.२०८२/८३ को प्रस्तावित अनुमान | | | | |
| सि.नं | शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. ०८१/८२ को संशोधित अनुमान | आ.व. ०८२/८३ को प्रस्तावित अनुमान |
| १ | आय तर्फ (राजस्व तथा अनुदान ) | ६२४७८३०७६.०० | ६३१४९५२९६.०० | ७१७४०५६००.०० |
| १.१ | आन्तरिक राजस्व | ३७८६५३६८.८४ | ३८८८२०२५.०० | ३६९४२६३६.०० |
| १.१.२ | सम्पती कर | २४१४९५४.०० | २६०९१८४ | २८००००० |
| १.१.३ | भुमिकर/मालपोत | १४९५८८६.०० | १६६५९४०.२६ | २०००००० |
| १.१.४ | वहाल कर | १७१४३१३.०३ | १३९७०३६.९४ | १५००००० |
| १.१.५ | न्यायिक दस्तूर | १००००.०० | ६०० | २५००० |
| १.१.६ | अन्य प्रशासनिक सेवा शुल्क | २३३२२७५.३८ | १५०१४८५ | १७००००० |
| १.१.७ | नक्सापास दस्तुर | ७४९०४४.०० | २७९५३२.६ | १०००००० |
| १.१.८ | सिफारिश दस्तुर | ४४११९१६.०० | ४४३१२०८ | ४६००००० |
| १.१.९ | व्यक्तिगत घटना दर्ता दस्तुर | २८५६५०.०० | ६५०१५० | ५००००० |
| १.१.१० | नाता प्रमाणित दस्तुर | २२५९५०.०० | १९५००० | ८००००० |
| १.१.११ | अन्य दस्तुर | ६२४४१३.०० | १७६००० | ६००००० |
| १.१.१२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २२३००४७.०० | ३३००००० | १२००००० |
| १.१.१३ | अन्य राजस्व | ६२२२०२.९१ | २६०००० | ६००००० |
| १.१.१४ | व्यवसाय कर | ०.०० | ० | १८००००० |
| १.१.१५ | बेरूजू | १०८८४६.०० | १८३९९५२ | ४००००० |
| १.१.१६ | दहत्तर बहत्तर शुल्क | २८००.०० | २४००० | ० |

| | | | | |
|---|---|---|---|---|
| १.१.१७ | अन्य क्षेत्रको आय | ०.०० | | २५००० |
| १.१.१८ | प्रदुशण नियन्त्रण शुल्क | ०.०० | ५००००० | ८००००० |
| १.१.१९ | स्थानीय संचित कोष बैंक मौज्दात | २०६३४२२१.५२ | २००५१९३६.२० | १६५९२६३६ |
| १.१.२० | मनोरञ्जन कर | २८५०.०० | ०.०० | ० |
| १.२ | जनसहभागिता | ६२४४१२.०० | १७०००००.०० | ७५००००.०० |
| १.२ | स्थानीय नगर सहभागिता | | १७०००००.०० | ७५००००.०० |
| १.३ | अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सरकार | ५५६२५४०७४.८८ | ५५३७६१२७१.०० | ६३९०९०९६४.०० |
| १.३.१ | रोयल्टी | ५४१३.८१ | १४७३३.०० | १५०००.०० |
| १.३.२ | बंडफांड भई प्राप्त हुने मु.अ.कर | ६३६६५७७४.८८ | ५६०८५५३०.०० | ७८६५६९७३.०० |
| १.३.३ | बांडफांड भई प्राप्त हुने अन्त शुल्क | २९१८१४४०.४४ | २४५२८९१५.०० | २६२१८९९१.०० |
| १.३.४ | नेपाल सरकारबाट प्राप्त समानीकरण | १०५८३४०००.०० | १०५२४८७२०.०० | ११५१०००००.०० |
| १.३.५ | नेपाल सरकारबाट प्राप्त ससर्त चालु | ३३५८९५८६९.५६ | ३५७०२४०००.०० | ३६५३००००० |
| १.३.६ | नेपाल सरकारबाट प्राप्त ससर्त पुँजिगत | ३४१६३२०.०० | २३०००००.०० | २५२००००० |
| १.३.७ | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान पुँजिगत | ६००००००.०० | ०.०० | १५००००००.०० |
| १.३.८ | नेपाल सरकारबाट प्राप्त विषेश अनुदान चालु | २८८७६७०.०० | ०.०० | ० |
| १.३.९ | नेपाल सरकारबाट प्राप्त विषेश अनुदान पुँजिगत | ९३७३०००.०० | ८५७४१०६.०० | १३६००००० |
| १.४ | वित्तीय हस्तान्तरण प्रदेश सरकार | २६५२८९४०.०० | ३३६५२०००.०० | ३७०२२०००.०० |
| १.४.१ | राजस्व बांडफांडबाट प्राप्त रकम सवारी साधन कर | १०५३२९३१.०० | १११५२०००.०० | १२००१०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १.४.२ | प्रदेश सरकारबाट प्राप्त समानीकरण | ११३३८५००.०० | १५०२९०००.०० | १४८२१०००.०० |
| १.४.३ | प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान चालु | | | ०.०० |
| १.४.४ | प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान पुँजिगत | ४६५७५०९.०० | ०.०० | २०००००.०० |
| १.४.५ | प्रदेश सरकारबाट प्राप्त समपुरक | ०.०० | ४४७१०००.०० | ६००००००.०० |
| १.४.६ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान चालु | | | |
| १.४.७ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान पुँजितग | | ३००००००.०० | ४००००००.०० |
| १.५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३५१०२८०.२८ | ३५००००० | ३६००००० |
| २ | व्ययः | ६०४७३११३९.८० | ६१४९०२६६०.०० | ७१७४०५६००.०० |
| २.१ | चालु खर्च | ४७५७१८९७०.८० | ४५८३०४९८३.०० | ५३२८५५६०० |
| २.२ | पुंजिगत खर्च | १२९०१२१६९.०० | १५६५९७६७७.००० | १८४५५०००० |
| बजेट बचत (+)/न्यून (-) | | २००५१९३६.२० | १६५९२६३६.०० | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | २००५१९३६.२० | १६५९२६३६.०० | ०.०० |

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# कार्यक्रम तथा परियोजना अनुसारको बजेट विवरण

कार्यालयको कोड : ८०४४५४०१३००

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा |
|---|---|---|---|---|
| **कार्यालय सञ्चालन तथा प्रशासनिक** | | | | |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | आन्तरिक श्रोत - नगद | १,५०,००,०००.०० |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८०,००,०००.०० |
| ३ | पोशाक | २११२१ | आन्तरिक श्रोत - नगद | ७,५०,०००.०० |
| ४ | स्थानीय भत्ता | २११३१ | आन्तरिक श्रोत - नगद | १२,००,०००.०० |
| ५ | महंगी भत्ता | २११३२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.०० |
| ६ | प्राविधिक कर्मचारीको फिल्ड भत्ता | २११३३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५,००,०००.०० |
| ७ | कर्मचारीको बैठक भत्ता | २११३४ | आन्तरिक श्रोत - नगद | ४,५०,०००.०० |
| ८ | अन्य भत्ता | २११३९ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| ९ | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |
| १० | पारिश्रमिक/ सुविधा जनप्रतिनिधि | २११४२ | आन्तरिक श्रोत - नगद | ६०,००,०००.०० |
| ११ | पारिश्रमिक/ सुविधा जनप्रतिनिधि | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८६,००,०००.०० |
| १२ | पानी तथा बिजुली | २२१११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,५०,०००.०० |
| १३ | संचार महसुल | २२११२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| १४ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १९,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १५ | सवारी साधन मर्मत खर्च | २२२१३ | आन्तरिक श्रोत - नगद | १६,००,०००.०० |
| १६ | बिमा तथा नवीकरण खर्च | २२२१४ | आन्तरिक श्रोत - नगद | ३,५०,०००.०० |
| १७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | आन्तरिक श्रोत - नगद | ३,५०,०००.०० |
| १८ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ७,००,०००.०० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १४,००,०००.०० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री वडातर्फ | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ११,००,०००.०० |
| २१ | इन्धन - अन्य प्रयोजन | २२३१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८५,०००.०० |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | राजस्व बाँडफाँड - प्रदेश सरकार  - नगद | ९,००,०००.०० |
| २३ | वार्षिक कार्यक्रम,बजेट पुस्तक र योजना पुस्तक छपाई | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,५०,०००.०० |
| २४ | करार सेवा शुल्क पारिश्रमीक कृषि पशु | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १३,००,०००.०० |
| २५ | कानुनी सहजकर्ताको पारिश्रमीक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,५०,०००.०० |
| २६ | नगर अस्पताल चिकित्सक कर्मचारी र आधारभुत स्वा.केन्द्र र शहरी स्वा. केन्द्रको तलब भत्ता र पारिश्रमिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,००,०००.०० |
| २७ | नगर प्रहरी पारिश्रमिक तथा परिचालन खर्च | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १८,००,०००.०० |
| २८ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन वित्तीय साक्षरता र मनोसामाजिक परामर्शकताको तलब | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,९०,०००.०० |
| २९ | अन्य सेवा शुल्क नगर करार कर्मचारी पारीश्रमीक | २२४१९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८३,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ३० | कर्मचारी तालिम खर्च /सिप विकास तालिम | २२५११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,५०,०००.०० |
| ३१ | नेपाल पत्रकार महासंघ बागलुङको संथागत विकास तथा पत्रकारको क्षमता अभिवृद्धि कार्यक्रम | २२५१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| ३२ | अतिथि सत्कार खर्च | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| ३३ | अन्य कार्यक्रम खर्च | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,५०,०००.०० |
| ३४ | विगत आ.ब को भुक्तानी बाकी | २२५२२ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| ३५ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | आन्तरिक श्रोत - नगद | ८,००,०००.०० |
| ३६ | भ्रमण खर्च | २२६१२ | आन्तरिक श्रोत - नगद | १३,००,०००.०० |
| ३७ | विविध खर्च | २२७११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १३,५०,०००.०० |
| ३८ | नगर सभा सञ्चालन खर्च | २२७२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४९,०००.०० |
| ३९ | नगर सभा सञ्चालन खर्च | २२७२१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,५१,०००.०० |
| ४० | जग्गाको भाडा | २८१४१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,३०,०००.०० |
| ४१ | घरभाडा | २८१४२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २९,००,०००.०० |
| ४२ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,००,०००.०० |
| ४३ | सवारी साधन खरिद | ३११२१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ७,००,०००.०० |
| ४४ | मेशिनरी तथा औजार | ३११२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,००,०००.०० |
| ४५ | फर्निचर तथा फिक्चर्स | ३११२३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,००,०००.०० |
| **कुल जम्मा** | | | | **८,५८,०५,०००.००** |
| **पुर्वाधार विकास** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | १० नं वडा कार्यालय व्यवस्थापन | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| ४७ | ५ नं. वडा कार्यालय ट्रस निर्माण | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| ४८ | तरिम समसान घाट निर्माण ग.न.पा. ५ | ३११११२ | आन्तरिक श्रोत - नगद | १,००,०००.०० |
| ४९ | दुदिलाभाटी सामुदायिक भवन निर्माण सम्पन्न, चौराह | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ५० | धर्म पोखरी युवा क्लव मञ्च निर्माण वडा नं. ११ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| ५१ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १,९४,००,०००.०० |
| ५२ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ६,००,०००.०० |
| ५३ | बौर आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | ३११११२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,५०,०००.०० |
| ५४ | मसार समसान घाट निर्माण ग.न.पा. ६ | ३११११२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २,००,०००.०० |
| ५५ | महिला सामुदायिक भवन छेडा पोखरा सानो रिघा | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| ५६ | रिश्मी आधारभूत स्वास्थ्य सेवा केन्द्र ट्रस् निर्माण | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| ५७ | लोङ्गा बालविकास केन्द्र रमुवामा शौचालय निर्माण | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ५८ | अन्य सम्भावित आयोजनाको डि.पि.आर तयारी गर्ने | ३१११३५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,००,०००.०० |
| ५९ | नगर यातायात संभाव्यता अध्ययन | ३१११३५ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ६० | ६ नं. वडा कार्यालय जाने/ जामुनेडाडा ढलेपिपल चरौदी भुजुङ्गे जाने बाटो ढलान | ३१११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३०,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ६१ | ७ नं. वडा कार्यालय भवनदेखि हाइर्व आगाँखेत चोकसम्म सडक स्तरउन्नती | ३११५१ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५,००,०००.०० |
| ६२ | कुल्यान थान घुम्टी मर्मत तथा ढलान बोहराफाँट वडा नं. ३ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ६३ | काँडेबास मोटर बाटो स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| ६४ | काफलठुटा देखी सानी स्वारा पक्की ढलान मोटर बाटो निर्माण | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३०,००,०००.०० |
| ६५ | चमुवाखोला किमाटा सडक ढलान वडा नं. ४ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |
| ६६ | चौराहा लामिडाँडा धारापानी मोटरबाटो स्तरवृद्धि ग.न.पा.१ | ३११५१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,५०,०००.०० |
| ६७ | डण्डेरी खोला ट्रस ब्रिज निर्माण (वडा नं. १ र वडा नं. ४ जोड्ने) | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ६८ | ढलेपिपल देखि काउले जाने सडक ढलान गनपा ४ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| ६९ | दुदिलाभाटी हेलपपोष्ट देखि उपल्लो बजारमा नाली निर्माण | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| ७० | नरेठाँटी - चिनामाली - पैँयुडाँडा सडक स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १०,००,०००.०० |
| ७१ | नरेठाँटी बजार ढलान, प्रतिक्षालय, विद्यालय पर्खाल पेन्टिङ्ग , गेट निर्माण | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २०,००,०००.०० |
| ७२ | पथ्थरे देउराली वडा नं. ४ र सल्यान सुखौरा जोडने सडक स्तरोन्नती | ३११५१ | आन्तरिक श्रोत - नगद | २,००,०००.०० |
| ७३ | बौर स्वास्थ्य चौकी नुवाकोट/चमुवा, खरुवा मोटर बाटो स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २२,५०,०००.०० |
| ७४ | बौर स्वास्थ्य चौकी नुवाकोट/चमुवा, खरुवा मोटर बाटो स्तरोन्नती | ३११५१ | जन सहभागिता - आन्तरिक श्रोत | ७,५०,०००.०० |
| ७५ | भैसे दानसिंह सर्दाखेत टेउवा मोटर बाटो | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ७६ | भाटी - भैसे सडक स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ७७ | रहले-झारसादी-मजुवा-खेरादी-किम्ले-वडा कार्यालय मोटर बाटो स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| ७८ | लब्दि टोल मोटरबाटो निर्माण (साविक वडा नं.८ ) रिघा | ३११५१ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ४,००,०००.०० |
| ७९ | लोप - बरेखानी मोटर बाटो स्तरोन्नती ग.न.पा.९ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ३०,००,०००.०० |
| ८० | संघ तथा प्रदेशबाट तोकिएका योजनाको लागि समपुरक अनुदान | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १,२४,३९,०००.०० |
| ८१ | संघ तथा प्रदेशबाट तोकिएका योजनाको लागि समपुरक अनुदान | ३११५१ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ७८,६१,०००.०० |
| ८२ | सडक नियमित मर्मत संभार | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २०,००,०००.०० |
| ८३ | सादी खोलामा कल्भर्ट निर्माण | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ८४ | हटिया स्वास्थ्य चौकी जाने मोटर बाटो स्तरोन्नती | ३११५१ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५,००,०००.०० |
| ८५ | नगर स्तरीय बाल उद्यान स्तरउन्नती | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| ८६ | निजी आवास पुन निर्माण, पुनस्थापना र प्रवलीकरण लागत साझेदारी कार्यक्रम | ३११५९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,४०,०००.०० |
| ८७ | विगत आ.ब को भुक्तानी बाकी | ३११५९ | आन्तरिक श्रोत - नगद | २६,९२,६३६.०० |
| ८८ | विगत आ.ब को भुक्तानी बाकी | ३११५९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १८,०७,३६४.०० |
| ८९ | विशेष विकास कोष | ३११५९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,१३,०००.०० |
| ९० | विशेष विकास कोष | ३११५९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,२६,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ९१ | विशेष विकास कोष | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ७९,६१,०००.०० |
| ९२ | ईलाका प्रहरी कार्यालय, हरिचौरको व्यारेक मर्मत संभार | ३११६१ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| ९३ | रत्न लक्ष्मी मा.वि. शौचालय पलास्टर | ३११६१ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ९४ | गलकोट बहुमूखी क्याम्पस जग्गा प्राप्ति | ३१४११ | नेपाल सरकार - समानिकरण अनुदान | २०,००,०००.०० |
| **कुल जम्मा** | | | | **८,२८,९०,०००.००** |
| **आर्थिक विकास** | | | | |
| ९५ | नया लघु उद्यमी सिर्जना | २२५१२ | नेपाल सरकार - समानिकरण अनुदान | ४,५०,०००.०० |
| ९६ | पुराना लघु उद्यमीहरुलाई स्तरोन्नती | २२५१२ | आन्तरिक श्रोत - नगद | ३,००,०००.०० |
| ९७ | अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम | २२५२१ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| ९८ | अण्डा  उत्पादनमा प्रवर्धन कार्यक्रम | २२५२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,००,०००.०० |
| ९९ | आर्थिक विकासका निम्ति ओखरखेती परियोजना ओखर आवश्यकता अनुसार | २२५२१ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| १०० | उत्पादनमा आधारित अनुदान | २२५२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १२,००,०००.०० |
| १०१ | उत्पादनमा आधारित अनुदान (दुध र खसी-बोकाको मासुमा) | २२५२१ | नेपाल सरकार - समानिकरण अनुदान | ९,००,०००.०० |
| १०२ | फलफूल प्रवर्द्धन कार्यक्रम | २२५२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,००,०००.०० |
| १०३ | लसुन प्रवर्द्धन कार्यक्रम | २२५२१ | राजस्व बाँडफाँड - प्रदेश सरकार  - नगद | ४,००,०००.०० |
| १०४ | कुकुर सूची दर्ता | २२५२२ | आन्तरिक श्रोत - नगद | ४,००,०००.०० |
| १०५ | कृषि कार्यक्रम अनुगमन मुल्यांकन, छनौट तथा संचालन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १०६ | कृषि प्रदर्शनी कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,००,०००.०० |
| १०७ | कृषि प्राविधिकहरुको मासिक वैठक | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ६०,०००.०० |
| १०८ | कोसेली घर व्यवस्थापन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,००,०००.०० |
| १०९ | तथ्याङ्क संकलन तथा आर्थिक सर्वेक्षण | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ११० | नगर तथा वडा स्तरीय कृषि तथा पशु विकास समिति परिचालन | २२५२२ | आन्तरिक श्रोत - नगद | ५०,०००.०० |
| १११ | पशु विकास कार्यक्रम अनुगमन, मूल्याङ्कन छनौट तथा सञ्चालन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,०००.०० |
| ११२ | पशु सेवाको पहुँचबाट टाढा रहेका २ स्थानमा पशु स्वास्थ्य शिविर संचालन | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| ११३ | भूमि व्यवस्थापन | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,००,०००.०० |
| ११४ | मागमा आधारित क्षमता विकास तालिम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| ११५ | लघु उद्यमीद्वारा संचालित उद्यमको बजारीकरण | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| ११६ | विविध प्रर्यटन प्रवर्द्धन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| ११७ | सहकारी क्षेत्र अनुगमन तथा तालिम व्यवस्थापन | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| ११८ | हाटबजार व्यवस्थापन | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| ११९ | तरल नाइट्रोजन खरिद, ढुवानी र लजिस्टिक | २७२१३ | राजस्व बाँडफाँड – स्थानीय - नगद | २,००,०००.०० |
| १२० | पशुपंछी उपचारका लागि औषधी खरिद | २७२१३ | नेपाल सरकार - समानिकरण अनुदान | १२,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १२१ | वाली उपचार सेवा (विषादी खरिद तथा वितरण) | २७२१३ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| १२२ | लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण | ३११२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० |
| १२३ | नगर क्षेत्रको श्रव्यदृश्य छायाङ्कन | ३११३५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,००,०००.०० |
| १२४ | बौर ओखरबोट सिंचाई कुलो निर्माण | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| १२५ | साना सिंचाई मर्मत तथा संभार | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| १२६ | कोतघर संरक्षणको लागि वृक्षारोपण कार्यक्रम | ३११५७ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| १२७ | सामुदायिक वन परिचालन कार्यक्रम | ३११५७ | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० |
| १२८ | माछाको प्रतिमा निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| १२९ | शहिद थिर बम मल्लको सालिक निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ६,००,०००.०० |
| **कुल जम्मा** | | | | **१,२६,६०,०००.००** |
| **सामाजिक विकास** | | | | |
| १३० | नगर शिक्षा समितिको बैठक संचालन | २११४१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| १३१ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि संचार खर्च | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,०९,६००.०० |
| १३२ | ग वर्गको अपांग व्यक्तिलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,१०,०००.०० |
| १३३ | ग वर्गको अपांग व्यक्तिलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम | २२२१४ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,९०,०००.०० |
| १३४ | विपन्न नागरीक, म.स्वा.स्वयं.सेका निशुल्क स्वास्थ्य विमा कार्यक्रम | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ९,००,०००.०० |
| १३५ | स्वास्थ्य संस्था संचालन खर्च | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७,८०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १३६ | ओपिडी टिकट लगायत विविध छपाइ | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,०००.०० |
| १३७ | कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक छपाई | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,००,०००.०० |
| १३८ | बार्षिक प्रगति प्रतिवेदन प्रकाशन तथा छपाइ | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७५,०००.०० |
| १३९ | मूल्याङ्कन फारम तथा प्र.अ. शैक्षिक डायरी लगायत विविध छपाई | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १४० | शैक्षिक पात्रो प्रकाशन | २२३१५ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,००,०००.०० |
| १४१ | स्थानीय पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा शिक्षक डायरी निर्माण | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| १४२ | गलकोट नगरपालिकामा स्वास्थ्य अनुसन्धानका लागि Research grant उपलब्ध गराउने | २२४११ | आन्तरिक श्रोत - नगद | ५०,०००.०० |
| १४३ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण (Gesi Audit) परीक्षण | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| १४४ | सुत्केरी विदामा रहेका महिला शिक्षकहरुको विदा अवधिमा वैकल्पिक शिक्षक व्यवस्थापन | २२४१९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,००,०००.०० |
| १४५ | परिमार्जित पाठ्यक्रम IEMIS, ICT तथा विविध शैक्षिक पूनर्ताजकी तालिम संचालन | २२५११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,००,०००.०० |
| १४६ | वाल विकास सहजकर्ता तथा अन्य पुनर्ताजकी तालिम | २२५११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १४७ | राष्ट्रिय खेल प्रशिक्षण, युवा सिप विकास, सचेतना तथा युवा लक्षित कार्यक्रम | २२५१२ | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० |
| १४८ | Elmis/Dhis2/Ehmis लगायत डिजिटलाइजेशन सम्बन्धी ३ दिने अभिमूखिकरण | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १४९ | अपांग लक्षित कार्यक्रम | २२५२२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २,००,०००.०० |
| १५० | अपांगता भएका व्यक्तिहरुको डिजिटल परिचयपत्र वितरण शिविर संचालन तथा तथ्यांक संकलन र अध्यावधिक कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ३,५०,०००.०० |
| १५१ | आधारभुत तह कक्षा ८ तथा एसइइ परीक्षा लक्षित अंग्रेजी गणित र विज्ञान विषयको नतिजा सुधारका लागि विशेष कक्षा संचालन कार्यक्रम। | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,००,०००.०० |
| १५२ | एफएमबाट मासिक विषयगत हाजिरीजवाफ प्रतियोगिता तथा शैक्षिक कार्यक्रम संचालन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १५३ | क र ख वर्गका अपांगता भएका व्यक्तिहरुलाई आवश्यक्ताको आधारमा सहायता सामाग्री वितरण | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| १५४ | कक्षा-६ का लागि दिवा खाजा कार्यक्रमको निरन्तरता | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १४,००,०००.०० |
| १५५ | करार, वाल शिक्षक र सहयोगी छनौट परीक्षाका संचालन खर्च | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १५६ | कला संस्कृति र साहित्य संरक्षण तथा प्रवद्धन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,००,०००.०० |
| १५७ | क्षयरोग मुक्त गलकोट अभियान सञ्चालन | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,००,०००.०० |
| १५८ | खेलकुद विकास तथा खेलाडी प्रोत्साहन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १५९ | खानेपानी गुणस्तर निगरानी, सर्भिलेन्स र अन्तक्रिरया कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,०००.०० |
| १६० | गर्भवती महिलाका लागि प्रोत्साहन कार्यक्रमको निरन्तरता | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,००,०००.०० |
| १६१ | गलकोट बहिरा लक्षित कार्यक्रम संचालन | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १६२ | घरदैलोमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० |
| १६३ | जनजातिहरुको कला संस्कृति संरक्षण कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | २,००,०००.०० |
| १६४ | ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,००,०००.०० |
| १६५ | जातीय विभेद तथा छुवाछुत उन्मुलन दिवस कार्यक्रम खर्च अन्तजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| १६६ | जातीय विभेद, छुवाछुत, अन्धविश्वास न्युनीकरणक लागि सचेतना कार्यक्रम | २२५२२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५,५०,०००.०० |
| १६७ | नगर प्रमुख मातृशिशु पोषण भत्ता कार्यक्रम तथा प्रेषण खर्च | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | ५,००,०००.०० |
| १६८ | नगर प्रमुख मातृशिशु पोषण भत्ता कार्यक्रम तथा प्रेषण खर्च | २२५२२ | आन्तरिक श्रोत - नगद | ५,००,०००.०० |
| १६९ | नगर स्तरीय विषयगत समिति गठन तथा परिचालन | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,५०,०००.०० |
| १७० | नगरप्रमुख तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा बृहद शैक्षिक प्रदर्शनी | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.०० |
| १७१ | नगरस्तरीय अर्धवार्षिक, वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.०० |
| १७२ | नेपाल निवृत शिक्षक समाजद्वारा बागलुङ विविध कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत - नगद | २,५०,०००.०० |
| १७३ | नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५,००,०००.०० |
| १७४ | निशुल्क स्वास्थ्य शिविर संचालन | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |
| १७५ | पढाई मेला कक्षा १-३ | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १७६ | प्रधानमन्त्री स्वरोजगार तथा रोजगार प्रवर्द्धन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५,२४,०००.०० |
| १७७ | प्रधानाध्यापकलगायत विभिन्न बैठक संचालन यातायात खर्च | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,००,०००.०० |
| १७८ | फोहोर व्यवस्थापन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,५०,०००.०० |
| १७९ | फोहोर व्यवस्थापन कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ९,५०,०००.०० |
| १८० | बालमैत्री स्थानीय शासनयुक्त नगर दिगोपना सम्बन्धी कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १०,००,०००.०० |
| १८१ | म.स्वा.स्व.से. दिवस, विश्व स्वास्थ्य दिवस तथा विभिन्न दिवसहरु संचालन | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,५०,०००.०० |
| १८२ | मुख स्वास्थ्य प्रवर्धन कार्यक्रम (निरन्तरता तथा केही विद्यालयमा थप गर्ने) | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,५०,०००.०० |
| १८३ | मेयर कप प्रतियोगिता कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,००,०००.०० |
| १८४ | महिला दिवस कार्यक्रम खर्च तथा महिला लक्षित कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| १८५ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मानजनक बिदाइ | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,०००.०० |
| १८६ | महिला हिंसा, लैंगिक विभेद, कुरिति, कुसंस्कार न्युनीकरणका लागि उप-प्रमुख महिला विकास कार्यक्रम | २२५२२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५,५०,०००.०० |
| १८७ | महिला, वालवालिका र अपांग लक्षित रेडियो कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,००,०००.०० |
| १८८ | मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,००,०००.०० |
| १८९ | लागूऔषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड – स्थानीय - नगद | १,५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १९० | लोपोन्मूख कुमाल तथा गन्धर्व जातिको उत्थान कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० |
| १९१ | वाल र शिक्षा दिवस कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत - नगद | ३,००,०००.०० |
| १९२ | वालवालिका संग उप-प्रमुख कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० |
| १९३ | विद्यार्थी, विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,००,०००.०० |
| ६ | ०७८/७९ | ५९६१४३३४ | ५३३८७३४८.७२ | ८९.५५ असार ६ गते सम्म, गत वर्षको मौज्दात ३,८५,१४,३३४ सहित |
| ७ | ०७९/८० | ५९६१४३३४ | ५५५५१२९५.४३ | ९३.१ प्रतिशत (गत वर्षको बैंक मौज्दात ३,८५,१४,३३४.६१ सहित ) |
| ८ | २०८०/८१ | ३६५०००००० | ३८४८४३६६.०० | १०५.४३ प्रतिशत (गत वर्षको बैंक मौज्दात रु. २०६३४२२१ सहित |
| ९ | २०८१/८२ | ४१००००००० | ३८०५२१६५ | असार १ सम्म बैंक मौज्दात रु. २,००,५१,९३६.२० सहित |

**आ.व.** २०८१/८२ **को असार ४ सम्मको प्रगति विवरण र संशोधित अनुमान तपिसल बमोजिम रहेको छ :-**

उक्त विवरणको आधारमा असार मसान्त सम्म गत वर्षको मौज्दात समेत गर्दा जम्मा ९२.८१ प्रतिशत प्रगति भएको देखिन्छ भने बाँकी रहेको ३० दिनमा रु. २० लाख सम्म संकलन भएमा जम्मा राजस्व रु. चार करोड ५२ हजार १६५ सम्म मात्र पुग्ने अनुमान गर्न सकिन्छ । जुन कुल अनुमानको ९७.६८ प्रतिशत हुन जान्छ । नगरपालिकाको विगत आ.व.को तुलनामा यस आ.व.को राजस्व संकलन सुधारात्मक देखिन्छ।

६. **अन्य छिमेकी स्थानीय तहहरूको अध्ययनको विवरण :-**

- बागलुङ नगरपालिकाको करका दर र राजस्व अध्ययनको लागि नगरपालिकाको आर्थिक ऐन अध्ययन गरिएको।
- बडिगाड गाउँपालिकाको करका दर र राजस्वको अध्ययनको लागि गाउँपालिकाको आर्थिक ऐन अध्ययन गरिएको ।
- मुसीकोट नगरपालका, गुल्मीको करका दर र राजस्वको अध्ययनको लागि नगरपालिकाको आर्थिक ऐन अध्ययन गरिएको ।
- धवलागिरी गाउँपालिका, म्याग्दीको करका दर र राजस्वको अध्ययनको लागि गाउँपालिकाको आर्थिक ऐन अध्ययन गरिएको ।

७. **छिमेकी नगरगरपालिका तथा गाउँपालिकाको करका दर र राजस्व सम्बन्धी तुलनात्मक अध्ययनबाट देखिएका व्यहोराहरु :**

अन्य पालिकाको तुलनामा गलकोट नगरपालिकाको आर्थिक ऐनमा धेरैले विषय समेटिएको पाइयो।उक्त पालिकाहरुको करका दरहरुको अध्ययन गर्दा जिल्लभित्रको पालिकाहरुको करको दरमा कुनै शीर्षकहरुमा फरक देखिएकोले सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, विज्ञापन कर र सेवा शुल्क दस्तुरमा समेत हेरफेर गरी समानता कायम गर्ने र न्यायोचित बनाई करका दायरा बढाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८. **राजस्व संकलनमा हालसम्मका सवल पक्षहरु :-**

- आन्तरिक आयका शीर्षकहरुको पहिचान तथा विश्लेषण गरी शीर्षक अनुसार दर निर्धारण गरिएको ।
- सम्पत्ति कर पूर्ण रुपमा कार्यान्वयन गरिएको ।
- व्यवसायको प्रकृति अनुसारको प्रगतिशिल करको मान्यता अनुसार करका दर निर्धारण गरिएको ।
- पूर्ण रुपमा सुत्र प्रणाली कार्यान्वयमा ल्याईएको र नागरिकले QR मार्फत कर भुक्तानी गर्ने व्यवस्था लागु गरिएको ।अनलाई पोर्टल मार्फत करदाताले घरमै बसेरै पनि कर तिर्ने व्यवस्था मिलाइएको ।

- वडा तहबाटै सबै प्रकारका राजस्व संकलन गर्ने व्यवस्था गरिएको।
- फोहोर बापत संकलन हुने, घर बहाल कर र नक्सा पासको प्रगति तुलनात्मक रूपमा वृद्धि हुँदै गएको।
- राजस्व अनुगमन समिति बनाइएको।
- जग्गा जग्गाको पुन:मूल्याङ्कन गरी राजस्व संकलनलाई यथार्थ र वस्तुनिष्ठ बनाउन खोजिएको ।
- आ.व. २०८१/८२ मा चार पटक सम्म राजस्व परामर्श समितिको बैठक बसेको। र हिउँदे अधिवेशनमा समेत राजस्वको विश्लेषण गरि आर्थिक ऐन संशोधन गरिएको ।

९. **राजस्व संकलनमा हालसम्म देखिएका समस्या तथा चुनौतीहरु :-**

- कर्मचारीको समस्या र वडा कार्यालयबाट बैंक टाढा भएको कारण राजस्व रकम आम्दानी बाढ्ने र समयमै बैंक दाखिला गर्ने वानीको विकास हुन नसकेको ।
- नगरक्षेत्रभित्र सञ्चालनमा रहेका ढुंगा खानी र ढुंगा गिटी वालुवाहरुबाट ठेक्का लगाई आम्दानी लिन नसकिएको।
- जडिबुटी करलाई करको दायरामा ल्याउन नसिकएको ।
- सबै नागरिकलाई घरनक्सा पास र घरकायमको दायरामा ल्याउन नसकिएको ।
- ढुंगा स्लेट र अन्य वस्तुको निकासी कर स्वरुप शुल्क निर्धारण गरी कार्यान्वयन गर्न नसकिएको ।
- पार्किङ शुल्क र सवारी कर संकलनको कार्य नभएको।
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी संकलन हुन नसकेको ।
- थोरै लगानीबाट व्यवसाय गरेका व्यवसायीहरुलाई करको दायरामा ल्याउन चुनौटी रहेको छ ।
- छरिएर रहेका वस्ती तथा भौगोलिक जटिलताले कर संकलन कार्यमा समस्या रहेको ।
- निकासी शुल्क दस्तुर र पटके सवारी कर संकलनको कार्य अगाडी बढाउन नसकिएको
- प्रयोग नगरेका व्यक्तिको जग्गाको मालपोत भूमिकर संकलन गर्न नसकिएको ।
- स्थानीय सरकार सञ्चालन ऐनले तोकेका सबै कर तथा शुल्कका दायराहरु प्रयोग हुन नसकेको
- व्यक्तिगत प्रयोजनमा प्रयोग भएका घरहरुको वाहाल कर संकलन गर्न नसकिएको ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ र नियमावली २०७७ अनुसार स्थानीय तहले तीन वर्षको स्रोत अनुमान गरी मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने जसमा आर्थिक स्थायित्व तयार हुने गरी वित्त खाका, नतिजा खाका र बजेट खाका समावेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ अतः यी विषयलाई समेटी वैज्ञानिक र कार्यान्वयन योग्य मध्यमकालीन संरचना तयार गर्नु पर्ने।

१०. **सुझावहरु :-**

विगतका प्रयास राजस्व संकलनको अवस्था सवल तथा कमजोर पक्षहरुको विश्लेषणको आधारमा अगामी आर्थिक वर्षको लागि राजस्व संकलनमा सुधार गरी वैज्ञानिक, विश्वास योग्य,अनुमानयोग्य र लक्ष्यको नजिक पुग्ने गरी राजस्व संकलन गर्नको लागि तपसिल बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

<u>तपसिल</u>

- पालिकाले अनुगमन समिति बनाई राजस्वको निरन्तर अनुगमन गर्नेमा ध्यान दिनु पर्दछ ।
- बजारमा तथा वडामा अधिक पसलहरु दर्ता नगरी सञ्चालनमा आएको पाइयो साथै दर्ता भएका पसलहरुले पनि राजस्व नतिरेको पाइएकोले त्यसता पसललाई नियमन गर्न ध्यान पुर्याउनु पर्दछ ।
- धेरै घरहरु नक्सा पास बिनै निर्माण भएको पाइएकोले नक्सा पासको सम्बन्धमा सञ्चार माध्यम प्रयोग गरी नागरिकलाई सुसुचित गराउने र नियमनमा ध्यान दिनु पर्दछ।

- राजस्व सम्बन्धी स्थानीय तहको अधिकार सूची र कार्य जिम्मेवारीको सफल कार्यान्वयनमा जोड दिनु पर्दछ
- नगरपालिका बाट उत्पादन भइ निकासी हुने वस्तुहरुमा प्रतिष्प्रधाको आधारमा ठेक्का मार्फत निकासी कर संकलन गर्ने व्यवस्था मिलाउने।
- संस्थागत मात्र नभई व्यक्तिगत प्रयोजन र व्यवसाय प्रयोजनमा वहालमा प्रयोग गरेका घरधनीहरुलाइ समेत घरवहालकरको दायरामा ल्याई घरबाहाल करलाई प्रभावकारी रुपमा संकलन गर्ने व्यवस्था मिलाउने।
- व्यवसाय कर वडा तहबाट नै संकलन गर्ने व्यवस्था गर्ने र समयमा नै व्यवसाय कर नतिर्ने हरुलाई आर्थिक वर्ष समाप्त भएपछि जरिवाना सहित बक्यौता कर समेत असुल गर्ने।
- सबै वडामा अनलाईमार्फत राजस्व संकलन गरेको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा अनुगमन गरी देखिएका कमजोरीहरु तत्काल सुधार गर्ने।
- सामुदायिक वनबाट भएको आम्दानीबाट नगरपालिकालाई तिर्नुपर्ने राजस्व कडाईका साथ संकलन गर्ने व्यवस्था मिलाउने ।
- ढुंगा खानीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश कानुन बमोजिम हुने गरी करको दायरामा ल्याउन प्रदेश सरकार जिल्ला वन कार्यालय र जिल्ला समन्वय समितिहरु सँग समन्वय गरी सरलीकरण गर्ने।
- स्थानीय पर्व मेला महोत्सव तथा हाटबजारमा बहाल विरौटी कर संकलनको थालनी गर्ने।र विभाज्य कोषको रकम जम्मा गर्नमा समेत जोड दिनु पर्दछु।
- सार्वजनिक जग्गाहरुको पहिचान गरी पार्क बगैंचा संग्रहालय मन्दिर पोखरी निर्माण गर्ने तथा पर्यटकीय स्थलहरुको विकास गरी पर्यटन शुल्क संकलन गर्ने व्यवस्था गर्ने ।
- नगरपालिकाको आम्दानीका स्रोत सँग सम्बन्धित विषयमा प्रचार प्रसार छलफल तथा बहसका कार्यक्रमहरु सञ्चालन गरी थप कानुन र मापदण्डहरु बनाई लागु गर्ने ।
- राजस्व सुधार योजनालाई कार्यान्वयनमा जोड दिनु पर्दछ ।
- आर्थिक वर्षभित्र कार्यान्वन गर्न सकिने र अनुमानलाई भरपर्दो बनाउन चालु वर्षको राजस्व संकलनको आधार र आगामी आर्थिक वर्ष थप गर्न सकिने स्रोतको आधारमा आ.व. २०८२/८३ को लागि तपसिल बमोजिमको शीर्षकमा देहाय बमोजिम कर संकलन गर्न सकिने देखिएकोले सोही बमोजिम राजस्व अनुमान तयार गरी कार्यक्रम तथा बजेटमा समावेश गर्न स्रोत अनुमान तथा सिमा निर्धारण समितिलाई पेस गरिएको छ ।

**तपसिल**

| क्र.सं. | राजस्व शीर्षक | आ.व. २०८१/८२ को यथार्थ आय | २०८२ असार १ गते सम्म संकलन भएको राजस्व | आ.व. २०८२/८३ को लागि सिफारिस | कै |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति तथा भूमि कर | २४९४९५४ | २४६५७३६.५ | २८००००० | |
| २ | घर बहाल कर | १७१४३१३ | १३०३०५६ | १५००००० | |
| ३ | घर नक्सा पास दस्तुर | ७४९०४४ | २३२९४४ | १०००००० | |
| ४ | नाता प्रमाणित दस्तुर | २२५९५० | १८६००० | ८००००० | |
| ५ | सिफारिस दस्तुर | ४४११९१६ | ४२०४५९० | ४६००००० | |
| ६ | व्यवसाय कर | २२३००४७ | ३१०५६८० | १८००००० | |
| ७ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ० | ० | १२००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | व्यक्तिगत घटना दर्ता दस्तुर | २८५६५० | ६३५१५० | ५००००० | |
| ९ | मालपोत संकलन | १४९५८८६ | १५९७८२० | २०००००० | |
| १० | अन्य दस्तुर | ६२४४१३ | १७५१७३.५ | ६००००० | |
| ११ | अन्य सेवा शुल्क तथा विक्रि | २८२३५९४ | १४७३४०९ | १७००००० | |
| १२ | बेरुजू | १०८८४६ | १८३९९५२ | ४००००० | |
| १३ | अन्य राजस्व | ६८४७८२.५१ | २८५२५९ | ६००००० | |
| १४ | न्यायिक दस्तुर | ७५० | ५८० | २५००० | |
| १५ | अन्य क्षेत्रको आय | ० | ० | २५००० | |
| १६ | प्रदूषण नियन्त्रण शुल्क | ० | ४९४८७९ | ८००००० | |
| १७ | गत वर्षको मौज्दात | २०६३४२२१.५२ | २००५१९३६.२ | १६५९२६३६ | |
| **कुल जम्मा रु.** | | ३८४८४३६७.०३ | **३८०५२१६५** | ३६९४२६३६ | |

विगत आ.व. २०८०/८१ को अन्त्य सम्ममा गत वर्षको बैंक मौज्दात बाहेक संकलित आन्तरिक राजस्व रु. १ करोड ७८ लाख ५० हजार १ सय ४५ रुपैयाँ रहेकोमा चालू आ.व.को असार १ सम्ममा नै आन्तरिक राजस्व रु.१ करोड ८० लाख २ सय ३९ रुपैयाँ संकलन भई सकेको छ।

११. **निष्कर्ष :-**

यो प्रतिवेदन नगरपालिकाले विगतमा गरेको आन्तरिक आय अनुमानको आधारमा आय संकलन तथा कर संकलनमा हालसम्म देखिएका सवल पक्ष र कमजोर पक्षहरु तथा अन्य छिमेकी गाउँपालिका तथा नगरपलिकाले अवलम्बन गरेका दरहरु र हालसम्म संकलन गरेका राजस्वका शीर्षकबाहेकका सम्भावित अन्य शीर्षकहरुको अध्ययन र विश्लेषणको आधारमा तयार गिरएको छ । अध्ययनको आधारमा राजस्व अनुमान र संकलन बीच तालमेल मिलाउन खोजिएको तथा नगरपालिकाले करको दायरा बढाउनको लागि सम्भावित शीर्षकहरुको समेत पहिचान गरी पेश गरिएको छ । नगरपालिकाले आवश्यक ठानेमा विषय विज्ञ समेतको सुझाव लिई आन्तरिक आय वृद्धिको कार्य अगाडी बढाउन पनि सक्ने देखिन्छ ।उल्लिखित विवरणहरुको आधारमा पेश भएका सुझावहरुको कार्यान्वयन सँगै करका दरमा समय अनुसार परिवर्तन छुट तथा थपघट गरी सुधार गर्दै जाने र करका दायरा फराकिलो पार्दै गएमा आगामी दिनमा राजस्व वृद्धि गरी नगरपालिकाले लिएको लक्ष्य हासिल गर्न सकिने कुरामा विस्वास गर्न सकिन्छ ।

**धन्यवाद !**

**प्रतिवेदक:**
**फमलाल निउरे**
**नगर उप-प्रमुख(संयोजक -राजस्व परामर्श समिति )**
**विक्रम संवत् २०८२ साल असार ५ गते, बिहीवार**
**नेपाल संवत् १४४५ तछलागा:८, बिहीवार**

# गलकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# न्यायिक समितिको प्रतिवेदन, २०८२

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित गलकोट नगरपालिका, नगर कार्यपालिकाको नगर सभाबाट नेपालको संविधानको धारा २१७ (१) र (२) बमोजिम गलकोट नगरपालिकाको नगर उप-प्रमुख फमलाल निउरेको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समितिको गठन भइ क्रियाशिल रहँदै आएको छ । गलकोट नगरपालिकाको न्यायिक समिति नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, मेलमिलाप सम्बन्धी ऐन २०६८, मेलमिलाप सम्बन्धी नियमावली, २०७०, गलकोट नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी ) ऐन, २०७५ बमोजिम गलकोट नगरपालिका भित्रका ११ वटा वडा अन्तर्गतका न्यायिक समितिको अधिकार क्षेत्र र कार्यक्षेत्र पर्ने २९ वटा विषयहरूको न्याय निरूपण गर्ने गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ को उपदफा (२) को प्रावधान अनुसार प्रमुख वा संयोजक मार्फत नगर सभामा पेस गर्नु पर्ने कानुनी प्रावधान मुताबिक आयोजित यस गरिमामय नगर सभामा न्यायिक समितिको प्रतिवेदन पेश गर्न गइरहेको छु । यसै सन्दर्भमा चालु आर्थिक वर्ष २०८१ /०८२ मा गलकोट नगरपालिकाको स्थानीय न्यायिक समितिबाट भए गरेको मुख्य मुख्य कार्यहरू र आगामी दिनको कार्य योजना प्रतिवेदनको रूपमा प्रस्तुत गर्न गइरहेको छु ।

१. **आर्थिक वर्ष २०८१/८२ को न्यायिक समितिको वार्षिक प्रगति विवरण ;-**

- प्रत्येक वडामा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरी अधिकांश मेलमिलाप केन्द्रका लागि आवश्यक फर्निचर तथा सामाग्रीहरू व्यवस्थापन गरिएको छ ।
- सामुदायिक मेलमिलापलाई व्यवस्थित प्रभावकारी तुल्याउन ४९ जना तालिम प्राप्त मेलमिलाप कर्तालाई सूचीकृत गरिएको छ ।
- स्वतन्त्र, सक्षम र निष्पक्ष न्याय सम्पादन गर्ने हेतुले आवश्यकता अनुसार इजलासमा बस्ने र न्यायिक कार्यलाई थप व्यवस्थित बनाउन प्रयत्न गरिदैं आइएको छ ।
- २०८१ साउन १ गते देखि हाल सम्म न्यायिक समितिको औपचारिक बैठक ११ वटा र अनौपचारिक बैठक १ वटा गरि जम्मा कुल १२ वटा बैठक सम्पन्न भएका छन् ।
- वडा नगरस्तरीय मेलमिलापकर्ताहरुको सूचीकरण गरि प्रत्येक वर्ष अद्यावधिक गरिदै आइएको छ ।
- चालु आर्थिक वर्षमा हाल सम्म न्यायिक समितिमा जम्मा १२ वटा निवेदन दर्ता हुन आएकोमा २ वटा उजुरी फस्यौट र मेलमिलाप भएका, एक ओटा उजुरीमा अन्तरिम संरक्षणात्मक आदेश जारी गरिएको छ, ३ वटा उजुरी फछ्यौटको प्रक्रियामा रहेको, २ वटा उजुरीहरू निवेदकले फिर्ता लिएका भने ३ वटा उजुरीहरू कानुनी र प्रक्रियागत अङ्ग नपुगेको कारण दर्ता नभएका छन् ।
- मेलमिलाप स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (२) बमोजिम न्यायिक समितिमा परेका निवेदनहरुलाई मेलमिलापको प्रक्रियामा लैजाने कार्यलाई निरन्तरता दिइरहेको छ ।
- यो आर्थिक वर्षमा गलकोट नगरपालिकाका ११ वटै वडामा वडा स्तरीय न्यायिक सचेतना कार्यक्रम मिति २०८२

साल जेठ ४ गते देखि जेठ ११ गते सम्म सफलता पूर्वक सम्पन्न गरिएका छन । जसमा कुल ८२३ जना सहभागीहरूको सहभागिता रहेको थियो ।

- आर्थिक वर्षमा नगर र वडा स्तरीय मेलमिलापकर्ताहरुको समीक्षा बैठक र पुनर्ताजगी तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो ।
- यो आर्थिक वर्षमा न्यायिक समिति सचिवालय र स्थानीय न्यायिक सहजकर्ताको तर्फबाट लेनदेन, घरेलु हिंसा, सम्बन्ध विच्छेद, विवाहवेत्तर सम्बन्ध, घर बहाल कर, सार्वजनिक जग्गा सम्बन्धी विषय, पञ्जी करण सम्बन्धी, नागरिकता, अंश र माना चामल आदि विषयमा नगरपालिका सारग्राहीहरूलाई कानुनी परामर्श प्रदान गर्दै आएको छ ।
- विधमान गलकोट नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ लाई आवश्यक परिमार्जन सहित संशोधन गरी गलकोट नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी ) पहिलो संशोधन विधेयक, २०८२, गलकोट नगरपालिका मेलमिलाप सम्बन्धी विधेयक, २०८२, गलकोट नगरपालिका न्यायिक समिति ( कार्यविधि सम्बन्धी ) नियमावली, २०८२ र गलकोट नगरपालिका मेलमिलाप सम्बन्धी नियमावली,२०८२ का मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ ।
- गलकोट नगरपालिकामा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०८१ साल माघ २ गतेगलकोटनगरपालिकाकोलागतसाझेदारीरहनेगरीस्थानीयन्यायिकसहजकर्ताखटाएकोछ ।गण्डकीप्रदेशसरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रम २०८२/८३ मा स्थानीय न्यायिक सहज कर्तालाई निरन्तरता दिने उल्लेख गरेको छ ।

## २. आगामी आर्थिक वर्षमा समितिले सञ्चालन गर्ने कार्ययोजनाहरु :

- समितिको नियमित बैठक सञ्चालन गरि नयाँ दर्ता हुने र पुराना विचाराधिन विवादहरूलाई न्यायिक समितिको छलफल र मेलमिलाप मार्फत कारबाही र किनारा गर्ने ।
- न्यायिक समिति र मेलमिलाप केन्द्रहरूमा दर्ता हुने विवाद सम्बन्धी न्यायिक समिति मेलमिलाप कर्ता, जनप्रतिनिधि र सम्बन्धित कर्मचारीहरूको छलफल र पुनर्ताजगी तालिम सञ्चालन गर्ने ।
- न्यायिक समिति र मेलमिलाप सम्बन्धी विषयमा र अन्य आधारभूत कानुनी प्रावधान सम्बन्धी विषयवस्तु र गलकोट नगरपालिकाको न्यायिक समिति र मेलमिलाप सम्बन्धी कानुनी प्रावधानहरू समेटिएको हाते पुस्तक (Hand Book) प्रकाशन गर्ने ।
- न्यायिक समिति,नगर प्रहरी र स्थानीय प्रहरीबिच साझेदारी कार्यक्रम सञ्चालन गरी मुद्दा मामिला र विवाद न्यूनीकरण गर्न पहल गर्ने ।
- नगर र वडा स्तरीय मेलमिलापकर्ताको वार्षिक समीक्षा गर्ने ।
- वडा स्तरीय मेलमिलाप केन्द्रहरू र मेलमिलापकर्ताहरुको न्यायिक समितिको सचिवालयबाट अनुगमन गर्ने ।

## ३. न्यायिक समितिको कार्य सम्पादनमा देखिएका समस्या र चुनौतीहरू

गलकोट नगरपालिका स्थानीय न्यायिक समितिले नेपालको संविधान स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४, मेलमिलाप सम्बन्धी ऐन, २०६८ गलकोट नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को प्रावधान बमोजिम समितिमा परेका विवादहरूको सफल निरूपण मिलापत्र र मेलमिलाप गराउँदै आइरहेकोमा गलकोट नगरपालिका स्थानीय न्यायिक समितिको कार्यसम्पादनमा देहाय बमोजिमका समस्या र चुनौतीहरू विद्यमान रहेका छन् ।

- दक्ष र अनुभव प्राप्त मेलमिलाप कर्ताको व्यवस्था गर्नु ।

- सम्पूर्ण वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भइ क्रियाशिल रहेकोमा सीमित स्रोतको बीचमा सफल र प्रभावकारी कार्यान्वयन गर्नु ।
- न्यायिक समितिको छलफल कक्ष, इजलास कक्ष, बन्द इजलास कक्ष, नगर स्तरीय मेलमिलाप कक्ष, आदिको उचित व्यवस्थापन हुन नसकेको ।

४. **सुझावहरू**

- न्यायिक समितिका पदाधिकारी र सदस्यहरू र मेलमिलापकर्ताहरुलाइ न्यायिक समिति मेलमिलाप सम्बन्धी तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने ।
- न्यायिक समिति सचिवालय तथा इजलास अभ्यासलाई सफल कार्यान्वयन गर्ने ।
- मेलमिलापकर्ताहरुको सेवा सुविधामा समयानुकूल आवश्यक परिमार्जन गर्नुपर्ने ।
- वडा स्तरीय मेलमिलाप केन्द्रमा मेलमिलाप गराइएका कागजातहरू अभिलेखीकरण गरि व्यवस्थित गर्नु पर्ने ।

५. **निष्कर्ष**

स्थानीय तह नगरपालिका र गाँउपालिकामा न्यायिक समितिबाट गरिने न्याय निरूपण सम्बन्धी अभ्यासहरू नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सम्बन्धित नगर / गाँउपालिका ऐन, नियम, कार्यविधि आदिबाट निर्देशित देखिन्छन् । नेपालको संविधानले नै मेलमिलाप लगायत विवाद समाधानका वैकल्पिक उपायहरूको अवलम्बन गरि साना तिना देवानी प्रकृतिका विवादहरू र सामान्य प्रकृतिका फौजदारी विवादहरू समेत समाधान गर्ने प्रस्ट दिशाबोध गरेको छ ।स्थानीय न्यायिक समितिको महत्व, आवश्यकता र औचित्यता आगामी दिनहरूमा झन झन बढ्दै जाने देखिन्छ । न्यायमा नागरिकहरूको सरल र सहज पहुँच स्थापित गर्न, विवादको शीघ्र र सरल समाधान गर्न नियमित अदालतको कार्य बोझ घटाउन, न्यायिक अधिकारलाई विकेन्द्रित गर्न, कम खर्चमा न्याय प्रदान गर्न, सामाजिक सद्भाव र सहिष्णुता बलियो बनाउन र सामान्य खालका विवाद स्थानीय स्तरमै समाधान गर्ने मनसायले गलकोट नगरपालिका स्थानीय न्यायिक समितिले आफ्ना गतिविधिहरूलाई मुखरित गरिरहेको छ। आगामी दिनमा समेत गलकोट नगरपालिका स्थानीय न्यायिक समिति न्याय सम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्ने दिशामा केन्द्रित हुने प्रतिबद्धताका साथ न्यायिक समितिको कार्य सम्पादनका क्रममा सहयोग पुर्याउनु हुने गलकोट नगरपालिका नगर कार्यपालिकाका पदाधिकारी र सदस्य, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, न्यायिक समितिका सदस्यज्यूहरू, स्थानीय न्यायिक सहजकर्ता र मेलमिलापकर्ताज्यूहरु सम्पूर्ण जनप्रतिनिधि तथा नगर सभा सदस्यज्यूहरूबाट समेत आगामी दिनहरूमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्माननीय सभामा पेस गर्दछ।

**धन्यवाद !**

**फमलाल निउरे**
**संयोजक**
**स्थानीय न्यायिक समिति**
**मितिः २०८२/०३/०५**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका लेखा समितिको प्रतिवेदन -२०८२

**नगरसभाका अध्यक्ष ज्यू,**
**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,**

वर्तमान नेपालको संविधानको अनुसूची-८ मा भएको स्थानीय सरकारको अधिकारक्षेत्र भित्रका कार्यसम्पादन गर्न, स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा गाँउपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखा समिति गठन गर्न सक्ने प्रावधान भए बमोजिम लेखा समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै गरी गण्डकी प्रदेश स्थानीय तहको सभा संचालन ऐन-२०७५ को दफा ३४ मा कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने प्रयोजनको लागि विभिन्न समिति र उप-समिति गठन गर्ने व्यवस्था छ । उक्त कानूनी व्यवस्थाको कार्यान्वय गरी जनमूखि सेवामुखि, जनउत्तरदायि र पारदर्शी तुल्याई सुशासनको कायम गर्ने जिम्मेवारी सहित गलकोट नगरपालिकाको नगरसभाबाट लेखा समिति गठन गरी आफ्नो अधिकारक्षेत्र भित्रको कार्य सम्पादन गरिरहेको छ । समिति गठन भई सम्पादन गरेको कार्यहरुलाई प्रतिवेदनको रुपमा नगरसभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम आज यस सम्मानित सभामा लेखा समितिबाट चालु आर्थिक वर्ष २०८१/०८२ मा गरेका मुख्य मुख्य कार्यहरुलाई प्रतिवेदनको रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**लेखा समितिले हालसम्म गरेका कार्यहरू:**

- महालेखापरिक्षकको कार्यालयले नियमित गर्नुपर्ने भनि औल्याएका बेरुजुका सम्बन्धमा सुक्ष्म अध्ययन गरि आ.व. २०८०/८१ सम्मको रू. २० लाख ६३ हजार ८१ सय नियमित गर्न नगरसभामा पेश गरिएको ।
- आवश्यकता अनुसार नियमित बैठक बसी कार्यालयको खरिद प्रक्रिया र वितरणमूखी कार्यक्रम राखेको लगायत महालेखा परीक्षक कार्यालयले निरन्तर सुझाव र वेरुजु औल्याउदै आएको विषयमा कार्यालयलाई सुधार्नका लागि निरन्तर सुझाव र निर्देशन दिदै आएको र कार्यालयका कमजोरी र नागरीकका गुनासो सँग जोडिएका विषयमा समय समयमा ध्यानाआकर्षण गराउंदै आएको छ ।

**सबल पक्ष :**

- स्थानीय तहको निर्वाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधीहरुको व्यवस्था भई सिंहदरबारको आधिकार घर घरमा पुर्याउन जनताका आवाजहरूलाई सेवा सुविधा छिटो छरितो, सरल, सहज बनाउन प्रयत्नशिल हुनु ।
- गलकोट नगरपालिकाका विभिन्न विषयगत शाखा र कार्यालयहरुमा प्रयाप्त दरबन्दी हुनु र सेवालाई चुस्त दुरुस्त

बनाउन प्रयत्न हुनु ।

- आर्थिक व्यवस्थापनमा कम्प्यूटर सफ्टवेयरको प्रयोग हुनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन अनुगमन प्रतिवेदनलाई अनिवार्य गरीएको
- आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयनमा ल्याईएको ।
- राजश्व चुहावट रोक्न राजश्व संकलन सफ्टवेयर मार्फत गरिएको ।
- नगरपालिकाको भुक्तानी प्रक्रिया QR मार्फत गरिएको ।
- आर्थिक नियन्त्रण प्रणालीको अवलम्बन गर्न प्रयास गरिएको ।
- आवधिक योजना बनाउन आवश्यक गृहकार्य गरिएको ।
- यातायात गुरूयोजना बनाईएको
- राजश्व प्रक्षेपण राजस्व सुधार योजनाका सुझावलाई पनि ग्रहण गरिएको जस्ता राम्रा पक्षहरु रहेको देखिन्छ
- नगरपालिका स्थापना देखि हाल सम्मको बेरुजु समग्र बागलुङ जिल्लामै सबैभन्दा न्यून वेरुजु रहेको र समग्र स्थानीय तहकै तुलनामा उल्लेख्य रुपमा कम रहेको  साथै भएको वेरुजु सम्परीक्षणको लागि कार्यालय सक्रिय रुपमा अगाडी बढेको।
- खरिद मसलन्द,औषधि लागायतका खरिद विधुतीय माध्यमबाट गरिएको ।
- चालु प्रकृतिका खर्च क्रमश घट्दै गएका ।
- स्वास्थ्य चौकी र सम्पूर्ण वडामा विधुतीय हाजिरी लागु गरिएको ।

**सुधार गर्नुपर्ने पक्ष :**

- नगरपालिकाको आफ्नै भवन नहुदा सेवा प्रवाहमा छरिएरर रहेका शाखाबाट कार्यसम्पादन गर्दा सेवाग्राहीले सास्ती बेहोर्नुपरेको ।
- पूँजीगत बजेट लक्ष्य अनुसार कार्य सम्पन्न हुन नसक्नु ।
- आन्तरिक आयका स्रोतहरू खोजि गर्न नसक्दा राजश्व वृद्धि गर्न नसक्नु ।
- आर्थिक विकास र रोजगारी सृजना गर्ने खालका क्षेत्रमा न्यून बजेट विनियोजन हुनु र विनियोजन भएको बजेट समेत उत्पादनशिल क्षेत्रमा उपयोग नभएको ।
- बजेट निर्माणमा प्राथमिकता चयन तथ्यपरक र वैज्ञानिक नहुनु ।
- विशेषज्ञताको अभावले खरिद योजना प्रभावकारी कार्यान्वयन नहुनु ।
- खरिद कार्य वडा कार्यालय र शाखामा व्यवस्थित हुन नसकेको
- कार्यालयको संगठनात्मक संरचनाको अध्ययन नगरी कर्मचारीको भर्ना गर्नु ।
- यातायात गुरुयोजना कार्यन्वयनमा नआएको, आवधिक योजना निर्माण गर्न ढलाई भएको र विगतमा, आवधिक योजनाको सफल कार्यन्वयन समेत नभएको।

**सभाका अध्यक्ष ज्यू,**
**नगरसभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

उल्लिखित समस्या समाधान गरी समग्र नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको कार्यमा सुधार गरी प्रभावकारीता

वृद्धि गर्न देहाय बमोजिमका उपायहरु प्रस्तुत गरिएको छ ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम कार्यालयले आयोजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला, मझौला र दिर्घकालीन महत्वका आयोजना छनौटलाई प्राथमिकतामा राख्नुपर्दछ ।
- आन्तरिक आयका स्रोतहरू खोजि गरी राजश्व वृद्धि संगै उत्पादनशिल बजेट निर्माणमा प्राथमिकता दिनुपर्दछ ।
- नगरपालिकाले योजना तर्जुमा गर्दा स्थानीय तहको योजन तर्जुमा दिग्दर्शन २०७८ को पूर्ण पालना गरी तर्जुमा गर्नुपर्दछ ।
- खरिद योजनालाई प्रभावकारी बनाई वित्तीय क्रियाकलाप र वित्तीय अनुशासन पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्दछ ।
- कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाई सेवा प्रवाहको सन्दर्भमा हुन सक्ने अनियमितता, कार्यालयका कार्यक्रम कार्यान्वयनको अवस्था, नियमितता, पार्दशिता प्रति कार्यालय जवाफदेही हुनुपर्दछ
- नगरपालिकामा नागरिक वडापत्र अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- नगरपालिकामा गठन भएको विभिन्न विषयगत समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने ।
- नाफामूलक संस्थालाई अनुदान र क्षेत्राधिकार बाहिर अनुदान दिन कम गर्नुपर्ने ।
- सार्वजनिक खरिद ऐन बमोजिम कम्तिमा ५० प्रतिशत श्रम लाग्ने काम मात्र उपभोक्ता समितिले गर्न पाउने कानूनी व्यवस्था रहेको छ। अत: डोजर मात्र लगाउने योजना र भवन निर्माण तथा ठूला संरचना निर्माण गर्दा बोलपत्र मार्फत गर्ने गराउने कार्यलाई प्रथामिकतासाथ लागु गर्नु पर्दाछ ।

**अन्त्यमा,**

यो प्रतिवेदन विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयन गरी नगरपालिकालाई जनमुखि सेवामुखि, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासन कायम गर्ने जिम्मेवारी सहित गलकोट नगरपालिकाको नगरसभाबाट लेखा समिति गठन भएपछि गरेका कार्यहरुको अनुभवको आधारमा तयार गरिएको छ । प्रतिवेदनमा उल्लिखित सबल पक्षका बाबजुद सुधारका उपायहरुको पालना गर्दै कानूनी व्यवस्था बमोजिम अन्य थप विषयगत समिति र उपसमितिहरु गठन गरी नगर सभा र समग्र नगरपालिकाको कामकारबाहीलाई समेत सबै मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउदै आम नगरबासीहरुको हित र कल्याणमा केन्द्रित भई कार्य गर्नुपर्ने देखिन्छ ।

**धन्यबाद !**

**<u>प्रतिवेदक</u>**
**राम प्रसाद बि.क.**
**लेखा समिति संयोजक**
**गलकोट नगरपालिका,बागलुङ**
**मिति:२०८२/०३/०७**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका सुशासन समितिको प्रतिवेदन -२०८२

वर्तमान नेपालको संविधानको अनुसूची-८ मा भएको स्थानीय सरकारको अधिकारक्षेत्र भित्रका कार्यसम्पादन गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न विभिन्न समिति गठन गर्न सक्ने प्रावधान रहेको छ । त्यस्तै गरी गण्डकी प्रदेश स्थानीय तहको सभा सञ्चालन ऐन-२०७५ को दफा ३५ मा कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानुन निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने प्रयोजनको लागि विभिन्न समिति र उपसमिति गठन गर्ने व्यवस्था छ । उक्त कानुनी व्यवस्थाको कार्यान्वयन गरी जनमुखी सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासन कायम गर्ने जिम्मेवारी सहित गलकोट नगरपालिकाको नगरसभाबाट सुशासन समिति गठन गरी आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्ने प्रयास गरिरहेको छ । समितिले आर्थिक वर्ष २०८१/०८२ मा गरेका मुख्य मुख्य कार्यहरूको प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

**सुशासन समितिले हालसम्म गरेका कार्यहरू:**

- गलकोट नगरपालिका नगरसभाको १३ औँ अधिवेशनबाट सुशासन समिति गठन भएपछि समय समयमा समितिको बैठक बसी समितिले काम गर्दै आएको व्यहोरा अनुरोध गर्दछु ।
- नगरपालिकाले आफ्नो कामलाई पारदर्शी, मितव्ययी, नियमित र दक्षतापूर्वक सम्पन्न गरी वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९, कार्य सञ्चालन निर्देशिका २०७९, फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८१, जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

**सुशासन समितिको काम, कर्तव्य र अधिकार:**

- नगरपालिकाको कामको प्रकृति अनुरूप आन्तरिक नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको गतिविधि, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समावेश गरी देहाय बमोजिमको कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गरी सभा समक्ष प्रतिवेदन पेश गर्ने जिम्मेवारी सुशासन समितिलाई प्रदान गरिएको छ ।
  - नगरपालिकाका महाशाखा, शाखा र अन्तर्गतका निकायको सेवा प्रवाह, कानुनको परिपालना कार्यविधिको प्रयोग आदि क्रियाकलापको समग्र मूल्याङ्कन गरी नगर सुशासन एवम् सुधार गर्ने र नगर शासनको प्रभावकारिता बढाउन आवश्यक निर्देशन दिने ।
  - संघीय सरकार र प्रदेश सरकारसँग सुशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशन, मापदण्ड र शर्तहरुको पालना र प्रतिफलको विश्लेषण गरी नगरपालिकालाई आवश्यक निर्देशन दिने ।

- नगरपालिकाको समग्र शासकीय क्रियाकलाप, सेवा प्रवाह, सेवाको गुणस्तर, दिगोपना, लागत र सेवा शुल्कका बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिकामा समावेशीकरण, गुणात्मक सहभागिता, निष्पक्ष न्याय, जनताको माग तथा आवाज सम्बोधनको स्थितिको मूल्याङ्कन गरी समीक्षाका साथ आवश्यक सुधारका लागि नगरपालिकामा लेखी पठाउने ।
- नगरपालिका र वडा कार्यालय बीच कामको बाँडफाँड, कार्य व्यवस्था, अधिकार प्रत्यायोजन तथा प्रयोग र वडा कार्यालय व्यवस्थापनको अन्तरसम्बन्ध अध्ययन गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने सेवा, सिफारिस, सामाजिक विकास आदिमा प्राप्त उजुरीका बारेमा अध्ययन गरी आवश्यक सुझाव तथा निर्देशन दिने ।
- नगरपालिकाका एकल र साझा अधिकार एवम् संघ तथा प्रदेशबाट प्रत्यायोजित अधिकारको छुट्टाछुट्टै समीक्षा गरी नगर विकास एवम् सेवा प्रवाहमा सुधार गर्न आवश्यक सुझाव दिने ।
- नगरपालिकाको कार्य सम्पादनमा पारदर्शिता, खुल्लापन, सूचनामा पहुँच, नगरपालिका प्रति नागरिकको अवधारणा र सन्तुष्टि र जबाफदेहीको मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।
- सामाजिक सशक्तीकरण, सामुदायिक शासन तथा सेवा प्रवाह, सार्थक सहभागिता र सक्रियताको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।
- शासन, सेवा प्रवाह एवम् विकास व्यवस्थापनको दक्षता र प्रभावकारिताको अध्ययन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिका भित्र आधारभूत सेवाको स्थिति गुणस्तर, सामाजिक सुरक्षा, रोजगारी, आय आर्जन तथा वितरणको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी सुधारका लागि आवश्यक सुझाव दिने ।
- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीको आचार संहिता पालनको अवलोकन गरी नगरसभामा प्रतिवेदन पेश गर्ने ।
- नगरपालिकामा कानुनको पालना तथा सुशासनको अवस्था अध्ययन गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिकाका नीति, कार्ययोजना, घोषणा, प्रतिबद्धताको कार्यान्वयन स्थितिको मूल्याङ्कन गरी प्रतिवेदन दिने ।
- नगरपालिकामा सामाजिक न्याय, नीतिको सिलसिला एवम् निरन्तरता जनजीवनको सुरक्षा, शान्ति र अमनचैनको समीक्षा गरी आवश्यक निर्देशन दिने ।
- नगरपालिकाको संस्थागत क्षमता, दिगो विकासका लक्ष्यहरू कार्यान्वयन अवस्था, वातावरण व्यवस्थापन र अनुकूलनका प्रयास र प्रकोप व्यवस्थापनको मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।
- नगरपालिकामा राजस्व र सेवाको आवद्धताको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।
- नागरिक बडापत्रको कार्यान्वयन, सेवा प्रवाहका वैकल्पिक आयाम, मितव्ययी विकल्प लगायत सुधारका लागि उपयुक्त र कार्यान्वयन योग्य सुझाव दिने ।
- समितिले छिमेकी पालिकासँग समितिका कामकार्यवाही, कार्य अनुभव र अनुकरणीय कार्यको जानकारी आदान-प्रदान गर्न सक्नेछ ।
- समितिले आवश्यकता अनुसार सभाका अन्य समितिहरूसँग सहकार्य एवम् अनुभव आदान प्रदान गर्न

सक्नेछ ।

- सुशासनसँग सम्बन्धित सभाले तोकेका अन्य काम गर्ने, गराउने ।

➢ उक्त कार्यजिम्मेवारी अनुसार समितिको बैठक बसी गरेको प्रारम्भिक अध्ययन र अनुगमनका आधारमा देखिएका विषयहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सम्बन्धी अध्ययन सम्पन्न गरी स्वीकृत गरेको छ ।
- कार्यालयले सबै पदहरूको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार स्पष्ट रुपमा उल्लेख गरेको कार्यविवरण तयार गरी कर्मचारीलाई उपलब्ध गराउनुपर्नेमा केही पदहरुमा मा
- त्र गरेको देखिएकोले तयार गरी उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- नगरपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी माध्यमबाट कर्मचारीलाई कामप्रति व्यावसायिक, उत्तरदायी, जबाफदेहिता बनाई सेवा प्रवाह गुणस्तरीय बनाउने कार्य गरिएको छ ।
- कार्यालयले परिसर भित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक बडापत्र राख्ने व्यवस्था भएकोमा बडापत्रमा नगरपालिकाले प्रदान गर्ने सबै सेवा सम्बन्धी व्यहोराहरू खुलाई नगरपालिका र वडा कार्यालयमा नागरिक वडापत्र राखिएको भएपनि सबै सेवाग्राहीको पहुँच हुने गरी विद्युतीय नागरिक बडापत्र निर्माण गर्ने र  सबै वडा कार्यालयमा एकरूपता कायम गर्नुपर्ने देखिन्छ ।
- कार्यालयले सेवा प्रदान गर्दा सूचना पाटी र हेल्प डेस्क वा सोधपुछ काउन्टरको व्यवस्था गरि पहिलो आउने सेवाग्राहीलाई पहिलो सेवा दिने व्यवस्था लागू गरी गुनासो सुनुवाइको  प्रभावकारी बनाउने प्रयासलाई अझ प्रभावकारी बनाउने ।
- नगरपालिकाले महत्वपूर्ण निर्णय तथा सूचना सरोकारवालालाई वेभसाइट मार्फत जानकारी गराउने व्यवस्था गरेको भएता पनि सबै सूचना तथा जानकारीहरु राख्ने व्यवस्था गर्नुपर्छ भने ऐन,कानून, मापदण्ड, बजेट तथा कार्यक्रम, सभा कार्यपालिकाका निर्णय तथा प्रगति प्रतिवेदन तयार गरी राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- न्याय निरोपण गर्ने कार्य तोकिएको अवधि भित्र गरे पनि थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।
- सामाजिक सुरक्षा भत्ता तोकेको समय र माध्यमबाट वितरण गर्ने व्यवस्था मिलाएको भएता पनि गुनासो नआउने गरी वितरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- घर नक्सा पास गर्न लाग्ने समय निर्धारण गरी सोको पालना गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्नेमा नक्सा पासको कार्य अनिवार्य गर्न नसकिएको देखिन्छ ।
- प्रमुख प्रशासकीय अधिकृतले कार्यालय र अन्तर्गतको प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य रूपमा निरीक्षण गरेको वा गराएको भएता पनि प्रभावकारी हुन सकेको छैन ।
- संकलन गरेको राजश्व रकम तोकिएको समयमा बैङ्कमा दाखिला गर्ने प्रणाली वा व्यवस्था लागु गरे पनि सबै वडा कार्यालयले तोकिएको समयभित्र दाखिला नगरेको देखिन्छ ।
- विकास योजनाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तोकिए बमोजिम योजनाहरु प्राथमिकीकरण गर्ने ब्यवस्था लागु गरे पनि लक्षित वर्ग र समुदायको सार्थक सहभागिता देखिदैन ।
- अधिकार प्राप्त अधिकारीबाट मात्र खर्च गर्ने आदेश दिने र खर्च स्वीकृति गर्ने व्यवस्था लागू गरेको देखिएको

छ ।

- सवारी साधन मर्मत तथा ईन्धन खर्चको लगवुक राख्ने गरेको भएता पनि प्रभावकारीता वृद्धि गर्नुपर्छ ।
- तालिम, सेमिनार, गोष्ठी, आदि सम्बन्धी खर्च गर्दा लागत अनुमान स्वीकृत गर्ने र भुक्तानी दिँदा प्रतिवेदन पेश गर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिन्छ ।
- खर्च लेख्दा कानुन बमोजिम धरौटी, पेश्की र कर कट्टी गरेर मात्र भुक्तानी दिएको देखिन्छ ।
- पेश्की दिदा पेश्की आवश्यकताको जाँच गरी सोको आधारमा आवश्यक रकम मात्र पेश्की दिने र दिएको रकम तोकिएको समयभित्र फछ्र्यौट नगरेमा पेश्की बाँकी राख्ने व्यवस्था गरेको छ ।
- नियमित रुपमा बैंक स्टेटमेण्ट प्राप्त गरी बैक हिसाव र कार्यालय हिसाबसँग भिडान एवम्\समायोजन गर्ने गरेको देखिन्छ ।
- खरिद एकाइको गठन र खरिद सम्बन्धी कार्यका लागि जिम्मेवार कर्मचारी तोकी खरिद कानुन बमोजिम वार्षिक खरिद योजना बनेको तर खरिद गरुयोजना बनाई सोही बमोजिम खरिद कार्य गर्नुपर्ने देखिन्छ ।
- विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन गरेको र सो समितिहरु क्रियाशीलरहेको भएता पनि प्रभावकारी बनाउनुपर्छ र विपद व्यवस्थापन गर्नमा प्रयोग हुने एम्वुलेन्स र उपकरण उचित मर्मत सम्भार गरी चालु हालतमा राख्ने तथा वारुणयन्त्रको क्रमशः व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- वर्षमा कम्तीमा एक पटक जिन्सी सामान तथा सम्पत्तिको निरीक्षण गराई प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । तर त्यसको प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिएन ।
- नगरपालिका र वडा कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर, जग्गा तथा पर्ती ऐलानी र सार्वजनिक जग्गा एवम्/पुँजीगत सम्पत्तिको हानिनोक्सानी नहुने गरी अद्यावधिक लगत राखी संरक्षणको ब्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्ने गरेको देखिन्छ ।
- आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षकको व्यवस्था नभएकोले आन्तरिक लेखापरीक्षण नगरेको तर विनियोजन, राजश्व, धरौटी र अन्य कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराएको देखिन्छ ।
- अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरुजुका सम्बन्धमा पैंतीस दिनभित्र कार्यालयको जवाफ पेश गरेको अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजूको लगत राखी लगत अद्यावधिक गर्ने व्यवस्था गरेको छ ।
- कोष कट्टी, धरौटी र करकट्टी गरेको रकम समयमै बैंक दाखिला गर्ने गरेको छ ।

**सबल पक्ष :**

- "समृद्ध गलकोट, सुसंस्कृत र सुखी नगरवासी" गलकोट नगरपालिकाको दीर्घकालीन सोच सहित संकल्प लियर तय गरिएका बजेट, नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्दै जाँदा विगतका वर्षदेखि क्रमशः सुधारउन्मुख देखिएको विषय महालेखा परीक्षकको ६२ औँ प्रतिवेदनले पनि देखाउँदछ । उक्त प्रतिवेदन अनुसार हालसम्म गलकोट नगरपालिकाको संचित बेरुजु बागलुङ जिल्लामा रहेका अन्य पालिकाको भन्दा

कम र देशभरका समग्र पालिकाको तुलनामा पनि न्यून अंक रहेको देखिन्छ ।

- स्थानीय तहको निर्वाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको ब्यवस्था भई सिंहदरबारको आधिकार घर घरमा पुरयाउन जनताका आवाजहरूलाई सेवा सुविधा छिटो छरितो, सरल, सहज बनाउन प्रयत्नशिल भएको देखिन्छ ।
- गलकोट नगरपालिकाका विभिन्न विषयगत शाखा र कार्यालयहरुमा प्रयाप्त दरबन्दी हुनु र सेवालाई चुस्त दुरुस्त बनाउन प्रयत्न हुनु ।
- आर्थिक व्यवस्थापनमा कम्प्यूटर सफ्टवेयरको प्रयोग हुनु ।
- आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयनमा ल्याइएको ।
- खरिद कार्य विद्युतीय प्रणाली मार्फत गर्ने गरिएको ।

उल्लिखित समस्या समाधानका गरी समग्र नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणको कार्यमा सुधार गरी प्रभावकारीता वृद्धि गर्न देहाय बमोजिमका उपायहरु प्रस्तुत गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्ष :**

- माथि उल्लिखित सबै कमीकमजोरीलाई ग्रहण गर्दै तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- सबै वडा कार्यालयमा वडा सचिवको व्यवस्था गर्नुपर्ने र सेवा प्रभावकारी बनाउनुपर्ने ।
- जनप्रतिनिधि र कर्मचारीहरूको आचारसंहिता कडाइका साथ लागू गर्नुपर्ने
- नगरपालिकाको सेवा प्रवाह प्रक्रियाको बारेमा सेवाग्राही र नगरबासीमा क्षमता विकास कार्यक्रम र सचेतना विकास गर्ने ।
- नगरपालिकामा गठन भएको विभिन्न विषयगत समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने ।
- नगरपालिकाबाट भएका सबै शिर्षकको आम्दानी र खर्चको सूचना पाटी, वेवसाईट र अन्य माध्यमबाट सबै नगरबासीहरुले थाहा पाउने गरी मासिक रुपमा प्रकाशनको व्यवस्था गर्नुपर्ने ।

**अन्त्यमा,**

प्रतिवेदनमा उल्लिखित सबल पक्षका बाबजुद सुधारका उपायहरुको पालना गर्दै कानूनी व्यवस्था बमोजिम अन्य थप विषयगत समिति र उपसमितिहरु गठन गरी नगर सभा र समग्र नगरपालिकाको कामकारबाहीलाई समेत सबै मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउदै आम नगरको विकास र समृद्धिमा केन्द्रित हुनेपर्ने देखिन्छ । यस प्रतिवेदन तयार पार्नको लागि सहयोग पुर्याउनुहुने समितिका सदस्यज्यू, कर्मचारी मित्र, लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्मानित सभामा पेश गर्दछु ।

**धन्यबाद।**

**प्रतिवेदक**
**टुक कुमारी श्रेष्ठ**
**संयोजक, सुशासन समिति**
**गलकोट नगरपालिका, बागलुङ**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## गलकोट नगरपालिका विद्यायन समितिको प्रतिवेदन -२०८२

स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहन्छ । गाउँ सभा र नगर सभाले संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिमका अधिकार सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले आफ्नो कार्यप्रणालिलाई व्यवस्थित गर्न नियमावली बनाई नगर सभा सदस्यको संयोजकत्वमा विद्यायन समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । त्यस अनुरूप विद्यायन समिति गठन भई क्रियाशिल रहँदै आएको छ । आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्बन्धित निकाय सँग विधेयक उपर दफाबार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने, स्थानीय सरकार, अन्य निकायसँगको नीति कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यकता अनुसार निर्देशित गर्ने, नगर सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाईएका ऐन, नियम तथा संविधानमा उल्लेख भए अनुसार आवश्यक अनुगमन, पुनरावलोकन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने कार्य गर्दै आईरहेको छ । त्यसैगरी गण्डकी प्रदेश स्थानीय तहको सभा सञ्चालन ऐन २०७५ को दफा ३४ बमोजिम गठन भएको विद्यायन समितिले यस आर्थिक वर्षमा सम्पादन गरेका उल्लिखित क्रियाकलापको प्रतिवेदन यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

**विद्यायन समितिले यस आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरू:**

- यस आर्थिक वर्षमा समितिको काम कर्तव्य र अधिकारको बारेमा संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहमा विद्यायन समितिको काम कारबाही र प्रक्रियाको बारेमा विभिन्न माध्यमबाट अध्ययन तथा छलफल गरिएको।
- नगरपालिकाको कानुन निर्माण प्रक्रियालाई थप व्यवस्थित बनाउन विभिन्न समितिहरूसँग औपचारिक तथा अनौपचारिक छलफल तथा अन्तरक्रिया गरिएको ।
- नगरपालिकाको कामको प्रकृति अनुरुप कानुनको मस्यौदा तयारी, आवश्यक कानुन नगरसभामा पेश गर्ने विधि, कानुन विषयमा दफाबार छलफल गरिएको । यस आर्थिक वर्षमा निम्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरू पारित भई कार्यान्वयनको चरणमा रहेका छन् ।
    - दीर्घकालीन सेवा गरेका महिला स्वास्थ्य स्वयंसेविकाको लागि सम्मान्जनक विदाई गर्ने सम्बन्धी कार्यविधि, २०८१
    - उत्पादनमा आधारित अनुदान सञ्चालन कार्यविधि, २०८१
    - हलगोरु पालन तथा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
    - फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१
    - घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१
    - जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि पहिलो संशोधन, २०८०

- गलकोट नगरपालिकाको नगर प्रहरी ऐन, २०८१
- गलकोट नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१

**मस्यौदा विधेयक र नियमावली**

- गलकोट नगरपालिका स्थानीय न्यायिक समिति (कार्यविधि सम्बन्धी) पहिलो संशोधन मस्यौदा विधेयक, २०८२
- गलकोट नगरपालिका स्थानीय न्यायिक समिति (कार्यविधि सम्बन्धी) नियमावली, २०८२
- गलकोट नगरपालिका मेलमिलाप सम्बन्धी विधेयक, २०८२
- गलकोट नगरपालिका मेलमिलाप सम्बन्धी नियमावली, २०८२

**नगरपालिकाको लागि आवश्यक कानुन निर्माण गर्दा देहाय बमोजिमको प्रक्रिया पुर्याउनुपर्ने व्यवस्था रहेको छ ।**

- संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रको विषयमा सभाले कानुन बनाउन सक्ने,
- कानुन निर्माणमा विचार गर्नुपर्ने र आवश्यकताको पहिचान गर्नुपर्ने ,
- कानुन निर्माणको लागि समिति गठन गर्नु पर्ने,
- कार्यपलिकाबाट विधेयकको मस्यौदा स्वीकृत गर्ने,
- विधेयक पेश हुने दिन भन्दा दुई दिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनुपर्ने,
- विरोधको सूचना,
- विधेयकमा संशोधनका लागि समय दिने,
- विधेयकमा दफाबार छलफल,
- विधेयक समितिमा छलफल,
- समितिको प्रतिवेदन सभामा छलफल,
- विधेयक माथि सभामा छलफल,
- विधेयक पारित गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेश गर्ने,
- विधेयक प्रमाणितको लागि अद्यावधिक प्रति तयार गर्ने,
- विधेयकको प्रमाणीकरण र प्रकाशन,
- विधेयक दर्ता तथा अभिलेख राख्ने,
- स्थानीय कानुनको एकीकृत र अद्यावधिक अभिलेख राख्नुपर्ने ।

उक्त कार्यजिम्मेवारी अनुसार हाल सम्म ३९ वटा ऐन, ९ नियमावली, ६० कार्यविधि / निर्देशिका र ५ वटा मापदण्ड तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । कानुन नगरसभाबाट पारित गरी प्रमाणीकरण पश्चात् अद्यावधिक गरी वेवसाईटमा राख्ने काम नियमित भैरहेको छ ।

**सबल पक्ष :**

- ➢ स्थानीय तहका विभिन्न क्षेत्रका काम कारबाहीहरू अगाडी बढाउन सहज भएको,
- ➢ कानुनी साक्षरताबारे जनप्रतिनिधिहरूमा सचेतना वृद्धि भएको,
- ➢ कानुन निर्माणलाई व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको कानुनी मार्गदर्शन प्राप्त भएको,

- थोरै जनशक्तिका बीच पनि अधिकांश कानुन  निर्माण भएको,
- निर्माण भएका कानुनहरू राजपत्रमा प्रकाशन भई वेवसाईट मार्फत सार्वजनिक भएको,
- आवश्यक कानुन निर्माण गर्नुपर्छ भन्ने चासो जनप्रतिनिधिहरुमा वृद्धि भएको,

समग्र नगरपालिकाको कानुन निर्माण प्रक्रियामा सुधार गरी प्रभावकारीता वृद्धि गर्न देहाय बमोजिमका सबल पक्षहरु प्रस्तुत गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्ष :**

- निर्माण भएका कानुनमा देखिएका कमजोरीहरू सुधार गरी कानुन संशोधन गर्नुपर्ने ।
- गलकोट नगरपालिकाका विद्यमान कानुनहरूको अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने ।
- कानुन निर्माण सम्बन्धी प्रक्रियाको बारेमा सबै जनप्रतिनिधिहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- जनप्रतिनिधि र कर्मचारीहरूको आचारसंहिता कडाईका साथ कार्यान्वयनमा ल्याउनुपर्ने ।
- नगरसभाका समितिहरूलाई सक्रिय बनाई कानुन निर्माणमा देखिएका कमजोरीहरु सुधार गर्नुपर्ने ।
- निर्मित कानुनहरूको व्यवस्थित अभिलेख तयार गरी सूचना तथा अभिलेख केन्द्रमा व्यवस्थापन गर्नुपर्ने ।
- माथि उल्लिखित सुधारगर्नुपर्ने पक्षहरु ग्रहण गर्दै तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

**अन्त्यमा,**

यो प्रतिवेदन विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयन गरी नगरपालिकाको कानुन निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि तयार गरिएको हो । प्रतिवेदनमा उल्लिखित सबल पक्षमा निरन्तरता एवम् कमिकमजोरीको क्रमशः सुधार गर्दै समितिहरूको कार्यलाई पनि प्रभावकारी बनाउँदै जानुपर्ने देखिन्छ । यस प्रतिवेदन तयार पार्नको लागि सहयोग पुर्याउनुहुने समितिका पदाधिकारीज्यू, कर्मचारी मित्र लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यस्तै सहयोगको अपेक्षा सहित यो प्रतिवेदन सम्मानित सभामा पेश गरेको छु ।

**धन्यवाद ।**

**<u>प्रतिवेदक</u>**
**राम प्रसाद कंडेल**
**संयोजक, विधायन समिति**
**गलकोट नगरपालिका, गलकोट, बागलुङ ।**

# गलकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

# नगरपालिकाद्धारा आर्थिक वर्ष ०८२/८३ को लागि निर्धारण गरेको करका दरहरु

**कार्यालयको कोड : ८०४४५४०१३००**

अनुसूची-१
सम्पत्ति कर

१.१ **भवनको मूल्याङ्कन दर**

| क्र.सं. | भवनको प्रकार | दर रु प्रति वर्ग फिट | कैफियत |
|---|---|---|---|
| | आर. सि.सि. फ्रेम आर सि.सि. ढलान | १,२००/- | |
| | आर. सि.सि. फ्रेम जस्ताको छाना | ९६०/- | |
| | माटोको जोडाइमा ईट्टा ढुङ्गा ब्लकको गाह्रो जस्ता स्लेटको छाना | ५४०/- | |
| | माटोको जोडाइमा ईट्टा ढुङ्गाको गाह्रो आर. सि.सि. ढलान | ९९०/- | |
| | माटोको जोडाइमा ढुङ्गा गाह्रो खरको छाना | ३६०/- | |
| | स्टिल स्ट्रक्चर जस्ता छाना | ९१०/- | |
| | स्टिल स्ट्रक्चर ढलान | १,११०/- | |
| | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा को गाह्रो आर. सि.सि ढलान | १,०८०/- | |
| | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा को गाह्रो जस्ता स्लेटको छाना | ५४०/- | |

## १.२ जग्गाको मूल्याङ्कन दर

| वडा नं. | जग्गाको प्रकार | जग्गाको रहेको स्थान तथा प्रकृति | दर रु. प्रति रोपनी |
|---|---|---|---|
| १ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | मध्य-पहाडी लोक मार्गसँग नजोडिएका आवासीय जग्गाहरू। | ६,६०,०००.०० |
| | | मध्य-पहाडी लोक मार्गसँग जोडिएका आवासीय जग्गाहरू। | १३,२०,०००.०० |
| | | लाल बहादुर खड्का (चमेरे) को घरदेखि पदम कार्की (फेदी) को घर सम्मका सडकसँग जोडिएका जग्गाहरू। | १६,६०,०००.०० |
| | | लाल बहादुर खड्का (चमेरे) को घरदेखि पदम कार्की (फेदी) को घर सम्मका सडकसँग नजोडिएका जग्गाहरू। | ८,३०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| | | | |
|---|---|---|---|
| १० | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ३,५०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | १,२५,०००.०० |
| | | उपल्लो सुनपानी, सुनपानी कालिका मन्दिर, पाण्डवखानी मा.वि. हुँदै माउ खोलासम्म सडकसँग जोडिएका जग्गाहरू। | १३,४०,०००.०० |
| | | उपल्लो सुनपानी, सुनपानी कालिका मन्दिर, पाण्डवखानी मा.वि. हुँदै माउ खोलासम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,७०,०००.०० |
| | | सिद्धथान क्षेत्र सडकसँग जोडिएका जग्गाहरू। | ९,९०,०००.०० |
| | | सिद्धथान क्षेत्र सडकसँग नजोडिएका जग्गाहरू। | ४,९५,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,०५,०००.०० |
| | | चाहार | ६३,०००.०० |
| | | दोयम | ८५,५००.०० |
| | | सिम | ७२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ७०,०००.०० |
| | | चाहार | ४२,०००.०० |
| | | दोयम | ५७,०००.०० |
| | | सिम | ४८,०००.०० |

| | | | |
|---|---|---|---|
| ११ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ७,८०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ३,९०,०००.०० |
| | | उदय बुद्ध विहारदेखि सानो रिघा सम्म सडकसँग जोडिएका जग्गाहरू। | १३,४०,०००.०० |
| | | बौद्ध बिहारदेखि सानो रिघा सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,७०,०००.०० |
| | | वडा नं. ९ को सिमानादेखि बडिगाड गाउँपालिकासम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | २२,२०,०००.०० |
| | | वडा नं. ९ को सिमानादेखि बडिगाड गाउपालिकासम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएका जग्गाहरू। | ११,१०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,२७,५००.०० |
| | | चाहार | ८७,०००.०० |
| | | दोयम | १,११,०००.०० |
| | | सिम | ९४,५००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ८५,०००.०० |
| | | चाहार | ५८,०००.०० |
| | | दोयम | ७४,०००.०० |
| | | सिम | ६३,०००.०० |

| | | | |
|---|---|---|---|
| २ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | ओडारको पक्की पुलदेखि राम्चे जाने पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,२०,०००.०० |
| | | ओडारको पक्की पुलदेखि राम्चे जाने पहिलो घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ५,६०,०००.०० |
| | | नरेठाँटीको बजारदेखि बगरको पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ९,६०,०००.०० |
| | | नरेठाँटीको बजारदेखि बगरको पहिलो घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | नरेठाँटीको फलाटे चोकदेखि फलाटे डाँडाँ( विद्युत कार्यालय जोड्ने झोलुङ्गे पुल) सम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,४०,०००.०० |
| | | नरेठाँटीको फलाटे चोकदेखि फलाटे डाँडाँ( विद्युत कार्यालय जोड्ने झोलुङ्गे पुल) सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,२०,०००.०० |
| | | बजेनी खोल्सादेखि ६० मिटर उत्तर तर्फ सडकसँग जोडिएका जग्गाहरू। | ८,४०,०००.०० |
| | | बजेनी खोल्सादेखि ६० मिटर उत्तर तर्फ सडकसँग नजोडिएका जग्गाहरू। | ४,२०,०००.०० |
| | | मध्य पहाडी लोक मार्ग,नरेठाँटी बजार हुँदै कल्लेरीको पक्की पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | १२,४०,०००.०० |
| | | मध्य पहाडी लोक मार्ग, नरेठाँटी बजार हुँदै कल्लेरीको पक्की पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,२०,०००.०० |
| | | वडा नं. ४ को सिमानादेखि स्वास्थ्य चौकी चोकसम्म मध्य पहाडी लोक मार्गसँग जोडिएको जग्गाहरू। | १९,२०,०००.०० |
| | | वडा नं. ४ को सिमानादेखि स्वास्थ्य चौकी चोकसम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएको जग्गाहरू। | ९,६०,०००.०० |
| | | स्वास्थ्य चौकी चोकदेखि ट्रस पुलसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,७०,०००.०० |
| | | स्वास्थ्य चौकी चोकदेखि ट्रस पुलसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ५,८५,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| | | | |
|---|---|---|---|
| ३ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | घट्टे खोलादेखि धनराज अधिकारीको घरसम्म सडकसँग जोडिएका जग्गाहरू। | ३०,४०,०००.०० |
| | | घट्टे खोलादेखि धनराज अधिकारीको घरसम्म सडकसँग नजोडिएका जग्गाहरू। | १५,२०,०००.०० |
| | | चिया चौतारादेखि लाकुरी बोटसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,६०,०००.०० |
| | | चिया चौतारादेखि लाकुरी बोटसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,३०,०००.०० |
| | | जुके खोलादेखि पश्चिम तर्फ २०० सम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ३३,६०,०००.०० |
| | | जुके खोलादेखि पश्चिम तर्फ २०० सम्म मध्य पहाडी लोक मार्गसँग नजोडिएका जग्गाहरू। | १६,८०,०००.०० |
| | | पेट्रोल पम्पको पूर्व तर्फको खोल्सीदेखि भैँसेको पुलसम्म मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ५१,४७,०००.०० |
| | | रजंरादेखि चिदारी खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | २७,०५,०००.०० |
| | | रजंरादेखि बराह चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,१०,०००.०० |
| | | लमाई, बेसीफाँटको सम्पूर्ण क्षेत्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २५,२०,०००.०० |
| | | लमाई, बेसीफाँटको सम्पूर्ण क्षेत्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | १२,१०,०००.०० |
| | | हटिया बजार क्षेत्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २८,१०,०००.०० |
| | | हटिया बजार क्षेत्र सहायक सडकसँग नजोडिएका जग्गाहरू। | २४,०५,०००.०० |
| | | हटिया बजारदेखि कोत मैदान जाने पहिलो घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | १४,४०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
| | | चाहार | १,२४,०००.०० |
| | | दोयम | १,६०,०००.०० |
| | | सिम | १,४२,०००.०० |
| | सडकसँग नजोडिएका कृषि क्षेत्र | अब्बल | ९०,०००.०० |
| | | चाहार | ६२,०००.०० |
| | | दोयम | ८०,०००.०० |
| | | सिम | ७१,०००.०० |

| | | | |
|---|---|---|---|
| ४ | आवासीय तथा व्यावसायिक क्षेत्र | अन्य सडकसँग जोडिएका क्षेत्रहरू। | ९,६०,०००.०० |
| | | अन्य सडकसँग नजोडिएका क्षेत्रहरू। | ४,८०,०००.०० |
| | | एस.बि. आईबैंकदेखि जुके खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,००,०००.०० |
| | | एस.बि. आईबैंकदेखि जुके खोला चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,००,०००.०० |
| | | चमुवा खोलाबाट डिही तर्फ १५० मिटरसम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,००,०००.०० |
| | | चमुवा खोलाबाट डिही तर्फ १५० मिटरसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | डाँडाखेत क्षेत्रभित्र सडकसँग नजोडिएका जग्गाहरू। | १४,४०,०००.०० |
| | | डाँडाखेत क्षेत्रभित्र सहायक सडकसँग जोडिएका जग्गाहरू। | २८,८०,०००.०० |
| | | डिहि चोकदेखि भयरखर्क चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | १२,००,०००.०० |
| | | डिहि चोकदेखि भयरखर्क चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ६,००,०००.०० |
| | | बुढारेको घुम्तीदेखि मिलको घुम्तीसम्म सडकसँग जोडिएका जग्गाहरू। | ११,२०,०००.०० |
| | | बुढारेको घुम्तीदेखि मिलको घुम्तीसम्म सडकसँग नजोडिएका जग्गाहरू | ५,६०,०००.०० |
| | | बौरको घुम्तीदेखि खरुवा चोक हुँदै चमुवा खोला चोकसम्म सडकसँग जोडिएका जग्गाहरू। | ९,६०,०००.०० |
| | | बौरको घुम्तीदेखि खरुवा चोक हुँदै चमुवा खोला चोकसम्म सडकसँग नजोडिएका जग्गाहरू। | ४,८०,०००.०० |
| | | भयखर्क चोक, बौर घुम्ती हुँदै खरुवा जाने चोक सम्म सडकसँग जोडिएका जग्गाहरू। | १६,३०,०००.०० |
| | | भयखर्क चोक, बौर घुम्ती हुँदै खरुवा जाने चोक सम्म सडकसँग नजोडिएका जग्गाहरू। | ८,१५,०००.०० |
| | | मध्य पहाडी लोक मार्गसँग जोडिएका जग्गाहरू। | ३३,६०,०००.०० |
| | | वडा कार्यालयदेखि स्वास्थ्य चौकी हुँदै भेडी खाल्टाको डाँडासम्म सडकसँग जोडीका जग्गाहरू। | १४,४०,०००.०० |
| | | वडा कार्यालयदेखि स्वास्थ्य चौकी हुँदै भेडी खाल्टाको डाँडासम्म सडकसँग नजोडिएका जग्गाहरू। | ७,२०,०००.०० |
| | सडकसँग जोडिएका कृषि क्षेत्र | अब्बल | १,८०,०००.०० |
